
संख्या ७, असोज २०६४

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन

## संविधान सभा




# मानव बेचबिखनबाट प्रभावितहरूको स्थान

- हिंसा कहिलेसम्म ?
- संविधानसभामा प्रभावितहरूको स्थान
- एटविनको एक दशक र अबको बाटो

# एटविन गतिविधिका झलक



मानव बेचबिखनसम्बन्धी नयाँ कानुन- २०६४ सम्बन्धित पत्रकार सम्मेलन


बेचबिखनबाट प्रभावितहरूको 'न्यायमा पहुँच' कार्यक्रमका सहभागीहरू


सम्मान पत्र ग्रहण गर्दै शक्ति समूह


राष्ट्रिय नीतिसम्बन्धी परामर्श गोष्ठी



राष्ट्रिय नीतिसम्बन्धी परामर्श गोष्ठी



साधारणसभा तथा सचिवालय हस्तान्तरण कार्यक्रम



बेचबिखनबाट प्रभावित महिलाहरूको प्रथम राष्ट्रिय भेला

# ओसारपसार

संख्या ७, असोज २०६४

**सल्लाहकार**
देवी अधिकारी

**सम्पादक**
अनिल अधिकारी

**उप-सम्पादक**
जया लुईंटेल
पूर्णकला शर्मा

**संयोजक**
बेनुमाया गुरुङ


**व्यवस्थापक**
बन्दना शाखः

**डिजाइन**
ग्राफिक वर्कशप
बागवजार, काठमाडौं
फोन : ४२४२०७२

**मुद्रण**
कन्चन प्रिन्टिङ प्रेस
बागवजार, काठमाडौं

**प्रकाशक**
महिला तथा बालबालिका बेचबिखनविरुद्ध
सहकर्मी समूह (एटविन)
पो.ब.नं. १००८६, काठमाडौं, नेपाल
फोन : ४२२९७८७, ४२२९७८७
फ्याक्स : ४२४०७०९
इमेल : aatwin@wlink.com.np


## यस अङ्कको तस्वीर



## विषयसूचि


- नयाँ नेपालमा प्रभावितहरूको स्थान ! *(सम्पादकीय)* २
- संविधानसभामा महिला सहभागिताको सुनिश्चितता - मीना विष्ट ३
- यौन दासता बाध्यता हो - सरोजराज अधिकारी ५
- नयाँ नेपालको नयाँ संविधानमा युवा र बालबालिका - मिलन धरेल ६
- चेलिबेटी बेचबिखनविरुद्ध भगवतीको यात्रा - अम्बिका पौडेल ८
- संविधानसभामा प्रभावितहरूको स्थान - नानीमाया थापा ९
- कानुनी विभेद र महिलामाथि हुने हिंसाका घटना - प्रताप विष्ट ११
- नारी सम्वेदनशीलतामा आधारित प्रकृति उपत्यास - रामकृष्ण ढकाल १३
- नयाँ नेपालमा संविधानसभा र महिला सहभागिता - जया लुईंटेल १४
- चेलीलाई सन्देश - अनिता श्रेष्ठ 'अर्पिता' १५
- सानाको काम १५
- कृष्णमाया र उनको कथा - अनिता श्रेष्ठ १७
- हिंसा कहिलेसम्म ? - देवी अधिकारी १८
- बेचबिखनबाट प्रभावित महिलाहरूको प्रथम ऐतिहासिक राष्ट्रिय भेला - सुनिता दनुवार २०
- महिला हिंसाका भिन्नभिन्न स्वरुप - अनिल अधिकारी २२
- बेचबिखनमा परेका प्रभावितहरूलाई मनोविमर्शको आवश्यकता - पूर्णकला कोइराला २४
- एटविनको एक दशक र अबको बाटो - कुमार भट्टराई २६
- नेपाल ग्रामिण पुनर्निर्माण संस्था - सर्वज्ञराज खड्का/सोम राई २९
- राज्यको संरचनामा महिला सहभागिता - विष्णु ओझा ३०
- महिलाले पहिले राजनीतिक अधिकारमाथि आफ्नो हक स्थापित गर्नुपर्छ *(अन्तर्वार्ता)* - शारदा पोखरेल ३३
- एटविनका धारणाहरू ३५
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ३७
- गतिविधि ४१
- एटविन सदस्य संस्थाहरूको नामावली ४३



**ओसारपसारको यस अङ्क कारितास नेपालको सहयोगमा प्रकाशन गरिएको हो ।**


- ओसारपसारमा प्रकाशित विचारहरू लेखकमा निजी हुन् ।
- *यौन दासता बाध्यता हो र चेलिबेटी बेचबिखनविरुद्ध भगवतीको यात्रा* नामक लेखहरू नेपाल साप्ताहिकबाट साभार गरिएका हुन् । स.

सम्पादकीय

# नयाँ नेपालमा प्रभावितहरुको स्थान !

जनआन्दोलन-२ ले ल्याएको परिवर्तन नयाँ नेपालको आधारशीला हो । सम्पूर्ण राष्ट्र आज नयाँ नेपालको निर्माणको क्रममा अघि बढिरहेको समयमा आधा आकाश ढाकेका नेपाली नारीहरू भने महिला बेचबिखन, लैङ्गीक हिंसा र महिला विभेद जस्ता रोगहरूविरुद्ध सङ्घर्ष गरिरहनुपरेको छ । पितृसत्तात्मक सामाजिक संरचना, पुरातनवादी संस्कार, राज्यको विभेदकारी नीति-नियमको प्रभावबाट महिलाहरू हिजोजस्तै आजपनि मुक्त हुनसकेका छैनन् । संविधानसभाको मिति तय भइसकेको अवस्थामा यसको कार्यक्रम स्थगित हुन पुगको छ । माओवादी ढिपी र राजनीतिक दलहरूको अदूरदर्शिताका कारण सङ्घारमै पुगेको अवस्थामा संविधानसभा निर्वाचन स्थगित हुनु बिडम्बना मात्र नभई राष्ट्रले ठूलो आर्थिक क्षतिसमेत व्यहोर्न पुगेको छ, तर चाँडो या ढिलो संविधानसभा अवश्यम्भावी छ ।

संविधानसभाको निर्वाचनद्वारा संविधान बनाउने सदस्यहरू चुनिने, ती सदस्य प्रतिनिधिहरूले नेपालको संविधानको नक्सा कोर्नेछन् । नयाँ नेपालको खाका कोर्ने जग संविधानसभा भएकोले पुरुषको दाँजोमा पछि पारिएका महिलाहरूको स्थान संविधानसभामा सुनिश्चित हुनु अत्यन्त आवश्यक छ । अन्तरिम व्यवस्थापिकामा हाल रहेको महिला प्रतिनिधित्व १७.% लाई संविधानसभामा ३३% पुऱ्याउने लक्ष्य राखिएको बताइन्छ । यो सहभागितामा लाखौंको सङ्ख्यामा रहेका बेचबिखनबाट प्रभावित महिलाहरूको पनि प्रतिनिधित्व हुनुपर्दछ भन्ने हाम्रो चासो हो । संसारमै बेचबिखनबाट प्रभावित महिलाहरूको पहिलो संस्था भनी परिचय दिँदै हिँडेको **शक्ति समूह**ले संविधानसभामा प्रभावितहरूको स्थान सुनिश्चित होस भनी ठाउँ ठाउँमा अन्तरक्रिया, गोष्ठी र छलफल चलाउन सुरु गरिसकेबाट पनि विषयको गम्भीरतालाई अझ बढी बुझ्न सकिन्छ । प्रभावितहरूको हक र अधिकारलाई स-सम्मान स्थापित गर्न उनीहरूको उद्दार, क्षतिपूर्ति, पुनर्स्थापना, सामाजिकीकरण, निःशुल्क स्वास्थ्योपचार, गाँस, बास र सुरक्षाको सुनिश्चितताका निम्ति निःशुल्क शिक्षा, नागरिकता र वैकल्पिक रोजगारको ग्यारेन्टी गर्न र कानुनी न्यायको व्यवस्था गर्नको निम्ति आवाज उठाउन पनि संविधानसभामा प्रभावितहरूबाटै प्रतिनिधित्व हुनु जरुरी छ ।

विकासको रणनीतिहरूको उद्विकासको क्रमलाई हेर्ने हो भनेपनि माथिबाट तल जाने रणनीति हुँदै अहिले आएर विकासको जग तलबाट माथि जाने लगायत विकासमा पछि परेका वर्गलाई पहिलो प्राथमिकतामा ल्याउनुपर्ने (putting the last first) रणनीति महत्वपूर्ण रूपले अवलम्बन गरिएको छ । यसर्थमा ठूलो सङ्ख्यामा रहेका सामाजिक न्यायबाट बञ्चित पछिल्ला पङ्क्तिका प्रभावित महिलाहरूलाई नीति, नियम र निर्णायक तहको अघिल्लो पङ्क्तिमा ल्याउन जरुरी छ । प्रभावितहरूले आफ्नो हक, अधिकार र सामाजिक न्याय स्थापना गर्न आवाज उठाउन सक्ने सबैभन्दा ठूलो आधारशीला हो संविधानसभा, जहाँ प्रभावितहरूको कुनै प्रतिनिधि नपुगेसम्म उनीहरूको समस्या समस्यै रहने सम्भावना उत्तिकै छ । तर त्यस्ता प्रतिनिधि नेतृत्वदायी भूमिका बहन गर्नसक्ने र ठोस लक्ष्य भएको, केही गर्ने इच्छाशक्ति भएको कुशल र दूरदर्शी भने हुनुपर्छ ।

# संविधानसभामा महिला सहभागिताको सुनिश्चितता



❑ मिना विष्ट

जनताले आफ्नो संविधान आफैंले बनाउने लोकतान्त्रिक पद्धति विश्वमा लोकप्रिय र टिकाउ भएकोले जनताको प्रतिनिधिद्वारा संविधान निर्माण गर्ने प्रक्रियाको थालनी नेपालमा भएको छ । ढिलो या चाँडो यो प्रक्रियाले नेपालको सशस्त्र द्वन्द्वको अन्त्य हुने, स्थायी शान्तिको स्थापना, जनआन्दोलन- २ को उपलब्धिको रक्षा, राज्यको पुनर्संरचना र समावेशी लोकतन्त्रको स्थापना हुने अपेक्षा जनताले गरेका छन् । यस पृष्ठभूमिमा देशको आधाभन्दा बढी जनसंख्या रहेको महिलाको सहभागिता संविधान निर्माणमा अत्यन्त महत्त्वपूर्ण हुने कुरामा दुईमत हुन सक्दैन ।

संविधानसभामा महिलाको सहभागिता बढाउनका लागि र महिला अधिकारका सवाललाई अब बन्ने नयाँ संविधानमा समावेश गर्नका लागि समेत संविधानसभामा महिलाको समान सहभागिता सुनिश्चित हुनु जरुरी छ । यसका लागि महिलाहरूबाट मात्र होइन सबै क्षेत्र र वर्गबाट प्रयास हुनु पर्दछ । त्यस्ता प्रयासहरूमध्ये एउटा कुरा महिलाहरूको सहभागितालाई प्रोत्साहित गरिनुपर्दछ ।

महिला सहभागिताका लागि प्रोत्साहनका क्षेत्रहरूको पहिचान, राजनीतिमा महिला सहभागितामार्फत हुनसक्ने महिलाहरूको अधिकारका कुराहरू, महिलाहरूले वर्तमानमा भोग्नुपरेका कठिनाइहरू र यसको उपचारका लागि भविष्यमा गर्नुपर्ने कामका लागि महिलाहरूको भूमिकाका बारेमा समेत उनीहरूलाई बुझाउनु जरुरी छ ।

त्यसैगरी महिलाका सवालमा विद्यमान विभेदकारी कानुनहरू र प्रावधानहरूलाई नयाँ नेपाल निर्माणको सम्बन्धमा समयानुकूल परिवर्तन गर्दै जानका लागि समेत महिला सहभागिता अनिवार्य छ । यी सबै कुराहरूमा महिलाहरूको संलग्नता ग्रामिण तहदेखि राष्ट्रिय तहसम्म नै हुनु अनिवार्य छ ।

अहिले महिलाको अवस्थालाई सुधार गर्ने होइन, महिला स्वयम्लाई सक्षम र सवल बनाउने भन्ने धारणाले घर गरिरहेको समयमा महिलालाई घर बाहिर ल्याउने मात्र होइन आफ्नो अधिकारको माग गर्नसक्ने बनाउनु पनि हो । यसका लागि संविधान देशको मूल कानुन हो भन्ने कुरा सर्वप्रथम महिला वर्गमा बुझाउनु जरुरी छ ।

यसै संविधानका आधारमा अन्य कानुनहरू बन्ने भएकाले कानुनको मूल आधारमा नै महिलाहरूको हस्तक्षेप जरुरी हुन्छ । यसका लागि हरेक क्षेत्रका महिलाहरूले महिला सहभागिता के गरेर बढाउन सकिन्छ संविधानसभाको निर्वाचनमा सो कुराको खोजी गर्नु जरुरी हुन्छ । यसका लागि निम्न तथ्याङ्कहरूको विश्लेषण र अध्ययनले समेत महिला सहभागिताको अनिवार्यतालाई पुष्टि गर्दछ ।

- कूल जनसङ्ख्याको ५०.०८ प्रतिशत महिला रहेका छन् ।
- विगतको संसदमा ५ प्रतिशत भन्दा कम उपस्थिति रहेको महिलाको सङ्ख्या हालको अन्तरिम व्यवस्थापिका संसदमा १७ प्रतिशत रहेको छ ।
- राजनीतिक निर्णयका क्षेत्रमा अहिले पनि २ जना महिला मात्र मन्त्रिमण्डलमा छन् ।
- महिला साक्षरता प्रतिशत ४२.८ प्रतिशत मात्र रहेको छ ।
- कृषि क्षेत्रमा ७२.८ प्रतिशत महिला काम गर्छन् ।
- घर सम्पत्ति आफ्नो नाउँमा भएको महिलाको सङ्ख्या १४.९ प्रतिशत छ ।
- वर्तमान पुरुषप्रधान समाजमा महिलालाई हेर्ने सामाजिक दृष्टिकोण, उनीहरूप्रतिको मूल्य र मान्यता एकदमै त्रुटिपूर्ण र रुढीवादी छ ।

**महिलाका सवालमा विद्यमान विभेदकारी कानुनहरू र प्रावधानहरूलाई नयाँ नेपाल निर्माणको सम्बन्धमा समयानुकूल परिवर्तन गर्दै जानका लागि समेत महिला सहभागिता अनिवार्य छ ।**

■ अझैपनि महिलालाई घरेलु काम गर्ने, बच्चा जन्माउने वा यौन मनोरञ्जनका साधनका रूपमा हेरिने गरेको पाइन्छ ।

■ जागरण नेपालले गरेको ११ जिल्लाको सर्वेक्षणअनुसार १ हजार २ सय २१ जिल्ला समितिका सदस्यहरू मध्ये ११६ जना (९.७ प्रतिशत) मात्र महिला छन् ।

■ नेपालका प्रमुख पार्टीहरूका केन्द्रीय समितिमा महिला सदस्य सङ्ख्या ९ प्रतिशत पाइन्छ ।

**संविधानसभामा महिला सहभागिताको अन्तर्राष्ट्रिय अनुभव**

विश्वका धेरै देशहरूको अनुभवबाट संविधान निर्माण प्रक्रियालाई महिलाहरूले आफ्नो दमित स्वर सुनाउने माध्यमका रूपमा लिएको पाइन्छ जसअनुसार,

■ सन् १९८६ मा निकारागुवाका सयौं महिलाहरूको सहभागितामा बनेको संविधानले महिला अधिकार सुनिश्चित गरेता पनि संविधानको भाषाप्रति असन्तोष प्रकट गरेर सबैलाई चकित तुल्याए ।

■ युगान्डाको दसवर्षे संविधान निर्माण प्रक्रियामा महिला अधिकारको संरक्षण र सम्बर्द्धनका निम्ति उल्लेख्य महिला सहभागिता देखियो ।

■ जनसङ्ख्याको ६३ प्रतिशत ओगट्ने कम्बोडियाली महिलाहरूले पनि १९९२-९३ मा भएको संविधान निर्माण प्रक्रियामा आफ्नो सहभागिताका निम्ति ठूलो पहल गरे । कम्बोडियामा जनसङ्ख्याको ठूलो हिस्सा महिलाले ओगटेका थिए । त्यहाँको १२ निर्वाचन आयुक्तमध्ये तीन महिला रहे ।

■ दक्षिण अफ्रिकामा संविधानसभामा महिलाहरूले आफ्नो स्थान सुरक्षित गरेर लैङ्गिक समानताको पक्षमा र भेदभाव विरोधी कानुन निर्माण गरे ।

**महिला अधिकार, महिलाको मानव अधिकार**

आधाभन्दा बढी जनसङ्ख्यालाई पछाडि पारेर त्यस समाज वा राष्ट्रको समग्र विकासको कल्पना गर्न सकिन्न । त्यसैले महिला तथा पुरुषको समविकासको अवधारणालाई अझ मूर्तरुप दिन महिला अधिकारलाई सुनिश्चित गर्नु आवश्यक छ । महिला अधिकारको सुनिश्चितताका लागि संविधानसभाको निर्वाचनमा महिलाका सवालहरूलाई जोडले उठाउनु पर्दछ ।

संविधान देशकै मूल कानुन भएकाले महिलाका हक अधिकारलाई भविष्यमा बन्ने संविधानमा उल्लेख गर्न सक्यौं भने महिलाको अवस्था सुधार गर्न कानुनी बाटोहरू बन्दै जानेछन् । महिलाहरूलाई जनसङ्ख्याका आधारमा राजनीतिमा समानुपातिक सहभागिताको व्यवस्था, नीति निर्माण तहमा, राष्ट्रिय योजनामा, राष्ट्रसेवाका हरेक क्षेत्रमा प्रतिनिधित्व हुने व्यवस्था भावी संविधानमा व्यवस्थित हुनु पर्दछ । यसका लागि संविधानसभाको निर्वाचनमा उमेदवार हुने हरेक दलका उमेदवारले महिला अधिकारलाई मुख्य सवालका रूपमा उठाउन् भन्ने हाम्रो आशय हो ।

**संविधानसभा निर्वाचनमा महिला अधिकारका सवालहरू के के हुन सक्दछन् ?**

नेपालले महिलाको अधिकार सुनिश्चित गर्ने अन्तर्राष्ट्रिय प्रावधानहरू, महिला भेदभाव उन्मुलन विरुद्धको महासन्धि १९७९, बेइजिङ घोषणाका १२ बुँदाहरू आदि कुराहरूलाई मान्ने प्रतिबद्धता जाहेर गरेको छ । त्यसैगरी नेपालको अन्तरिम संविधान २०६३ को धारा २० ले महिलाहरूको हक अधिकारको छुट्टै व्यवस्था गरेको छ जुन निम्न छन् :

■ जसअनुसार महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन ।

■ प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुनेछ ।

■ कुनै पनि महिलाविरुद्ध शारीरिक मानसिक वा अन्य हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ ।

■ पैतृक सम्पत्तिमा छोराछोरीलाई समान हक हुनेछ ।

■ बाबु वा आमाको नामबाट समेत नागरिकता पाउने व्यवस्था धारा ८ ले गरेको छ ।

■ धारा १३ को ४ ले महिलापुरुषले समान काम गर्दा समान पारिश्रमिक पाउने व्यवस्था गरेको छ ।

तर अझै पनि महिलाले पूर्ण अधिकार पाउने सुनिश्चितता यस संविधानले गर्न सकेको छैन । सो का लागि अब संविधानसभाले बनाउने नयाँ संविधानमा महिलाहरूले सामाजिक न्याय पाउनु पर्दछ । हालको अन्तरिम संविधानसभामा

■■

**महिलाहरूलाई जनसङ्ख्याका आधारमा राजनीतिमा समानुपातिक सहभागिताको व्यवस्था, नीति निर्माण तहमा, राष्ट्रिय योजनामा, राष्ट्रसेवाका हरेक क्षेत्रमा प्रतिनिधित्व हुने व्यवस्था भावी संविधानमा व्यवस्थित हुनु पर्दछ ।**

■■

महिला उम्मेदवार ३३ प्रतिशत उठाउने कुरा मात्र गरिएको छ । त्यसैले उठाउने कुरा मात्र हैन संविधानसभामा समानुपातिक सहभागिताको सुनिश्चितताको ग्यारेण्टी हुनैपर्ने कुरा पूर्ण हो । त्यसैले वर्तमान संविधानसभाको निर्वाचनमा सबै राजनीतिक दलहरूले राज्यले घोषणा गरेको न्यूनतम ३३ प्रतिशत महिलाहरूको प्रतिनिधित्व हुने सुनिश्चितताको रणनीति अख्तियार गर्नु जरुरी छ तर हामी नागरिक समाजहरूले ३३ प्रतिशतमात्र हैन समानुपातिक सहभागिताको मागका लागि आवाज उठाउनु जरुरी छ । सो का लागि संवैधानिक व्यवस्था गर्नु पर्दछ ।

समानुपातिक सहभागिता भनेको जनसंख्याको आधारमा सहभागिता हो । अधिकार मागेर हैन लडेर लिनुपर्ने कुरालाई मूल मन्त्रको रूपमा लिदै सहभागिताको सुनिश्चितताको लागि महिलाहरू स्वयं पनि त्यत्तिकै सशक्त रूपमा अगाडि बढनु पर्दछ ।

दोस्रो पटक स्थगित संविधानसभाको मिति छिट्टै निश्चित हुने कुरामा आशा गर्न सकिन्छ । अब हुने संविधानसभाले बनाउने संविधानमा महिलाका सवालहरू उजागर हुन सकेनन् भने फेरि पनि महिलाका सवालहरू सयौंवर्ष पछिसम्म पनि यथावत रहने कुरामा दुई मत छैन । साथै, महिलाहरूको हरेक क्षेत्रमा समानुपातिक सहभागिता सुनिश्चित गर्ने संविधानसभामा महिला स्वयम्को अर्थपूर्ण सहभागिता नरहने हो भने महिलाका मानव अधिकारहरू फेरि पनि कुण्ठित हुनेछन् ।

*(लेखिका जागरण नेपाल नामक गैससकी कार्यक्रम संयोजक हुनुहुन्छ ।)*

**सन्दर्भ**

# यौनदासता बाध्यता हो

**❑ सरोजराज अधिकारी**

रमा देवनाथको परिचय केही वर्ष पहिलेसम्म यौनकर्मीकै रूपमा सीमित थियो । पारिवारिक र आर्थिक समस्याका कारण नै २९ वर्षीया रमा तीन सन्तानकी आमा भएर पनि यौनपेशामा बाध्य भएर होमिन पुगेकी थिइन् । तर परिवारलाई रमाको पेशाको कुनै सुइकोसम्म थिएन ।

भारतका यौनकर्मीहरूको संस्था दरबार महिला समन्वय समिति (डिएमएससी) को सदस्य र त्यसपछि सन् २००३ मा डिएमएससीको अध्यक्षमा निर्वाचित भएपछि रमा भारत, आन्ध्रप्रदेशभरका यौनकर्मी महिलाकी नेतृ बन्न पुगिन् ।

गत वर्ष काठमाडौंमा आयोजित एक कार्यक्रममा रमा देवनाथले यौनकर्मीको हक अधिकारको विषयमा लामो प्रवचन दिँदै नेपालका यौनकर्मीहरू पनि संगठित हुनुपर्ने बताइन् ।

रमाका अनुसार डिएमएससी यौनकर्मी महिलाको हकहित र सुरक्षामा समर्पित एक सामाजिक संस्था हो । भारत, आन्ध्रप्रदेशभर यसका ४७ वटा शाखाहरूमा ६५ हजार यौनकर्मी महिला आबद्ध छन् ।

त्यसमध्ये नेपालीचाहिँ कति छन् त भनेर प्रश्न राख्दा रमाले भनिन्, 'ठ्याक्कै यति छन् भनेर भन्न सक्दिन । किनकी, हामीले त्यसरी बर्गीकरण गर्ने गरेका छैनौं ।'

बिना भेदभाव सबैलाई समान सेवा प्रदान गर्दै आइरहेको डिएमएससीले यौन व्यवसायमा लागेकाहरूलाई आर्थिक लगायतका अन्य शोषणबाट समेत जोगाउँछ भने एचआइभी/एड्सजस्ता यौनजन्य रोगहरूबाट कसरी सुरक्षित रहने भन्ने चेतना जगाउने, अन्य नागरिकसरह भएकाले उनीहरूका मौलिक हकका पक्षमा आवाज उठाउनेजस्ता काम यो संस्थाले गर्दै आइरहेको छ ।



यौनकर्मीको विषयमा संस्थाको धारणा राख्दै रमा अगाडि भन्छिन्, 'कोही स्वेच्छाले लागेका छन् र लाग्न चाहन्छन् भने हामी उनीहरूलाई रोक्दैनौं । तर, कम उमेरका तथा जबर्जस्ती यौन व्यवसायमा लागिरहेकाहरूलाई उनीहरूकै घर फिर्ता गर्न हामी मद्दत गर्छौं ।'

विभिन्न प्राविधिक कठिनाइका कारण नेपाली युवतीलाई फर्काउन भने नसकेको रमा बताउँछिन् । यौनकर्मी महिलाप्रति समाजका नेता, बुद्धिजिवीहरूको धारणा अझै सकारात्मक नभइसकेको उनको धारणा छ । 'सहयोगको त के कुरा उल्टै प्रहरी प्रशासनबाट यौनकर्मी महिलाले निकै सास्ती खेप्नु परेको छ ।', रमा भन्छिन्, 'तर हामी यस परिस्थितिमा सुधार ल्याउन चाहन्छौं ।'

केही अपवादबाहेक यौनकर्म कसैको रहर बन्न नसक्ने बरु यो त महिलाको बाध्यता हो भन्छिन् उनी । नेपालको सन्दर्भमा, 'यहाँ त अवस्था झनै जटिल छ भन्ने सुनेकी छु । तर, सबै एकजुट भएमा सामाजिक अपहेलना, शोषणजस्ता कुराहरूमा क्रमिक सुधार ल्याउन सकिन्छ र म यही सन्देश दिन नेपाल आएकी हुँ, रमा भन्छिन् ।



# नयाँ नेपालको नयाँ संविधानमा युवा र बालबालिका

❑ मिलन धरेल

लोकतन्त्रको प्राप्ति र त्यसअघिदेखि नै संविधानसभाको चर्चा र नयाँ नेपालको निर्माणको लागि नेपाली नागरिकहरूले आफैले आफ्नो संविधान निर्माण गर्ने आवाजहरू उठिरहेको अवस्थामा असोज १८ गते स्थगित हुन पुगेको संविधानसभाको चुनाव छिट्टै नै मूलधारका राजनीतिक दलहरूको सहमतिमा तय हुने अपेक्षालाई नकार्न मिल्दैन । अब हुने संविधानसभामा सबै तह र वर्गका नेपाली नागरिकहरू नयाँ संविधानसहितको नयाँ नेपालमा आफ्नो अधिकार, कर्तव्य तथा भूमिका कस्तो हुने भन्ने सन्दर्भमा अत्यन्तै गम्भीर भएर लागि परेका छन् । यसै सन्दर्भमा संविधानसभाबारे थुप्रै बहस, छलफल र गोष्ठीहरू तथा गाउँ गाउँमा यससम्बन्धी अन्तर्क्रियाहरू पनि सञ्चालन भइरहेका छन् ।

**आउने संविधानसभा र नयाँ संविधान बन्ने प्रक्रियामा बालबालिकाको अधिकारलाई सुनिश्चित गराउने एउटा महत्त्वपूर्ण अवसर प्राप्त भएको छ र यसलाई पूर्णतया उपभोग गर्न जरुरी छ ।**

देशको यति ठूलो युगान्तकारी अवसर र सन्दर्भले आधाभन्दा बढी हिस्सा ओगटेका बालबालिका र युवाहरूलाई पनि संविधानसभा र त्यसबाट बन्ने संविधानको चर्चाले प्रभावित नपार्ने कुरै भएन । जुनसुकै जातजाति, क्षेत्र, प्रदेश वा वर्गका बालबालिका भए पनि वर्तमान अवस्थामा उनीहरू आफ्ना मौलिक अधिकारहरू, विकासका सम्भावनाहरू तथा सहभागिताका अवसरहरूबाट बञ्चित भइरहेका छन् । फलतः समग्र देशको सामाजिक आर्थिक अवस्था र त्यसको विकासमा नै गम्भीर अड्चनहरू आइपरेको छ । बालबालिकाहरू वर्तमानका प्रतिबिम्ब तथा भविष्यका कर्णधार मात्र होइनन् सामाजिक परिवर्तनका प्रभावकारी सम्बाहक पनि हुन् । तर आज तथ्याङ्कहरूलाई हेर्ने हो भने लाखौं बालबालिकाहरू अकालमै ज्यान गुमाइरहेका छन् । लाखौं बालबालिकाहरू पढ्ने र विकास गर्ने अवसरमा विद्यालयबाट बाहिर अनि विभिन्नखाले जोखिमपूर्ण श्रममा संलग्न भइरहेका छन । ठूलो सङ्ख्यामा बालबालिकाहरू हिंसा, भेदभाव, शोषण र दुर्व्यवहारको शिकार भइरहेका छन् ।

बालबालिकाको अवस्थामा सुधार ल्याउन तथा उनीहरूको हक अधिकारको संरक्षण गर्दै विकासका सम्भावना र अवसरहरू सुनिश्चित गर्न संविधानसभाबाट बन्ने नयाँ संविधानमा मूलतः तीन अधिकारहरूलाई मौलिक हकभित्र राख्नुपर्ने देखिन्छ ।

**शिक्षाको अधिकार** : शिक्षाको अधिकार बालबाबिलकाको लागि मात्र नभई सबै युवा तथा वयस्कहरूको लागि पनि आवश्यक पहिलो अधिकार हो । बालबालिकाको हकमा त यो झनै महत्वपूर्ण छ । शिक्षाले बालबालिकालाई सशक्त बनाउँदछ, सम्भावित हिंसा, दुर्व्यवहार र शोषणको खतरा कम गर्दछ । भविष्यमा एक सचेत र सशक्त नागरिकको रूपमा अघि बढ्न अवसरहरू प्रदान गर्ने काम यसले गर्दछ । आज मुलुकका लाखौं बालबालिकाहरू शिक्षाको अवसरबाट बञ्चित भइरहेका छन् भने अर्कोतर्फ यसरी शैक्षिक अवसरबाट बञ्चित बालबालिकाहरू नै हिंसा, दुर्व्यवहार, शोषण तथा बेचबिखनको खतरामा परिरहेका छन् । साँच्चै राज्य र हामी नागरिकहरू हाम्रो वर्तमान छवी सफा र सुन्दर तथा भविष्यको समृद्धि सुनिश्चित गर्न चाहन्छौं भने शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्नैपर्ने देखिन्छ ।

**स्वास्थ्यको अधिकार** : स्वास्थ्यको अधिकारलाई पनि मौलिक हकको रूपमा स्थापित गरिनु अति जरुरी छ । आज पनि मातृ मृत्युदर र शिशु मृत्यदरमा नेपाल अगाडि नै छ । वर्षेनी हजारौं बालबालिकाको अकालमै हुने मृत्युमा राज्यले एक असल सम्भाव्यता गुमाइरहेको हुन्छ । सबैभन्दा बढी गरिबीको मारमा रहेका बालबालिकाहरूले उचित स्वास्थ्य सेवाको अवसर प्राप्त गर्ने सम्भावना अत्यन्तै कम मात्र देखिन्छ । त्यसैले यदि राज्य आफ्ना हरेक असल सम्भाव्यताहरूको संरक्षण गर्न चाहन्छ भने सबै नागरिकहरूका लागि स्वास्थ्यको अधिकारलाई मौलिक हकको रूपमा स्थापित गरिनुपर्दछ ।

**संरक्षणको अधिकार** : लामो समयदेखि

जातीय, वर्गीय र क्षेत्रीय उत्पीडनमा पीडित बालबालिकाहरू अत्यन्तै धेरै भेदभाव, दुर्व्यवहार, हिंसा र शोषणको शिकार भइरहेका छन्। दलित समुदायका बालबालिकाहरूलाई आज पनि विद्यालय, सामाजिक कार्यहरूमा भेदभावको शिकार बनाई पछाडी पार्ने काम भइरहेको छ। १८ लाख बालालिकाहरू विभिन्नखाले श्रममा संलग्न छन् भने १ लाख २७ हजार बालबालिका निकृष्ट प्रकारको बालश्रममा संलग्न छन्। दुर्व्यवहार, हिंसा र शोषणले बालबालिकालाई तत्कालीन रूपमा असर पुऱ्याउने मात्र नभई राज्यको विकासमा प्रशस्त सम्भाव्यताका ढोकाहरूलाई कलिलै उमेरमा बन्द गरिदिने र सामाजिक विकृति र विसङ्गतिलाई जरो गाड्ने अवसर प्रदान गर्दछ। राज्यको उत्तरदायित्व यसतर्फ गम्भीर रहेको छ र यसमा ध्यान दिन पनि जरुरी छ। त्यसैले स्थानीय घर परिवारदेखि विद्यालय, समाज र राज्यका हरेक निकायहरूमा बालबालिका सुरक्षित छन् भन्ने कुरा सुनिश्चित गर्न राज्यले बालबालिकाको संरक्षणको अधिकारलाई मौलिक हकको रूपमा नयाँ संविधानमा स्थापित गर्न जरुरी देखिन्छ।

विगतका अनुभवहरूले प्रमाणित गरिसकेको छ कि, राज्यलाई आवश्यक मात्रामा दबाब र पैरवी नगर्ने हो भने राज्यले जतिसुकै गम्भीर र अहम सवालहरू भए पनि त्यसलाई उपेक्षा गर्ने गरेको छ। त्यसैले नागरिक समाज राजनीतिक दल, बालबालिका र युवासँग प्रत्यक्ष सरोकार राख्ने राजनीतिक दलका भातृ संगठनहरू तथा गैरसरकारी संघसंस्थाहरूले बालबालिका र युवाहरूकै सहभागितामा विशेष अभियान सञ्चालन गर्ने र त्यसको नेतृत्व गर्न जरुरी छ। यसका लागि तीन ढङ्गले काम गर्न जरुरी देखिन्छ।

पहिलो संविधानसभाको तयारीको क्रममा राजनीतिक दलहरूले तयार पारेका घोषणापत्रहरूमार्फत स्थानीयस्तरमा चुनावी दृष्टिकोणका साथ अन्तर्क्रिया र सभा सम्मेलनहरूको आयोजना गर्ने तथा प्रचार प्रसारका कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछन्। यस अवसरलाई हामी माथि भनिएका अधिकारहरूलाई सुनिश्चित गर्नका लागि राजनीतिक दलका घोषणापत्र मस्यौदा समितिहरूलाई प्रभावित पार्ने र स्थानीयस्तरमा हुने कार्यक्रमहरूमा यी मौलिक हक सुनिश्चित गर्न ती पार्टी र तिनका उम्मेदवारले पहल गर्ने प्रतिबद्धता व्यक्त गर्न लगाउने तथा यी अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता गर्ने राजनीतिक दल र उसका उम्मेदवारलाई मात्र अभिभावकहरूको भोट भन्ने अभियान सञ्चालन गर्न सक्छौं। यसले गर्दा आवश्यक अधिकारहरूको पक्षमा वकालत गर्ने सही प्रतिनिधि संविधानसभामा सहभागी हुन सक्दछ।

प्रतिनिधिहरू चुनिएर संविधानसभामा आइसकेपछि पनि समानुपातिक प्रतिनिधित्व गर्ने सभासदहरू तथा निर्वाचित भएका प्रतिनिधिहरू मध्येमा नै पनि आवश्यक दबाबहरू सिर्जना गरिरहनुपर्दछ, नत्र भने विगतमा जस्तै जनताका अगाडि गरेका प्रतिबद्धताहरू संविधानसभाको बैठकमा पुग्दा स्मृतिका पानाबाट हराउन सक्छन्। त्यसैले निर्वाचित सभासदहरूलाई निरन्तररूपमा प्रभावित गर्न र आवश्यक दबाब सिर्जना गर्न निरन्तर रूपमा नै भेटघाट, धर्ना, प्रतिनिधिमण्डल तथा अन्य विविध कार्यक्रमहरूको आयोजना गरिरहन पनि उत्तिकै जरुरी छ।

संविधानमा शिक्षा, स्वास्थ्य र संरक्षणको अधिकार मौलिक हकका रूपमा लेखिँदैमा अधिकार सुनिश्चित हुँदैन। यसका लागि त ती प्रावधानहरूको व्यवहारिक रुपान्तरण आवश्यक पर्दछ। यहाँनिर नागरिक समाज र सेवा प्रदायक गैरसरकारी संघ संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहन्छ। संवैधानिक हकको रूपमा यी अधिकारहरू प्राप्त भएपछि यसलाई स्थानीय स्तरसम्म व्यवहारिक रूपमा कार्यान्वयन गर्न गैरसरकारी संघसंस्था तथा सरकारी निकाय र विद्यालयहरूको संयुक्त अभियानहरू निर्माण गरी जनचेतना, सेवा र नीति निर्माण र कार्यान्वयनका लागि आवश्यक सशक्तिकरण तथा पैरवीका कार्यक्रमहरू सञ्चालन गर्न पनि जरुरी छ तब मात्र हामीले सोचेको जस्तो मौलिक हकको रूपमा शिक्षा, स्वास्थ्य र संरक्षण स्थापित हुन सक्दछ।

यदि बालबालिका र युवाहरूको अधिकार सुनिश्चित भएन भने उनीहरूले शिक्षा, स्वास्थ्य र संरक्षणका अवसरहरूबाट बञ्चित भइरहनुपऱ्यो भने जतिसुकै समावेशी, लोकतान्त्रिक, सङ्घीय तथा आत्मनिर्णय र अग्राधिकारसहित राज्यको पुनर्संरचना भए पनि त्यो दीगो र स्थायी हुने छैन र छोटो समयमा नै राज्यले अर्को परिवर्तनको माग गर्नेछ। त्यसैले बारम्बार परिवर्तनका नाममा क्षति नव्यहोर्ने हो भने आजैका मितिदेखि युवा बालबालिकाको यी अधिकारहरू सुनिश्चित गर्न सबैजना अघि बढौं।

*(लेखक सिविस नामक गैससमा कार्यरत हुनुहुन्छ।)*

**बालबालिकाहरू बर्तमानका प्रतिविम्ब तथा भविष्यका कर्णधार मात्र होइनन् सामाजिक परिवर्तनका प्रभावकारी संवाहक पनि हुन्।**

# चेलीबेटी बेचबिखनविरुद्ध भगवतीको यात्रा

❑ अम्बिका पौडेल

महिला बेचबिखनसँग सम्बन्धित एउटा लेख लेखेको कसुरमा आफ्नी सहयात्री मीना पौडेलमाथि साङ्घातिक आक्रमण भएपछि प्रतिरोधमा उत्रिएकी भगवती नेपालले कुनै दिन मीनाजस्तै दर्जनौं सहयात्री फेला पार्छु भन्ने कहिल्यै सोचेकी थिइनन् । तर, अहिले, 'मेरी छोरी, बुहारी बिगारिस्', भन्नेहरू समेतले सहयोग गरेको देख्दा उनलाई गर्व लाग्छ ।

सिन्धुपाल्चोकको सन्दर्भमा चेलीबेटी बेचबिखनलाई लिएर लेख लेख्दा एकजना काल्पनिक पात्रले आफ्नै छोरी बेचेको कुरा पौडेलले आफ्नो लेखमा उल्लेख गरेकी थिइन् । संयोगवस काल्पनिक पात्र भनेर उल्लिखित व्यक्ति वास्तविक हुनपुगेपछि 'बेइज्जति भएको' भन्दै पीडितहरू पौडेलमाथि जाइलागे । 'मीनालाई हैन मलाई मार, भनेर म उनको अगाडि उभिएँ । यो नै मेरो बेचबिखनविरुद्धको पहिलो लडाईं थियो', भगवती स्मरण गर्दै भन्छिन् ।



भगवती नेपाल

भोजपुरमा जन्मेकी र सिन्धुपाल्चोक कर्मथलो बनाएकी भगवती आफू स्वयंले पनि महिलामाथिको हिंसा भोग्नुपरेकै कारण यस अभियानमा लागेको बताउँछिन् । सानै उमेरमा विवाह भएर गएपछि मात्र उनले श्रीमान्को आफू दोस्रो पत्नी भन्ने थाहा पाइन् । 'त्यतिखेरै नारी शोषणविरुद्ध लड्ने इच्छा जागेको थियो । तर, बुझ्दै जाँदा त्यसभन्दा ठूलो त चेलीबेटी बेचबिखनपो रहेछ भनेर यतातिर लागें ।'

पुराना दिनहरू स्मरण गर्दै भगवती भन्छिन्, 'म पनि बेचबिखनमा पर्न सक्थें, अलि चनाखो नभएको भए शायद बेचिन्थें कि !' बालविवाह र बहुविवाह बेचबिखनको प्रमुख कारक भएकाले समस्या त्यहीँबाट उत्पन्न हुने उनी बताउँछिन् ।

त्यतिखेर छोरीमान्छे घरबाहिर सक्रिय हुने कुरालाई समाजले पचाएको थिएन । भगवतीलाई पनि यसरी हिँड्ने अनुमति मिलेन । 'श्रीमान् चारित्रिक कुरा उठाउनुहुन्थ्यो, ससुरा 'इज्जत नजाओस्' भन्नुहुन्थ्यो, सासू 'पितृधक्का नलागोस्' भन्नुहुन्थ्यो', विगत सम्झँदै भगवती भन्छिन्, 'एकपटक श्राद्धको दिन सासू-ससुराले, 'तिमीले घरको कामधन्दा नगर, तिमीले छोएको पाहुनाले खाँदैनन्', भन्नुभयो । 'कसैले नखाए भैंसीले त खान्छ नि !, भनेर मैले जवाफ फर्काएँ ।'

आफ्नो अभियानमा राजनीतिक दलहरूको कुनै सहयोग नभएको उनी बताउरूछिन् । तैपनि, भगवती राजनीतिबाट टाढा भइनन् । केटी बेच्ने दलाललाई पार्टीबाट कारबाही गर्नुपर्छ भन्दा उनी धेरैपटक अपमानित भएको सुनाउँछिन् ।

**एकजना दलालले कोलकातामा केटी बेचेको रहस्य खुलस्त भएपछि पार्टीमा कारबाहीको माग गर्दा, भगवतीजी, तपाईं यस्ता कुराको 'इस्यु' नबनाउनुस् भनेको उनी सम्झन्छिन् । त्यस्तै, २०४८ सालमा एउटा राजनैतिक पार्टीका नेतालाई बेचबिखनका बारेमा बोल्न कर लगाउँदा, 'खै, हामीले बोल्यौं भने त भोट नआउला' भने ।**

पुराना दिनहरू याद गर्दै भगवती भन्छिन्, 'बेचबिखनको त के कुरा, डिपो खोप लगाउँदाखेरि मेरो श्रीमतीलाई किन लगाइस् ?' भनेर गाउँका उप-प्रधानपञ्च नै खुकुरी लिएर ममाथि कुर्लिएका थिए ।

**काम गर्ने सिलसिलामा श्रीमान्ले श्रीमती बेचेका, बाउले छोरी बेचेका, दाइले बहिनी बेचेका घटनासँग साक्षात्कार हुनु परेको छ उनले ।** आफ्नै आँखा अघिल्तिर विवाह भएका कैयौं चेलीहरू हराएका अनुभव छ भगवतीसँग ।

आजकाल धेरै महिलाहरू बेचबिखनविरुद्ध खुलेर लागेकोमा भगवती सन्तोष गर्छिन् । 'तर चुप लागेर बस्ने बेला भने छैन', उनी भन्छिन् । झन्, संगठित भएर काम थालेपछि अलिकति सजिलो अनुभव गरेकी छिन् उनले । आफ्ना छोरीचेलीहरू हराउना साथ मानिसहरू छिट्टै खोजी गर्नेतिर लाग्न थालेका छन् हिजोआज ।

बढी बेचबिखन हुने थलोमा त महिलाहरू बढी संगठित भएर लाग्ने गरेको उनको अनुभव छ । उनी भन्छिन्, 'पोहोर साल एकजना महिलालाई भारतबाट फर्काएर ल्यायौं र दलाललाई कारबाही गर्न सफल भयौं । अहिले त्यो दलाल जेलमा छ ।' अहिलेसम्म पाँचजना दलाललाई कारबाही गर्न सफल भएको उनको अनुभव छ । 'तर कानुनी प्रक्रिया निकै झन्झटिलो छ', भगवती भन्छिन् ।

महिला आत्मनिर्भर केन्द्र (मान्क) नामक एक गैससकी अध्यक्ष हुन् भगवती । बेचबिखन रोक्न राज्यले नै दरिलो कानुन बनाउनुपर्ने, भएका कानुनको कडा पालना हुनुपर्ने र त्यस्ता कानुनी प्रावधानहरूले प्रभावित महिलाहरूको हक, अधिकारलगायत क्षतिपूर्ति, पुनर्स्थापना र सामाजिकीकरणको सवाललाई समेत समेट्नु पर्ने भगवतीको धारणा छ ।

# संविधानसभामा प्रभावितहरूको स्थान



❑ **नानीमाया थापा**

संविधान देशको मूल कानुन हो । यही मूल कानुनको आडमा अन्य कानुनहरूले काम गर्छन् । हाम्रो देशको इतिहासलाई मूल्याकङ्न गर्दा आजसम्म पनि देशको मूल कानुन जनताको सहभागितामा निर्माण गरिएको पाइदैन । नेपालको संवैधानिक इतिहासले ६ दशक पूरा गरिसकेको छ । यस अवधिमा नेपालीहरूले ६ वटा संविधानको अनुभव सङ्गालिसकेका छन् ।

यसको ऐतिहासिक पक्षलाई नियाल्ने हो भने निरङ्कुश राणा शासनविरुद्ध बुलन्द भएका जनआवाजलाई मत्थर पार्न तात्कालिन प्रधानमन्त्री पद्‌मशम्सेरले भारतबाट प्रकाश गुप्ताको नेतृत्वमा ३ सदस्यीय संविधानविद् झिकाई उनीहरूले तयार गरेको संविधानलाई नेपाल सरकारको वैधानिक कानुन २००४ को नाममा नेपालको पहिलो संविधान जारी गरिएको थियो । त्यसपश्चात् नेपालमा २००७ सालमा नेपालको अन्तरीम शासन विधान, २०१५, २०१९, २०४७ मा नेपाल अधिराज्यको संविधान र २०६३ मा नेपालको अन्तरीम संविधान जारी गरिए ।

संवैधानिक श्रोतको हिसाबले विश्लेषण गर्दा २००४ र २०१९ का संविधानहरू शासकीय आदेश र इच्छाबाट निर्मित संविधान हुन् । जुन संविधानको निर्माण प्रक्रियामा कुनै पनि खालको जनसहभागिता छैन । त्यसैगरी २००७ को अन्तरीम शासन विधान, २०१५ र २०४७ को संविधानहरू राजनीतिक सहमतिका आधारमा संविधानविद्‌हरूबाट निर्माण भएका संविधान हुन् । यद्यपी यसको अन्तिम स्वीकृति दिने र घोषणा गर्ने श्रोत भनेको तात्कालिन राज्यप्रमुख राजा वा दरबार नै हो ।

२०६३ को अन्तरीम संविधान जनआन्दोलन भाग २ को उपलब्धि हो । जुन संविधान जनताले निर्माण गरी जनताबाट नै लागू भएको छ । हाल आएर नेपाली जनताले गरेका ऐतिहासिक जनआन्दोलनपश्चात् देशमा लोकतन्त्र बहाली भई संविधानसभा सबैको पहिलो शर्त भएको छ । त्यसैले इतिहासको कालखण्डबाट हामीले अनुभूति गर्न नपाएको कुरा आफूलाई शासित गर्ने मूल कानुन बनाउने क्षणमा उभिन पाउँदा हामी सबैले गर्व गर्नु पर्दछ ।

आफ्नो अस्तित्व र पहिचानलाई संरक्षण गर्ने त्यस्तो कानुन निर्माण प्रक्रिया (संविधानसभा) लाई समावेशी र सबैको प्रतिनिधिमुलक बनाएमा नयाँ बनिने संविधान पनि समावेशी हुने कुरामा कसैको दुईमत हुन सक्दैन ।

समावेशी प्रतिनिधित्वको कुरा गर्दा क्षेत्र, जात, लिङ्ग र वर्ग मात्र हेरेर पनि पुग्दैन । समाजमा मानिसले विविध कारणबाट । आफ्नो अधिकारको उपभोग गर्न पाए नपाएको मूल्याकङ्न हुनुपर्दछ । तिनको मानव अधिकारको संरक्षण वा हनन् के अवस्था छ सो को लेखाजोखा हुनुपर्दछ । हामी अहिले परिवर्तनको संघारमा उभिइरहेका छौं ।

मानव अधिकार हनन् हुन पुगेका वा आफ्नो अधिकारको वास्तविक उपभोग गर्न नपाएका वर्गहरू वा भनौं विभिन्न हिंसाबाट पीडित वर्गहरूको स्थानमा रहेर हेऱ्यौं भने प्रचलित ऐन कानुनहरूका कतिपय प्रावधानहरूकै कारण प्रभावितहरू झनै प्रभावित हुनपुगेको पाइन्छन् ।

हाम्रा अगाडि अत्यन्तै सुन्दर सम्भावनाहरू पनि छन् र कहाली लाग्दा चुनौतीहरू पनि । नयाँ नेपाल निर्माणको खाका कस्तो बनाउने ? अब बन्ने संविधानसभामा नेपाली जनताको वास्वविक प्रतिनिधित्व कसरी गर्ने ? त्यस मुद्दालाई राज्यले कसरी सम्बोधन गर्ने ? सहज कार्य पक्कै होइन । हामी सबैले गम्भीर भएर सोच्ने र लाग्नुपर्ने अवस्था आएको छ ।

विधायिका संसदको महिला तथा जातजाति अधिकारमा विभिन्न ऐतिहासिक निर्णय नगरेका

**संविधान निर्माण गर्ने सभालाई समावेशी र सबैको प्रतिनिधिमुलक बनाएमा नयाँ बनिने संविधान पनि समावेशी हुने कुरामा कसैको दुई मत हुन सक्दैन ।**

हैनन् तर पनि मानव बेचबिखन जस्तो जघन्य अपराधबाट प्रभावितलाई सम्बोधन गर्न भने यसले सकेको छैन । विभिन्न कारणबाट बेचबिखनमा परेकाहरूलाई राज्यले एउटै थलोमा बसालेर उनीहरूबीच एउटा संरचना खडा गर्नुपर्ने अहिलेको टड्कारो आवश्यकता हो । यस जटिल कदमका लागि वकालत र सचेतना फैलाउने दायित्व भने नागरिक समाजको पनि हो ।

कहिले वैदेशिक रोजगार त कहिले यौन व्यवसाय, श्रमका साथै धर्मपुत्र-पुत्रीसम्बन्धी प्रयोजनका लागि भएका मानव बेचबिखनबाट नेपाल दोश्रो मुलुकमा पर्न गएको तथ्याङ्क हामीसँग हुँदाहुँदै प्रभावितहरूको राष्ट्रिय सन्जाल निर्माण गरी अगाडि बढ्न हामी किन हिच्किचाउने ?

अब हुने संविधानसभामा समानुपातिक प्रतिनिधित्व अन्तर्गत तराई १५.६ प्रतिशत, पिछडिएको क्षेत्र २ प्रतिशत, महिला ५० प्रतिशत, जनजाति १८.९ प्रतिशत स्थान रहने भनिएको छ । प्रभावितको स्थान ०.५ प्रतिशत किन नभन्ने ? यदि संविधानसभामा प्रभावितहरूले पनि स्थान पाउने हो भने बेचबिखन रोकथाममा दरिलो कानुन बन्न सक्ने कुरामा कसैको दुई मत छैन ।

यदि त्यस्तो कानुनको निर्माण हुँदो हो त पीडितले राहत र क्षतिपूर्ति पाउने, पुनर्स्थापनाको ग्यारेन्टी हुने, पीडक र प्रताडितलाई आजन्म कैद वा कडाभन्दा कडा सजाय हुनसक्ने अवस्थालाई पनि नकार्न सकिन्न ।

'जसको सवाल उसैको अगुवाई' नगर्ने हो भने अब बन्ने संविधान पनि बिगतको जस्तो हुने र 'हात्ती आयो, हात्ती आयो फुस्सा' हुने प्रवल सम्भावना छ । यसको लागि समानुपातिक सूचीकृत प्रणालीमा प्रभावितहरूको स्थान सुनिश्चित गरी गाउँ टोलस्तरबाट प्रचार प्रसार र छलफल गरिनुपर्दछ । अनिमात्र राज्य पुर्नसंरचना लगायत नयाँ नेपाल निर्माण भयो भनी सबैले राहतको अनुभूति गर्न सक्नेछन् ।

अब बन्ने कानुन मानव तस्करहरू र तिनलाई संरक्षण गर्ने राजनीतिक तथा उच्च वर्गहरूको पहुँचदेखि माथि हुनुपर्छ भन्नेमा सबैको एकमत हुनु जरुरी छ । यसका निम्ति मानव तस्करीविरुद्ध क्रियाशील संघसंस्था र नागरिक समाजले अहिलेदेखि आवाज उठाउन थालिहाल्नु अत्यन्तै जरुरी छ ।

**अब बन्ने कानुन मानव तस्करहरू र तिनलाई संरक्षण गर्ने राजनीतिक तथा उच्च वर्गहरूको पहुँचदेखि माथि हुनुपर्छ भन्नेमा सबैको एकमत हुनु जरुरी छ ।**

सबैले आ-आफ्नो स्थानबाट मानव बेचबिखन तथा हिंसा प्रभावितहरूको सवालमा सचेत भएर समानुपातिक प्रतिनिधित्वको लागि पहल गर्नु जरुरी छ । जिल्लास्तरमा गठन हुने जिल्ला कार्यदलमा जिल्लास्तरमा पहिचान भएका प्रभावितहरूलाई प्रतिनिधित्व गरी उनीहरूले नै सवाल पहिचान गरी कार्य गर्ने व्यवस्थापनको पक्षमा बहस हुनुपर्ने र प्रभावितहरूको अधिकार सुरक्षित हुनु जरुरी छ ।

अन्तमा, विभिन्न निर्वाचन र संविधानसभा निर्वाचन बिलकुल फरक कुरा हो भनेर बुझाउन र नेपाललाई बेचबिखनरहित देश बनाउन बेचबिखनको सवालमा काम गर्ने संस्थाहरूले आजैदेखि कम्मर कसेर लागिपर्नुपर्ने टड्कारो आवश्यकता छ ।

*(लेखिका सिन्धुपाल्चोकस्थित स्थानीय गैसस कार्यरत संस्थामा क्रियाशील हुनुहुन्छ ।)*


## हार्दिक बधाई

प्रथम राष्ट्रिय मानव बेचबिखनविरुद्ध दिवसको अवसरमा मानव बेचबिखनविरुद्ध महत्वपूर्ण योगदान पुऱ्याएवापत नेपाल सरकारको तर्फबाट कदरपत्रद्धारा सम्मान गरिएकोमा **शक्ति समूह** संस्थालाई हार्दिक बधाई ।

AATWIN

**महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह (एटविन), परिवार**

# कानुनी विभेद र महिलामाथि हुने हिंसाका घटना



❑ प्रताप विष्ट

उनले आफ्नो कलकलाउँदो यौवन यसरी जेलमा बसेर काट्नुपर्ला भनेर सपनामा पनि सोचेकी थिइनन् । सुखयम दाम्पत्य जीवनको कल्पना गरेरै शान्ती बिडारीले छिमेक गाउँको एक युवकसँग शारीरिक सम्पर्क राखेकी थिइन् । युवक त उनलाई धोका दिएर कुलेलम ठोक्यो तर, अहिले शान्ती भने भीमफेदी जेलको चिसो छिडीमा बस्न बाध्य छिन् । अदालतले नवजात शिशुको हत्या गरेको ठहर गर्दै शान्तिलाई २० वर्ष कैदको फैसला सुनाएको छ । तर, शान्तिलाई त्यो अवस्थामा पुऱ्याउने पीडक युवक भने जेलमुक्त भएर बसेको छ ।

चित्लाङ गाउँका विश्व अर्याल नामको केटासँग शान्तिको सम्बन्ध विस्तारै नजिकिन थालेको थियो । बज्रबराही गाविस– ९ की १८ वर्षीय शान्तिलाई विश्वले विवाहको प्रलोभन देखायो । शारिरीक सम्बन्धपछि गर्भ रहेको पाँच महिनासम्म पनि शान्तिलाई उसले विवाह गर्छु भनेर भ्रममा राख्यो । तर, बिहे गर्नुपर्ला भन्ने डरले विश्व गाउँ नै छाडेर राजधानी पसेपछि कहालीलाग्दो भविष्यको कल्पनामा डुब्नु सिवाय शान्तीसँग अरु कुनै विकल्प रहेन । एवम्रितले दिन बित्नथाले ।

जसोतसो शान्तिले आफ्नो गर्भलाई ढाकछोप गरेरै राखेकी थिइन् । तर, एकदिन गोठाला जाँदा जन्मेको नवजात शिशुलाई तह लगाउन शान्तिले हत्या जस्तो जघन्य अपराधको बाटो रोजिन् । भर्खरै पृथ्वीमा पाइला टेकेको त्यो निर्दोष शिशुको आखिर के दोष र ! अनाहकमा उसले त्यसमाथि पनि जन्मदिने आमाको हातवाट मर्नुपऱ्यो । हत्या गरेर शिशुलाई शान्तिले जङ्गलमा फालिन् र घर फर्किन् । तर, नवजात शिशुको हत्याको आरोपवाट भने शान्ती बच्न सकिनन् । आखिरमा प्रहरीले गत असोजमा शान्तिलाई पक्राउ गऱ्यो ।

भीमफेदी जेलमा 'मलाई यो अवस्था पुऱ्याउने युवक विश्व अर्याल पनि हत्याको भागिदार हुनुपर्छ' भनेर शान्ती कराइरहेकी छिन् । तर विभिन्न प्रलोभन देखाएर शान्तिलाई गर्भधारण गराउने र नवजातको शिशु हत्या गर्ने बातावरण सिर्जना गर्ने विश्व अर्याललाई भने विद्यमान नेपाली कानुनले उन्मुक्ति दिएको छ ।

विद्यमान कानुन विभेदकारी भएको पुष्टि उल्लिखित घटनाक्रमको अध्ययनबाट सजिलै गर्न सकिन्छ । महिलालाई अपराध गर्ने वातावराणको सिर्जना गर्ने पुरुषलाई उन्मुक्ति दिने कानुनले महिलालाई सर्वस्वसहित जन्मकैद तोकेको छ । एकातिर पुरुषबाट, परिवारबाट महिलाहरू पीडित छन् भने अर्कोतिर राज्यको विभेदकारी कानुनका कारण नेपाली महिलाहरू लामो सयमदेखि हिंसाको शिकार बन्दै आएका छन् । अधिवक्ता ललिता ठिकेका अनुसार विभेदकारी कानुन खारेज नगरेसम्म नेपाली महिलाहरू हिंसाका शिकार बनिरहन्छन् । 'महिलालाई नवजात शिशुको हत्या गर्न बाध्य पार्ने भूमिका पुरुषको रहन्छ, तर उसलाई भने कानुनले कहीँ पनि छुदैन' ललिता भन्छिन् ।

अर्का अधिवक्ता एकराज बास्तोलाका अनुसार 'नवजात शिशुको हत्यामा परोक्ष वा प्रत्यक्ष महिला र पुरुष दुवैको उत्तिकै भूमिका हुन्छ । दुवैलाई कानुनी कारबाही गर्ने व्यवस्था हुनपर्छ' अधिवक्ता बास्तोला भन्छन् । 'यो पनि कानुनले महिलामाथि गरेको विभेदमात्र होइन हिंसा पनि हो ।'

मकवानपुरमा महिलामाथि हुने घरेलु हिंसाको अवस्था विश्लेषण गर्ने हो भने व्यापक र डरलाग्दो पाइन्छ । बिहान चार बजेदेखि बेलुका १० बजेसम्म खेतीपाती र घरको धन्दामा व्यस्त रहने महिलाले पतिको अनुमति बेगर २० रुपैयाँ खर्च गर्दा ज्यान गुमाउनु परेको घटना यहाँ छ । दामन गाविस– ७ की २९ वर्षीया सुन्तली गोलेले दामन बजारमा २० रुपैयाँ खर्च गरेवापत उनको जीवनलीला नै समाप्त भयो । पती सन्तबहादुरलाई नसोधीकन बजार गएर पैसा खर्च गरेको निहुमा सुन्तलीले ज्यान गुमाउनु पऱ्यो । अर्की हर्नामाडी गाविसकी गोमा लामालाई लोग्नेसरह काम गर्न नसकेको आरोपमा सासुससुरा र लोग्नेसमेत भई दुई छोरासहित घरबाट निकालिदिए । अहिले गोमा माइती नेपाल हेटौंडाको कार्यालयमा आश्रय लिएर बसेकी छिन् ।

यस क्षेत्रमा पर-पुरुषसँग हिडेको निहुँमा होस वा भात खाँदा मासुको चोक्टा थोरै परेको निहुँमा महिलाहरूले निर्घात कुटाईमात्र खाएका छैनन्, उनीहरूको जीवनलीला नै समाप्त भएको छ । छोरा पाउन नसकेको निहुमा दैनिक लोग्नेको चुटाई खान बाध्य थुप्रै महिलाहरू यहाँ छन् । विवाहमा पर्याप्त दाइजो नल्याएको निहुमा, तरकारीमा नुन चर्को र विलिनो भएका जस्तो सानो कुरामा पनि कतिपय महिलाले घरेलु हिंसाको शिकार बन्नु परेको छ । जुवाडे पतिलाई कानको मुन्द्रा बिक्री गर्न नदिएको निहुँमा यहाँको एक वृद्धाले हर

नै नचल्लने गरी पिटाई खाइन भने २१ वर्षिया महिलाले बोक्सीको आरोपमा ज्यानै गुमाएकी छन् ।

उल्लेखित घटनाहरू २१ औं शताब्दीमा नेपाली महिलाहरूले भोग्दै आएका प्रतिनिधिमुलुक घटनाहरू हुन् । सशस्त्र द्वन्द्वका बेला महिला र बालबालिकाहरूले विभिन्न हिंसाका शिकार हुनुपरेको थियो । झनै विस्थापित महिलाले भोग्नुपरेको मानसिक तनाव र यातनाहरू पनि यहाँ कम छैनन् । तर द्वन्द्वको अन्त्य भइसकेको अवस्थामा यसबाट महिलाहरूले भोग्नु परेको हिंसाबाट मुक्ति पाउन सक्छन् भन्ने आशासम्म गर्न सकिन्छ तर ठोकुवा भने गर्न सकिने अवस्था छैन । त्यसको सकारात्मक परिणाम भने आउन केही समय लाग्ने नै छ । एकजना विदेशी लेखक एग्लाइटेन जेवले एकपटक भनेका छन्– "सबै युद्धहरू महिला र बालबालिकाविरुद्ध हुन्छन् ।'

मूलतः लामो समयदेखि सामन्तवादी संस्कृतिवाट ग्रसित हाम्रोजस्तो विभेदयुक्त समाजमा महिलामाथि हुने हिंसा संस्कारकै रूपमा परिणत हुन गएको छ । महिला हिंसाको विरुद्ध कार्यरत नारी सिप सिर्जना केन्द्रकी अध्यक्ष विष्णु ओझाको अनुभवमा मकवानपुर जिल्लामा महिला हिंसाका घटनाहरू बाक्लै छ । 'महिला माथिका कैयौ घटनाहरू त स्मरण गर्दा पनि कहालीलाग्छ', ओझा भन्नुहन्छ ।

**यस क्षेत्रमा पर-पुरुषसँग हिंडेको निहुँमा होस् वा भात खाँदा मासुको चोक्टा थोरै परेको निहुँमा महिलाहरूले निर्घात कुटाइमात्र खाएका छैनन्, उनीहरूको जिवनलीला नै समाप्त भएको छ ।**

वैज्ञानिक प्रगतिले विश्वलाई जतिसुकै साघुरो गराएको भए पनि अशिक्षा, चेतनाको अभाव, सामाजिक कुरीति, धार्मिक प्रभाव, असमानता, पितृसतात्मक सामाजिक संरचना, कानुनी विभेद र राजनीतिकपरिवेशका कारणले महिलामाथि हुने हिंसाको रुप भयानक छ । घरेलु हिंसालाई सामान्य रूपमा लिने आम प्रवृतिले त्यस्ता घटनाहरू भित्रभित्रै दबिएकामात्र छैनन् महिलाहरूको ज्यान पनि गएको छ । घरेलु हिंसा लुकाउने प्रवृतिका कारण हटिया गाविसकी एक महिलाले लोग्नेले पिटेको पीडा खप्न नसकेर आत्महत्या गरिन्, तर त्यो सतहमा आउन सकेन ।

घरको कुरा बाहिर ल्याउँदा इज्जत प्रतिष्ठामा आँच आउँछ भन्ने कुसंस्कार र विसङ्गतिका कारण महिलाहरूले थप हिंसाको शिकार बन्नु परेको महिलावादी कार्यकर्ता मुनु सिग्देल बताउँछिन् । गैरसरकारी संस्था मकवानपुरकी अध्यक्षसमेत रहेकी सिग्देल भन्छिन्, 'महिलामाथि हुने हिंसा सामान्तवादी समाजको परिचय र संस्कार हो ।'

महिलाहरूमाथि घरेलु झगडा, कुटपिट, शारीरिक वा मानसिक यातना, यौन शोषण दुर्व्यवहार, बलात्कार, वेश्यावृति, चेलिवेटी बेचबिखन, गर्भपतन, दाइजो, बोक्सी, बालविवाह, बहुविवाह, हत्या, आत्महत्या, भेदभाव, जस्ता हिंसाका घटनाहरू समाजका नियमित प्रक्रिया बन्न पुगेका छन् । युनिसेफले हालै सार्वजनिक गरेको एक प्रतिवेदन अनुसार ९५ प्रतिशत मानिसलाई महिलामाथि हिंसा भइरहेको जानकारी छ, तर व्यवहारमा परिवर्तन ल्याउन सकिरहेका छैनन् ।

७७ प्रतिशत महिलाहरू परिवार भित्रबाटै हिंसाको शिकार बनिरहेका छन् भने ३३ प्रतिशत महिला र बालबालिका बलात्कारबाट शिकार भएको पाइएको छ । त्यस्तै २८ प्रतिशत महिला तथा बालबालिकालाई जबरजस्ती वेश्यावृतिमा लगाइएको छ । आफूमाथि हिंसा भएको जानकारी हुँदाहुँदै पनि परिवार र बच्चाप्रतिको दायित्वका कारण ४९ प्रतिशत महिलाहरू उजुरी नगर्ने गरेको अध्ययनले देखाएको छ ।

अनेकौं कुसंस्कारको शिकार बन्दै आएका नेपाली महिलाहरूको घरसाथिको स्वामित्व ५ दशमलव ५२ प्रतिशतमात्र रहेको एक अध्ययनले देखाउँछ भने घरमुली महिलाको प्रतिशत १५ मात्र रहेको छ । जनसङ्ख्याको हिस्सा आधाभन्दा बढी रहेको छ, तर प्रतिनिधित्वको हिसाबले भने निजामती क्षेत्रमा ८ दशमलव ५५ प्रतिशत र सञ्चारमा १२ प्रतिशतमात्र सहभागी रहेको छ । साक्षरताको हिसाबले महिलाहरू पछाडि परेका छन् । अध्ययनका अनुसार ४२ प्रतिशत महिलामात्र साक्षर रहेका छन् ।

मानव सभ्यताको आरम्भकालमा समाजको अगुवाका रूपमा रहेको महिला समुदाय समाजमा वर्गभेदको शुरुवातसँगै पुरुषहरूको तुलनामा निकै पछि परेका छन् । सबै प्रकारका भेदभावविरुद्धको संघर्ष थालनी भएको सयौं वर्ष बितिसक्दा पनि महिलाहरू अझै विश्वका अधिकांश भू-भागमा पुरुषसरह सबै क्षेत्रमा सहभागी हुने मौकामात्र नपाएका होइनन्, लैङ्गिक विभेदको शिकार हुन पुगेका छन् ।

*(लेखक कान्तिपुर दैनिक, मकवानपुर जिल्ला संवाददाता हुनुहन्छ )*

# नारी संवेदनशीलतामा आधारित *प्रकृति* उपन्यास

❑ रामकृष्ण ढकाल

एउटा शब्द जसको अर्थले संसार समेट्न सक्छ । व्यक्तिदेखि समष्टिसम्म त्यसका अनेकौं अर्थहरू हुन सक्छन् । देश, काल र परिस्थिति अनुसार ती फरक हुन सक्छन् जस्तै : स्वभाव, बनिता र पृथ्वीको उत्पत्तिका सम्बन्धमा गरिएका विविध व्याख्या र कहानीका अनुसार आद्यावस्थाको सेरोफेरो । त्यो शब्द हो- प्रकृति । प्रकृति अब अन्य अर्थहरूसँगै नेपाली साहित्य आकासमा एउटा पृथक पहिचानका साथ औपन्यासिक रूपमा उदाएको छ ।




पत्रकार अनिल अधिकारीको नेपाली वाङ्मयका लागि एक विशेष देन हो 'प्रकृति' । र नेपाली साहित्यका निम्ति अधिकारीको दोस्रो औपन्यासिक कोशेली पनि हो 'प्रकृति' । पहिलो 'अमर प्रेम' (२०५० साल) पछिको । आख्यान विधाको औपन्यासिक शाखामा एक नौलो प्रयोग भने पनि हुने छ 'प्रकृति' उपन्यास ।

साहित्यकार भारद्वाज मित्रको व्याख्यामा 'प्रकृति' एक प्रयोगमूलक कृति हो । उपन्यासकारले पत्रकारिता र महिला बेचबिखन विरुद्धको अभियानमा खर्चेको लामो श्रमको उपजलाई लेखकको 'प्रकृति' मा भरपुर प्रयोग भएको मान्न सकिने मित्रको आशय पाइन्छ ।

■■
**समग्रमा कृति पढ्नैपर्ने खालको छ र यसको सिर्जनाका प्रत्यक्ष परोक्ष संलग्न सबै धन्यवादका पात्र छन् ।**
■■

अमेरिका, स्वीट्जरल्याण्ड, स्कटल्याण्ड, भारत र नेपालको सेरोफेरोमै बुनिएको छ उपन्यास । उल्लिखित क्षेत्रहरूमा दौडाइरहँदा उपन्यासले पाठकहरूलाई कतिपय यथार्थ र काल्पनिक घटनाक्रमहरूसँग साक्षात्कार गराउँछ ।

संसारका सम्पूण क्षेत्र हत्या, हिंसाजस्ता जघन्य आपराधिक दीर्घ रोगबाट कुनै न कुनै रूपमा ग्रसित छ । प्रत्येक वर्षका अठार-बीस दिनहरूका प्रत्येक निमेष मानव जातिको घोर अमानवीय लीलाचक्रबाट आक्रान्त छ । हाम्रो देश नेपालमा पनि वि.सं. २०५२ देखि शुरु भई झण्डै एक दशकभन्दा बढी सञ्चालित रक्तपातपूर्ण क्रान्तिको अभ्यास भयो । एक्काइसौं शताब्दीको उत्तरार्धको शुरुवातसँगैको यो कालरात्रिभरी राष्ट्रका विभिन्न पक्षहरू जस्तै- शान्ति, सुरक्षा, पर्यटन, नेपाली जन-जीवन लगायत देशमा भइरहेका अन्य क्षेत्रहरूका व्यथा वेदना समेटेर एक पठनीय कृतिको रूपमा आएको छ 'प्रकृति' । अरु विशेषगरी राष्ट्रकै अर्को कलङ्क चेलीबेटीको ओसारपसार तथा बेचबिखनले द्वन्द्वकालमा कुन तरिकाले आफ्नो रौद्ररुप देखायो ? यही नै 'प्रकृति' उपन्यासको अभिष्ट हो ।

नेपालको उत्तरी क्षेत्रको एक काल्पनिक अनि दुर्गम गाउँ जहाँ 'प्रकृति' नामकी विद्यालय जाने उमेरकी कलकलाउँदी किशोरी, उनको बाबुआमा र सानो भाइसमेतको सरल परिवार, अनि एक अमेरिकी शोधकर्ता विद्यार्थी डेभिडबीच तानिएको कथा हुन्छ 'प्रकृति' मा । त्यसबाहेक नेपालका सांस्कृतिक र पर्यटकीय छटाहरु, शान्ति सुरक्षाको अवस्था, जनआन्दोलन भाग- २ का घटनाक्रम उपन्यासमा सलबलाइरहने चित्रणहरू हुन् । मुलुक द्वन्द्वको मारमा फसेको बेला गाउँघरका चेली बेच्ने दलालहरूको गाउँगाउँ कुनाकाप्चासम्म रजाई आदि सबै क्षेत्र उपन्यासमा समेटिएको छ प्रकृति उपन्यासले ।

पत्रकारको भाषा, जटील अवस्थाको विशेष अध्ययन, साहित्यको विधा र एउटै कृतिमा धेरै क्षेत्र समेट्ने प्रयासले सह्रानीय उपन्यास हुँदाहुँदै भूमिकादेखि लिएर उपन्यासका अन्य केही भागहरूमा कमजोरीका आभास नदेखिएका भने होइनन् । समग्रमा कृति पढ्नैपर्ने खालको छ र यसको सिर्जनाका प्रत्यक्ष परोक्ष संलग्न सबै धन्यवादका पात्र छन् ।

*(लेखक साहित्यमा रुचि राख्ने व्यक्ति हुन् ।)*



# नयाँ नेपालमा संविधानसभा र महिला सहभागिता

❑ जया लुईटेल

जब संविधानसभामा महिलाको समान सहभागिताका बारेमा छलफल चल्थ्यो सौधियार-८ दाङकी सुनिता चौधरी मनमनै सोच्थिन्, 'एउटा घर चलाउन त पुरुष नै चाहिन्छ भने देश चलाउनका लागि पुरुषै भए भइहाल्यो नि, महिला किन चाहियो र !' तर, रेडियो कार्यक्रम 'नयाँ नेपाल' मा जब *संविधानसभामा महिलाको समान र अर्थपूर्ण सहभागिताका* बारेमा उनले सुनिन् । अहिले सुनिताको विचार परिवर्तन भएको छ। एउटा पुरुषको जिम्मेवारी र भूमिका देशमा जत्ति हुन्छ महिलाको पनि त्यत्तिकै हुँदोरहेछ भन्ने बल्ल सुनिताले बुझ्न थालेकी छिन् । उनी भन्छिन्, 'यो कुरा साथीभाइलाई पनि बुझाउन थालेको छु ।'

■■

**संविधानसभामा महिलाको समान र अर्थपूर्ण सहभागिताको विषयमा केन्द्रित नयाँ नेपाल 'इक्वेल एक्सेस' नेपाल नामक संस्थाले श्रोतामाझ पस्केको रेडियो कार्यक्रम हो ।**

■■

जनकपुरमा अध्ययनरत् माइस्थान महोत्तरीका रमेश पोखरेललाई पनि रेडियो कार्यक्रमबाटै महिला सहभागिताको महत्त्व जान्ने अवसर जुर्‍यो। अधिकांश रेडियो कार्यक्रमहरूमा पुरुषका आवाज मात्र सुनिने गरेको अहिलेको अवस्थामा विभिन्न क्षेत्र र समुदायका महिलाको आवाजलाई यो कार्यक्रमले समेटेको रमेशको ठम्याई छ । 'नयाँ नेपाल कार्यक्रममा महिलाको आवाज र अधिकारका कुरा सुनेपछि राज्य सञ्चालनमा महिलाको सहागिता र भूमिका महत्त्वपूर्ण हुँदोरहेछ है भन्ने बुझेँ' रमेश अर्थ्याउँछन् ।

संविधानसभामा महिलाको समान र अर्थपूर्ण सहभागिताको विषयमा केन्द्रित नयाँ नेपाल 'इक्वेल एक्सेस' नेपाल नामक संस्थाले श्रोतामाझ पस्केको रेडियो कार्यक्रम हो । संयुक्त राष्ट्रसंघीय महिला विकास कोष (युनिफेम) को सहयोगमा पस्तुत यस कार्यक्रम रेडियो नेपालसहित देशभरका ३५ वटा एफएम-स्टेसनबाट प्रसारण हुने गरेको छ । साथै इक्वेल एक्सेस नेपालको स्याटेलाइट प्रविधिमार्फत देशका विभिन्न दुई सय ठाउँमा रहेका रेडियो श्रोतासमूहसम्म यो कार्यक्रम पुग्ने गरेको छ ।


कार्यक्रममा देशको पाँचै विकास क्षेत्रका सामुदायिक र स्थानीय रेडियोका सहकर्मीहरूले संविधानसभा र महिला सहभागिता विषयमा आधारित विभिन्न आवाजहरू पठाउने गरेका छन्, जसले 'नयाँ नेपाल' लाई अझ बढी समावेशी र सामेली बनाउन मद्दत पुगेको छ । पछिल्लो समयमा संविधानसभा र महिला सहभागिता विषयमा आधारित अन्य कार्यक्रमहरू बज्न थाले पनि रेडियो नेपालसहित देशभरकै स्थानीय रेडियोहरूको यति ठूलो सञ्जालबाट महिला सहभागिता विषयमा प्रसारित यो पहिलो रेडियो कार्यक्रम हो ।

रेडियो नेपालबाट साताको दुई पटक हरेक सोमबार र बिहीबार बिहान साढे ८ बजे प्रसारण भइरहेको 'नयाँ नेपाल' युवा, शान्ति र पुनर्मिलनका विषयमा पनि केन्द्रित छ । महिला र संविधानसभा विषयमा आधारित रहेर कार्यक्रमले नेपालको राजनीतिक आन्दोलनमा महिला भूमिकाको विषयलाई पनि विश्लेषण गरेको छ । त्यसैगरी, संविधानसभा, संविधानसभाको निर्वाचन र आमनिर्वाचन बीचको फरक, मताधिकार र महिलाहरूले स्वनिर्णयबाट मत खसाल्न पाउनुपर्ने लगायतका विषयहरूलाई समेत कार्यक्रमले समेटेको छ ।

संविधानसभामा महिलाको समान सहभागिता सुनिश्चित गर्नका लागि सरकार, राजनीतिक दल, निर्वाचन आयोग र नागरिक समाजको जिम्मेवारीको विषयलाई पनि 'नयाँ नेपाल' ले उठाएको छ । विषयवस्तुमा आधारित अन्तर्वार्ता, फिचर, रिपोर्ट र जनआवाज मात्रै नभएर यो कार्यक्रमले नाट्यशृङ्खला 'उज्यालोतिर' र 'लाहुरे दाइको चिया पसल' का मुख्य पात्रमार्फत संविधानसभामा महिला सहभागिता, शान्ति निर्माण र पुनर्मिलनमा युवाहरूको भूमिका जस्ता विषयवस्तुलाई अझ रोचक ढङ्गमा प्रस्तुत गरेको छ ।

# चेलीलाई सन्देश

❑ अनिता श्रेष्ठ 'अर्पिता'



रामेछाप जिल्लाको विकट गाउँ हिमगङ्गाको विपन्न परिवारमा जन्मेकी हुन्छे चमेली । भर्खरै उसले १५ औं वसन्त टेकेकी छे । तर, उसको मनमा भविष्यको थुप्रै सुन्दर सपनाहरू छन् । सुन्दर, धनी र भलादमी केटासँग बिहे गरेर जिन्दगी बिताउने कल्पनामा डुबेकी हुन्छे चमेली ।

बनिबुतो गरी ल्याएको कमाई चमेलीको १४ जनाको परिवार धान्न मुस्किल पर्थ्यो । न त उसका बाबुले चमेलीलगायत छोराछोरीहरूलाई पढाउन नै सकेका थिए । मीठो मसिनो खाने त कल्पनामै सीमित हुन्थ्यो । अभाव र कठिन जीवनदेखि चमेलीको चंचले मनले उन्मुक्ति खोजिरहन्थ्यो, परिवर्तनको चाहनाले उसलाई सताइरहन्थ्यो । मनले कता जाउँ, के गरौं भनिरहन्थ्यो ।

समान आर्थिक हैसियत राख्ने केटाले चमेलीलाई पटक पटक बिहेको प्रस्ताव नराखेको हैन, तर विपन्न लोग्नेसँग सम्बन्ध गाँसेर पुनः उही सङ्कट, अभाव र दरिद्रीको जिन्दगी जिउनुको के नै अर्थ थियो र ! पटक पटक ऊ त्यस्तो प्रस्ताव अस्वीकार गर्थी ।

विकट ठाउँमा जन्मेकी चमेलीलाई रामेछाप बजारमा बस्ने बिहीबारे हाट हेर्न र घुम्न साह्रै मन पर्थ्यो । राम्री हुने चाहना आखिर कसलाई हुँदैनथ्यो र ! तर गरिबीको कुचक्रले गर्दा साथीसङ्गीसरह लिपिस्टिक पाउडर, गाजल, चुरा र झुम्का लगाएर सजिने रहर चमेलीको कल्पनामै सीमित हुन्थ्यो ।

एकदिनको कुरा हो - बिहीबारे हाटमा चमेली एक्लै आउँदै थिई, एकजना अपरिचित युवकसँग उसको भेट भयो । कालो वर्णको त्यो युवकले हाँसेर एक्कासि चमेलीको नाम सोध्दा मनमा खुसीको सीमा रहेन । कुराको सिलसिलामा युवकले आफ्नो नाम प्रमोद भएको बतायो ।

समय बित्दै जाँदा चमेली र प्रमोदको भेटघाट र बोलचालको सिलसिला बढ्न थाल्यो । अब त चमेली बिहीबारे हाटको निकै व्यग्रताका साथ प्रतीक्षा गर्न थाली । कहिले हाट बस्ला र प्रमोदलाई भेटौंला भनेर कल्पनामै डुब्न थाली । प्रमोद पनि के कम र ! नारी संवेदनशीलता र चाहना उसले खुब बुझेको थियो ।

चमेलीलाई मनपर्ने झुम्का, लिपिस्टिक, लुगा र पकेट खर्च यस्तै हुन्थे उसका उपहारहरू । चमेलीको खुसीको सीमै रहँदैनथ्यो । प्रेमको टुसा मनमा कुनबेला उम्रियो चमेलीलाई पत्तै भएन । अब त चमेलीले प्रमोदलाई नै जीवनसाथी बनाएको सपना दिनहुँजसो देख्न थाली । प्रमोद बिहे गर्ने भनेर चमेलीको अघिल्तिर पटकपटक कसम खान्थ्यो र चमेलीको विश्वास क्षणभरको लागि जित्थ्यो । चमेली प्रमोदको प्रेममा चुर्लुम्मै डुबिसकेकी थिई । उसको कुनै कुरालाई नाई भनेर लत्याउनै नसक्ने भइसकेकी थिई ।

एकदिन प्रमोदले रामेछापको एउटा लजमा रात बस्न चमेलीलाई अनुरोध गर्‍यो । राम्रो नराम्रो सोच्दै नसोची चमेलीले सहमति जनाई । दुवैले श्रीमान र श्रीमति भनेर ढाँटेर लजमा रात बिताए ।

हरेक बिहीबार र अरु यदाकदा साथीको घर, मामा र फुपुको घरमा जाने निहुले चमेली लजमा आएर प्रमोदसँग रात बिताउन थाली । प्रमोदले आफू सैनिक रहेको बताउँथ्यो । यदि चमेलीको पेटमा आफ्नो बच्चा भइहाले त्यसलाई सहर्ष स्वीकार गर्ने उसले प्रतिबद्धता समेत जनाउँथ्यो ।

समय बित्दै जाँदा एकदिन महिनावारी रोकिएको चमेलीले थाहा पाई । त्यो खबर कतिबेला प्रमोदलाई सुनाउँ भनेर चमेली उत्सुक भई । खबर सुनेपछि प्रमोदले एक हप्तापछि

**अब त चमेली बिहीबारे हाटको निकै व्यग्रताका साथ प्रतीक्षा गर्न थाली । कहिले हाट बस्ला र प्रमोदलाई भेटौंला भनेर कल्पनामै डुब्न थाली ।**

नजिकैको मन्दिरमा बिहे गर्ने कुरा गऱ्यो । दुवैले पुनः एकपटक रामेछाप लजमा रात बिताए । अर्को हप्ताको चमेलीमा खुसीको सीमा थिएन । झिसमिसे उज्यालोमै चमेली दुलहीको रूपमा सिङ्गारिएर मन्दिर पुगेकी हुन्छे । प्रमोदजस्तो केटा पाउँदा आफ्नो जिन्दगी धेरै राम्रो हुने कुराको कल्पना गर्दै चमेली प्रमोदको प्रतीक्षामा बस्छे । तर, बिहानको ११ बजिसक्दा पनि प्रमोद नआइपुग्दा कताकता चमेलीको मनमा चिसो पस्यो ।

त्यत्तिकैमा मन्दिरमा पूजा गर्न आएका दुईजना महिलाहरूले प्रमोद भन्ने सैनिक केटाले गाउँघरका धेरै केटीहरूलाई बिहे गर्छु भन्दै गर्भवती बनाएर भागेको सुनाए । 'हिजोसम्ममा ५ जना केटीले आएर उसको विरुद्ध उजुरी गरेका रहेछन् ।', एउटी महिलाले चमेलीलाई भनी । 'त्यही भ'र त कर्णेल साबले त्यो प्रमोदेलाई त्यहाँबाट सरुवा गरेर पठाएको रे', अर्की महिलाले थपी ।

त्यो कुरा सुनेर चमेलीको होस हवास उड्यो । त्यसपछि चमेली त्यहाँबाट जुरुक्क उठेर लिखुखोलातिर लागी । आज चमेली हराएको पनि २ महिना नाघिसकेको छ ।

यस्तो लाग्थ्यो लिखुखोलाको चिसो हावाले भनिराखेको थियो- हे अबला नारीहरू, तिमीहरू प्रेमको नाममा सहिद नहोऊ । मरेर समस्याको समाधान हुने हैन । बरु तिमीहरूजस्ता अन्य धेरै नारीहरूमाथि हुनसक्ने धोका, छल र अन्यायविरुद्ध संघर्ष गर्न बाँच र अरुलाई पनि बाँच्न प्रेरणा देऊ....।'

प्रमोदको प्रेममा चुर्लुम्म डुबिसकेकी चमेलीले शायदै यो कुरालाई सुनी होली । उसको कमजोर मनले शायद आफूलाई बलिदान गर्ने प्रण गरिसकेको थियो । शायद आत्महत्याको बाटो नै उसले श्रेयष्कर ठानिसकेकी थिई ।

*(लेखिका व्यवसायिक महिला क्लब (बि.पि.डब्लु) रामेछापसँग आबद्ध हुनुहुन्छ ।)*

## सानाको काम

१३ वर्षीया आशा गन्धर्वलाई लमही बजारमा सारङ्गी रेट्दै हिँडीरहेको देख्न सकिन्छ । आशाले आफूसँगै सारङ्गी रेट्दै हिँड्ने बाबुसँगै सारङ्गी सिकिन् । लेखपढ गर्ने उमेरमा सडक-सडक गीत गाउँदै हिँड्दा आशा कहिले सय रुपैयाँ कमाउँछिन् त कहिले २५ रुपैयाँ । भाका हालेर गीत गाउडदै सारङ्गी रेट्न उनी खप्पीस छिन् । क्षारे रोगबाट पीडित आशालाई स्कुलमा सरहरूले नै पढे क्षारे रोग हुन्छ भन्दै नपढाउन सल्लाह दिए । आशाको मनभरि थुप्रै पीडा छन् । उनी गीतमा आफ्नो भावना यसरी पोख्छिन् 'आज दिन के भा छ के भा'छ, मन मेरो रोया छ फुलको थुङ्गामा तरौं मायाको सागर फुलको थुङ्गामा ।'



लमही बजारमा सारङ्गी रेट्दै आशा

लमही सुनखलीका १२ वर्षे गितेश गुप्ता र ८ वर्षीय करन परियार सकीनसकी बरफको ठेला गुडाउँदै गरेका भेटिन्छन् दाङको लमही बजारतिर । गितेश सरकारी स्कुलमा ६ कक्षामा पढ्छन्, करन २ मा । दुवैजना दिनभरि साहुको बरफ बेच्छन् र ३ सय रुपैयाँ कमाउँछन् । त्यसमध्ये १ सय २० रुपैयाँ दुवैले बाँडेर लिन्छन् । गितेशको बुवा लमही बजारमा तरकारी बेच्छन् । करनको आमा कपडा सिलाउनु हुन्छ । करनले बरफ बेच्न थालेको केही महिना भयो, गितेशले बरफ बेचेको २ वर्ष । 'करन खेलिरहेको थियो, मैले आइसक्रिम बेच्न जाने हो ? पैसा पनि पाइन्छ भनेको उसले मान्यो', गितेश भन्छन् । 'त्यो पैसा खुत्रुक्केमा हाल्ने । पढाइको निम्ति कापी कलम किन्ने' साना करन भन्छन् ।



बरफको ठेला गुडाउदै गितेश र करन

देशभर यस्ता हजारौं बालबालिकाहरू बाध्यताबस् बालश्रम बेच्न बाध्यछन् । यस्ता श्रमिकहरुको बालअधिकारको सुनिश्चितता खासगरी बालबालिकाको सरोकारसँग सम्बन्धित संघसंस्थालगायत सरकारका निम्ति गम्भीर चुनौती बन्ने गरेको छ ।

**- अनिल अधिकारी, लमही**

# कृष्णमाया र उनको कथा

❑ अनिता श्रेष्ठ

यो कथा रामेछाप-४ भङ्गेरी, कसाई टोलको हो जहाँ ६३ वर्षीया चन्द्रमाया कसाई गरिबीको कारण कठोर नियती भोग्दै जीवन गुजारा गर्दै आइरहेकी छिन् । उनको श्रीमानको मृत्यु आजभन्दा पाँच वर्षअघि नै भएको हो । चन्द्रमायाको जीवनसाथीको रूपमा एउटी मात्र अपाङ्ग छोरी कृष्णमाया छिन् । कृष्णमाया प्रष्टसँग बोल्न सक्दिनन् । २८ वर्षीया उनी चार हातखुट्टा टेकेर एक ठाउँबाट अर्को ठाउँमा मुस्किलैले हिँड्न सक्छिन् ।

गाउँमा जसोतसो गुजारा चलाउँदै आएकी चन्द्रमायाको जीवनमा २०६३ पुसमा एउटा बज्रपात थपियो । उनकी अपाङ्ग छोरी कृष्णमायाले वान्ता गर्न थालिन् । त्यतिमात्र होइन कृष्णमाया ओछ्यान परिन् । बिरामी छोरीलाई चन्द्रमायाले धामीझाँक्री लगाइन् तर बिसेक भएन । गाउँलेले अस्पतालमा लैजाने सल्लाह दिए । वृद्धा चन्द्रमायाले मुस्किलले छोरीलाई जिल्ला अस्पताल रामेछाप पुऱ्याइन् । अस्पतालमा बिरामीको रगत र पिसाव जाँच गराइयो । छोरी निको हुने औषधि पाइएला भनेर चन्द्रमाया आस गरेर बसेकी थिइन् । तर, विडम्बना चिकित्सकले 'तपाईंकी छोरी गर्भवती छे' भनेपछि चन्द्रमाया छाँगाबाट खसेझैं भइन् । नचिताएको कुरा सुन्दा त्यत्तिकै रिङ्गटा चलेझैं अनुभुति उनले गरिन् ।

गाउँ फर्केर चन्द्रमायाले गाउँका ठूलाठालु र गन्यमान्य कसाईहरूलाई घरमा बोलाएर छोरी गर्भवती भएको कुरा सुनाइन् र सबैसँग गुहार मागिन् । समाजका अगुवाहरूले कृष्णमायालाई अनेक तरहले डर त्रास देखाएर, सिस्नु देखाएर केरकार गरे । शुरुमा कृष्णमायाले आँसु मात्र झारिरहिन् ।

धेरैपछि लाटी हाउभाउले उनले यसो भनेर बताइन्- घर नजिकैको बाटोमा बसिरहेको समयमा बन्दुक बोक्ने पाँचजना मान्छे आएका थिए । तीमध्ये चार जना तलतिर गएको मौका छोपेर एउटाले मलाई मुख छोपेर बलात्कार गऱ्यो । त्यो बलात्कारी को हो भन्ने नै सबैको अघिल्तिर रहस्यको विषय बन्न पुग्यो ।

कृष्णमाया गर्भवती भएको विषयमा छलफल गरी न्याय दिन मिति २०६४/१/१ गते नेपाल खड्गी सेवा समितिका पदाधिकारी, गन्यमान्य कसाईहरू, दाजुभाई र आमासमेत ४४ जनाको उपस्थितिमा एक भेला बस्यो । भेलाले अपाङ्ग कृष्णमायालाई न्याय दिनु र न्याय दिने प्रयास गर्नु त कता हो कता ? बदलामा कृष्णमायाको गर्भमा हुर्केको अबोध शिशुको बाबु पत्ता नलागेसम्म समाजबाट अलग राख्ने निर्णय गऱ्यो ।

पीडितलाई खान लाउन र बस्ने व्यवस्था गर्न सौतेनी आमापट्टिका दुई दाजु र आमालाई अह्रायो । उपस्थित सबैले दस्तखत गरेको त्यो लिखित निर्णयको एकप्रति चन्द्रमायालाई दिइयो भने समाजका कथित भद्रभलामीहरूले अर्को प्रति राखे । गाउँ समाजले शारीरिक र मानसिक रूपमा समेत विक्षिप्त छोरीलाई सामाजिक बहिस्कार गरेपछि कृष्णमायाले जन्माउने बच्चाको न्वारान गर्ने मान्छे पत्ता नलागुन्जेलसम्म गोठमा राख्ने, खाना र स्याहारसुसार गर्ने निर्णयमा चन्द्रमाया पुगिन् ।

अहिले कृष्णमायाको पेटमा झण्डै नौ महिनाको गर्भ हुर्केको छ । मातृशिशुको सुरक्षित स्याहार आवश्यक भएको बेलामा उनलाई घर अगाडिको गोठमा राखिएको छ । यो कुरा मैले मिति २०६४ साल वैशाख १९ गते मात्र थाहा पाएँ । अहिले ९ महिनाकी गर्भवती कृष्णमाया गोठमा कतै हिँडडुल गर्न नसक्ने अवस्थामा छिन् । गरिबीको मारमा परेकी चन्द्रमाया आफूलाई केही थाहा नभएको बताउँछिन् । छोरीको जीवनमा आइपरेको विपत्तीमा उनी ज्यादै चिन्तित मात्र छैनन् कि समाजमा कसरी प्रतिष्ठा जोगाएर हिँड्ने भनेर रुन्छिन् मात्र । सम्बन्धित निकायमा सोधखोज गर्नुपर्छ भन्नेसम्म आफूलाई कुनै जानकारी नभएको चन्द्रमाया बताउँछिन् ।

'न्वारान गर्ने मान्छे भएमा कृष्णमायालाई घरमा हुल्न सकिन्छ,', कृष्णमायाको सवालमा स्थानीय कसाई समाजका एक सदस्य बताउँछन् । स्थानीय धार्मिक संस्थाका धर्म गुरुहरूमा पुरुषप्रधान समाजको पृष्ठपोषणले गाँजेको पुरातनवादी मनस्थिति पाइयो । 'त्यस्ता बतासे गर्भ बोक्नेलाई कुनै सहयोग गर्न सक्दैनौ' धर्मगुरु भनिएकाहरू भन्छन् ।

एउटा पुरुषको यौन दुराचारको शिकार भएकी अपाङ्ग कृष्णमाया विना गल्ती समाज र नियतिको सजाय भोगिरहेकी छिन् । के अब पीडकको पत्ता लाग्ला र ? कृष्णमायाले कहिले न्याय पाउलिन् ? यो अनुत्तरित सवाल हामी सामु तेर्सिएको छ । यस्ता थुप्रै घटनाहरू आज पनि समाजका कुनाकाप्चामा लुकेर बसेका छन् जसलाई उजागर गर्नु मात्र नभई पीडितलाई उचित न्याय दिनु र पीडकलाई कानुन अनुरुप दण्डित गर्नु हाम्रो चुनौती बनेको छ ।

anita_shrestha24@hotmail.com




# हिंसा कहिलेसम्म ?

❑ देवी अधिकारी

२१ औं शताब्दीको युग र अझै भन्दा समानताको युग, तर आजसम्म पनि समानता केवल बोलाइमा, लेखाइमा र ठेलीका ठेली दस्तावेजहरूमा मात्र सीमित हुन पुगेको छ । युग परिवर्तन भए पनि इतिहास आजसम्म परिवर्तन हुन सकेको छैन । प्राचीनकालदेखि नै महिला र पुरुषबीच विभेद र हिंसाको शुरुवात भएका तथ्यहरू प्रशस्तै पाइन्छन् ।

प्राचीन समयमा मात्र पनि नभएर प्रकृतिले नै महिला जातिलाई एउटा कमजोर प्राणीको दर्जा दिएको छ । संवेदनशील र कोमलताको



जड बनाइदिएको छ महिलालाई । पुरुषहरूले स्त्री जातिलाई कमजोर भनेर हेप्ने र होच्याउने परम्पराको थालनी नयाँ हैन ।

■■

**संवेदनशील र कोमलताको जड बनाइदिएको छ महिलालाई ।**

■■

विभेदको परम्पराले विस्तारै समाजमा जरो गाड्दै जाँदा स्त्री जातिको सबैभन्दा सर्वोत्कृष्ट र साहसी भूमिकालाई गलत अर्थ लगाई कमजोरीको नाम दिई पुरुषप्रधान प्रभुत्वको थालनी गरिएको हो र त्यही पुरुषप्रधान प्रभुत्वको प्रगाढ प्रभाव आजसम्म पनि हाम्रो समाजमा जिउँदै छ । त्यतिमात्र नभएर आजको युगमा त्यस्तो प्रकारको खिस्याउने र होच्याउने प्रवृतिले अझै सशक्त परिवर्तन ल्याएको छ । त्यसैको वृद्धि र विकास भएर आज हिंसाको रुप धारण गरेको छ । यही हिंसाभित्र पनि विविध हिंसाहरूले जन्म लिएका छन् जसको शिकार भइरहेका छन् महिलाहरू ।

विद्यमान समाज, समुदाय र परिवारले एउटी छोरी बुहारीमाथि गर्ने नकारात्मक व्यवहार, हेर्ने दृष्टिकोण साथै समय र श्रमको मूल्याङ्कन नगर्नुले महिलाहरूमा हिनताबोध सिर्जना हुने भएकोले कुनै पनि महत्त्वपूर्ण भूमिका, निर्णय तथा अवसरहरूबाट महिलाहरूले बञ्चित हुनुपरेको विद्यमान अवस्था छ । यसले गर्दा ठूलाठूला राष्ट्रिय, अन्तर्राष्ट्रिय र कुटनीतिक जस्ता महत्त्वपूर्ण स्थानहरूमा महिलाहरूको पहुँच अति नै न्यून रहेको छ । २१ औं शताब्दीमा आईपुग्दासम्म पनि त्यस्ता किसिमका हिंसात्मक प्रवृति र व्यवहारले महिलाहरूलाई अझै कमजोर तथा निरीह बन्न बाध्य बनाइरहेको छ ।

परिणामस्वरुप महिलाहरू घर, परिवारदेखि राष्ट्रिय, अन्तर्राष्ट्रियसम्मका विविध हिंसाहरू खेप्न बाध्य छन् । यतिसम्मकी सार्वजनिक सवारी साधनहरूमा यात्रा गरिरहँदा समेत पनि महिलाहरूले आफूलाई अति असुरक्षित महसुस गर्नुपर्ने वास्तविकता कतै छिपेको छैन ।

यस्तो परिस्थितिका बाबजुद पनि हाल महिलाहरूले संघर्षका खुड्किलाहरू पार गर्न थालेका छन् । एउटा घर र उसको समुदायबाट मात्र नभएर राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पनि महिलाहरू अग्रसर हुन थालेका छन् । महिला अधिकारसम्बन्धी सवालहरूलाई उजागर गर्दै आ-आफ्ना क्षेत्रबाट महिलाहरू आफ्नो क्षमता र पहुँचअनुसार विभिन्न सरोकारवालाहरूसँग आफ्नो अधिकारका बारेमा बहस गर्न सक्षम भइरहेका छन् । हाल महिलाहरू आफ्नो क्षमता तथा कार्यकुशलतालाई वृद्धि र विकास गर्दै अन्तर्राष्ट्रियस्तरकै महिलासम्बन्धी

नीति निर्माण गर्ने तहमा महिला प्रतिनिधित्व गराउन् सक्षम भएका छन् ।

नेपालको परिप्रेक्ष्यमा हेर्दा सरकारी क्षेत्रमा उच्च पदस्थ पदाधिकारीको स्थानमा महिलाहरूको अति न्यून उपस्थिति छ। संविधान तथा नीतिनियमहरूले महिलाको क्षेत्रमा जे-जस्ता अवसर र छुटहरू दिएको भए तापनि त्यसको कार्यान्वयन भने व्यवहारमा हुन सकेको छैन । केही महिलाहरूको नीति निर्माण तहमा रहेर कार्य गर्नसक्ने क्षमता भएर पनि उनीहरूमा पहुँचको कमी छ । कतिपय महत्त्वपूर्ण स्थानहरूमा महिला सहभागिता भएतापनि उनीहरूको क्षमताले उचित कदर तथा मान्यता पाउन सकेको छैन ।


समाजमा व्याप्त पुरुषप्रधान चिन्तनको शिकार बनिरहेका कतिपय महिलाहरूले अझैसम्म पनि त्यसलाई त्याग्न सकेका छैनन् । अवसर, पहुँच र आधारको कमीका कारण महिलाहरू आफूले सुन्दै, देख्दै र भोग्दै आएका तिनै सोचहरूलाई सर्वश्रेष्ठ भन्न बाध्य छन् । फलस्वरुप स्वःचिन्तन गरी अघि बढ्न खोजिरहेका महिलाहरूलाई प्रोत्साहन गर्नुको साटो निरुत्साहित तुल्याउने, महिलाले आँटेको काममा बाधा अवरोध खडा गरिदिने, विभिन्न मानसिक चोटहरू दिँदै आत्मबल गिराई दिने जस्ता कार्यहरू महिला आफैबाट पनि हुँदै आइरहेको छ । यस्ता कार्यहरूलाई बढावा र आड भने पितृसत्तात्मक सामाजिक संरचना र यसद्वारा निर्देशित मूल्य मान्यतालेहरूले दिइरहेको तथ्यलाई नकार्न सकिन्न ।

यस्तो अवस्थाको बाबजुद पनि यस्ता सोच र चिन्तनहरूलाई अन्त्य गर्नका लागि अथक रूपमा लागिपरेका छन्-महिलाहरू । अहिलेको परिवेशमा सम्पूर्ण महिलाहरूले नसके पनि कति महिलाहरू संस्थागत रूपमा संगठित भएर अन्तर्राष्ट्रियस्तरका सामाजिक संघ संस्थाहरू हाँक्न सक्षम छन् ।

यसैगरी नेपालकै व्यापक प्रचारमा र समस्याको रूपमा देखापरेको मानव बेचबिखन तथा ओसारपसार जस्तो जटिल अपराधिक क्रियाकलापहरूलाई अन्तर्राष्ट्रिय स्तरबाटै हटाउने उद्देश्य लिएर संघर्षरत कदम चालिरहेका सांगठनिक सामाजिक संघ संस्थाहरूको माझमा महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह नेपाल (एटविन) एक ज्वलन्त उदाहरण हो ।

*(लेखिका एटविनकी अध्यक्ष हुनुहुन्छ ।)*

**संविधान तथा नीतिनियमहरूले महिलाको क्षेत्रमा जे-जस्ता अवसर र छुटहरू दिएको भए तापनि त्यसको कार्यान्वयन भने व्यवहारमा हुन सकेको छैन ।**





# बेचबिखनबाट प्रभावित महिलाको प्रथम ऐतिहासिक राष्ट्रिय भेला: एक अनुभव

❑ सुनिता दनुवार

मानव बेचबिखन एक जघन्य अपराध हो जसले नेपालमा मात्र विश्वभर नै जरो गाडेको छ । यस समस्यालाई मध्यनजर गर्दै शक्ति समूहले विभिन्न क्रियाकलापहरू संचालन गर्दै आइरहेको छ । विभिन्न हिंसा लगायतका सामाजिक समस्याहरूबाट पीडित महिलाहरूको




भेला विभिन्न संघसंस्थाहरूको अगुवाइमा बेलाबखत हुँदै आइरहेकै हो तर बेचबिखनबाट प्रभावित महिलाहरूको ऐतिहासिक राष्ट्रिय भेला नेपालमा पहिलो पटक गर्ने जमर्को भने शक्ति समूहले गऱ्यो । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर गत २०६३ पुस २० देखि २४ गतेसम्म शक्ति समूहले आफ्नै नेतृत्वमा भेलाको आयोजना गऱ्यो ।

भेलामा पत्रकार लगायत वेचबिखनविरुद्ध क्रियाशील संघसंस्थाहरूको बाक्लो सहभागिता रहेको थियो । बेचबिखनको कहालीलाग्दो अनुभव बोकेका महिलाहरूको कथा र व्यथा भेलामा व्यक्त गरिए । शक्ति समूहले बेचबिखनबाट प्रभावित दुईसयजना महिलाहरूलाई उक्त भेलामा उपस्थित गराउने उद्देश्य राखेको भएतापनि तत्कालीन राजनीतिक परिवेशका कारण राजधानी बाहिरका जिल्लाहरूबाट सोचेजस्तो उपस्थित गराउन भने सम्भव रहेन ।

**सञ्चार जगत महिला बेचबिखनको सवालमा बढी संवेदनशील, जागरुक र जिज्ञासु रहेको भन्ने अनुभव भेलामा उपस्थित पत्रकारहरूको उपस्थितबाट हामीले अनुभव गऱ्यौं ।**

त्यस बाहेक राजधानीभित्रबाटै पनि पुनर्स्थापना केन्द्रहरूबाटमा रहेका प्रभावित दिदीबहिनीहरूलाई उपस्थित गराउने भेलाको उद्देश्य पनि धेरैहदसम्म पूरा हुन सकेन । यसबाट पुनर्स्थापनाको नाममा काम गर्ने कतिपय संस्थाहरूले प्रभावितको हितमा प्रर्याप्त काम नगरेको हो कि भन्ने अनुभव शक्ति समूहले बटुलेको छ । आजभन्दा एक दशक अघिको तुलनामा सञ्चार जगत महिला बेचबिखनको सवालमा बढी संवेदनशील, जागरुक र जिज्ञासु रहेको भन्ने अनुभव भेलामा उपस्थित पत्रकारहरूको उपस्थितबाट हामीले अनुभव गऱ्यौं । आशाजनक उपस्थितिको परिणामस्वरुप सञ्चार माध्यमबाट भेलाका चरणबद्ध समाचारहरू निकै सकारात्मक ढङ्गबाट सम्प्रेषण हुनुले पनि सञ्चारमाध्यमको यस विषयप्रतिको चासोले स्वतः प्रमाणित गरेको छ ।

भेलामा उपस्थित धेरैजसो प्रभावितहरूले परिवार र आफ्नै निम्ति शिक्षा, स्वास्थ्य र आयआर्जनसम्बन्धी सहयोगको अपेक्षा राखेका थिए । विभिन्न परिस्थितिहरूको कारण समुदायमा बस्न नसक्ने खालको वातावरण सिर्जना भएको प्रभावितहरूले बताए । बेचबिखनमै परेको कारण आफूहरूले समुदायका जनताबाट पटकपटक मानसिक यातानाहरू भोग्नु परेको वेदना उनीहरूले भेलामा पोखे । समस्याको जड को त ? के हामीहरू दोषी हौं त ? जस्ता प्रश्नहरू सहभागीहरूले राखेका थिए ।

बेचबिखन जस्तो संवेदनशील सवाललाई राजनीतिक सवालको रूपमा राखी राष्ट्रिय मुद्दाको रूपमा उठाउनु पर्ने भेलाका सहभागीहरू विचार थियो । यो समस्या कसैको व्यक्तिगत नभएर सिङ्गो समाज र राष्ट्रको नै भएकोले यसले राजनीतिक मुलधारमा स्थान पाउनुपर्छ भन्ने शक्ति समूहको पनि विचार रहेको छ । साथै संचारमाध्यमले पनि अझै यो

**भेलामा प्रभावित एवम् शक्ति समूहबाट निम्न लिखित मागहरू पारित गरिएको थियो-**


- बेचबिखनबाट प्रभावित महिलाहरूका लागि राज्यबाट अनिवार्य शिक्षा र सिपमूलक रोजगारको सुनिश्चितता गरिनु पर्ने ।
- प्रभावितहरूको लागि अविलम्ब पुनर्स्थापनागृह संचालन गरिनु पर्ने ।
- निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरिनु पर्ने ।
- गाँस, बास, कपास र सुरक्षाको अधिकारको सुनिश्चितता गरिनु पर्ने ।
- हिंसारहित जीवन बाँच्न पाउने महिलाहरूको अधिकार राज्यबाट सुनिश्चित गरिनु पर्ने ।
- प्रभावित महिलाहरूका बालबालिकालाई निःशुल्क शिक्षा, स्वास्थ्य र सुरक्षाको व्यवस्था गरिनुपर्ने ।
- आमाको नामको नागरिकताको आधारमा छोराछोरीलाई नागरिकता दिने प्रावधानलाई यथाशिघ्र व्यवहारमा ल्याई सहज तरिकाले कार्यान्वयन गरिनु पर्ने ।
- प्रभावितहरूलाई यथोचित क्षतिपूर्ति दिने व्यवस्था गरिनु पर्ने ।
- उद्धारपूर्व वैकल्पिक रोजगार सुरक्षाको व्यवस्था अविलम्ब गरिनु पर्ने ।
- देशभित्र हुने आन्तरिक मानव बेचबिखन कार्यलाई पनि कानुनी दायराभित्र राखिनुपर्ने ।
- किन्ने, बेच्ने, सहयोग गर्ने दलाललाई जन्मकैदको सजाय हुनुपर्ने ।
- प्रभावितहरूप्रति सामाजिक दुर्व्यवहार गर्ने माथिको कारबाहीको कार्यान्वयन पक्ष बलियो हुनुपर्ने ।
- प्रभावित एकल महिलाहरूको आधारभूत मानव अधिकारको सुनिश्चितता गरिनुपर्ने ।
- राज्यले देश र देश बाहिर रहेका प्रभावितहरूको सूचनाको पहुँचलाई सुनिश्चित गरिनुपर्ने ।
- मानव बेचबिखनलाई रोकथाम गर्ने उद्देश्यले प्रभावितहरूको पक्षमा यथाशिघ्र अध्ययन तथा अनुसन्धान गरिनु पर्ने ।
- बेचविखनबाट प्रभावित महिलाहरूको मुद्दाको सुनुवाई बन्द ईजलासमा गर्ने व्यवस्था गरिनुपर्ने ।
- स्रोत देश र गन्तव्य देशबीचमा श्रम सम्झौता गरिनुपर्ने ।
- सीमावर्ती क्षेत्रहरूमा हिँड्डुल गर्ने महिलाहरूको अधिकारको संरक्षण गर्दै प्रभावितहरूकै नेतृत्वमा सूचना प्रदान गर्ने व्यवस्था गर्नुपर्ने ।
- कानुनी प्रक्रिया चलिरहेको अवस्थामा प्रभावित, तिनका परिवार र सहयोगीको सामाजिक सुरक्षाको दायित्व राज्यले लिनुपर्ने ।
- प्रभावितहरूको गोपनीयताको हक राज्यबाट सुनिश्चित गरिनुपर्ने ।
- प्रभावितहरूका मुद्दाहरूलाई सम्बोधन र समाधान गर्ने उपयुक्त राष्ट्रिय नीति र कार्यक्रमको विकास गर्ने कार्यमा प्रभावितहरूकै सहभागितामा हुनुपर्ने व्यवस्था गरिनुपर्ने ।
- पैतृक सम्पतिमा समान अधिकार हुने व्यवहारिक कानुन निर्माण गर्नुपर्ने ।
- महिला सम्बन्धी गठन वा निर्माण हुने आयोग र समितिहरूमा प्रभावितहरूलाई समावेश गराइनु पर्ने ।
- प्रभावित महिलाहरूको समस्या माग होइन समस्या भएकोले राज्यले सामाजिक स्तरबाटै समस्याको प्रस्थान विन्दुलाई पत्ता लगाएर अन्त्य गर्नका लागि नीतिगत, कानुनी प्रक्रिया र व्यवहारमा समेत लागू गर्ने प्रतिबद्धता आउनु पर्ने ।

विषयलाई जोडदारका साथ उठाउनु पर्छ । देशका कुनाकाप्चामा महिला बेचबिखनको विषयलाई आम नागरिकको सामुन्ने लग्नुपर्ने र धैरैभन्दा धैरै जनतालाई यस विषयमा चेतना दिलाउनु पर्ने अहिलेको प्रमुख आवश्यकता हो भन्ने हाम्रो धारणा पनि रहेको छ। बेचबिखनबाट प्रभावित महिलाहरूले शक्ति समूह जस्तो संस्थासँग हातेमालो गरेर अगाडि बढ्नु पर्दछ भन्ने हाम्रो मनसाय हो ।

**मागहरू**

- सामाजिक, सांस्कृतिक, आर्थिक अधिकार, प्रभावितहरूको प्रमुख सरोकार
- मानव बेचबिखनको मुद्दालाई अधिकारमुखी आँखाबाट हेरौं
- प्रभावितहरूको राष्ट्रिय सम्मेलन, प्रभावितहरूको सामाजिकीकरण र पुनर्मिलन
- मानव बेचबिखनरहित समाज, प्रभावितहरूको संगठित आवाज
- नयाँ नेपालको परीकल्पना, मानव बेचबिखनरहित राज्यको पुनर्संरचना
- संविधानसभाको निर्वाचनको आवश्यकता, प्रभावितहरूको अधिकार स्थापनाको सुनिश्चितता
- नयाँ नेपालको निर्माणको लागि, बेचबिखन जस्तो जघन्य अपराधलाई जरैदेखि उन्मुलन गरौं।
- प्रभावितहरूको क्षतिपूर्तिको अधिकार, दलालहरूलाई सामाजिक वहिष्कार
- लोकतान्त्रिक अभियान नेपालको आवश्यकता, सामाजिक सुरक्षा प्रभावितको आवश्यकता ।


*(लेखिका शक्ति समूहकी कार्यक्रम संयोजक हुनुहुन्छ ।)*



# महिला तथा बालबालिकाविरुद्ध हुने हिंसाका विभिन्न स्वरूप

❑ अनिल अधिकारी









- *एक दशक अघिको कुरा हो । घरेलु हिंसा विषयक अनुसन्धानको सिलसिलामा सुदूरपश्चिमको एक सहर पुगेको थिएँ । त्यहाँको एकजना क्याम्पस प्रमुखको घरमा मसहित अन्य दुई साथीहरू पनि थिए । क्याम्पस प्रमुखको श्रीमती विदेशबाट उच्च शिक्षा हासिल गरेकी शिक्षित महिला थिइन् । उनी घरेलु हिंसा विरुद्धको अभियानकी पनि अगुवा पनि थिइन् । राति खानेबेला कुरैकुरामा प्रमुख महाशयले 'स्वास्नीमान्छे भनेको त लोग्नेमान्छेको खुट्टाको जुत्ता हो, खुट्टा भए जुत्ता त कति कति' भनेर श्रीमतीलाई होच्याए । अपरिचितहरूको अघिल्तिर लोग्नेले प्रदर्शन गरेको व्यवहारबाट श्रीमती मर्माहत भइन् । क्याम्पस प्रमुखजस्तो शिक्षित व्यक्तिको त्यस्तो दरिद्र मानसिकता र सोच देखेर हामीलाई उनीप्रति रिस उठेन बरु करूणा जाग्यो ।*
- *मेरै साथीको घरमा भर्खर बिहे गरेका एक जोडी बस्थे । केटा डाक्टर थियो । केटी आधुनिक रहनसहनकी सामान्य गृहणी । बाउआमाले डाक्टर लोग्नेसँग छोरीले सुख पाउँछे भनेर बिहे गरिदिएका रहेछन् । तर, डाक्टर महाशय राति भएपछि जाँड खानैपर्ने । खाएपछि स्वास्नीको घाँटी समात्ने । टोल छिमेकमा धेरै पटक रडाको मच्चियो । हेर्दाहेर्दै भर्खरका ती आधुनिक जोडी सम्बन्ध बिच्छेद गरेर छुट्टिन पुगे ।*
- *महिला हिंसासम्बन्धी तथ्याङ्क लिन जाँदा एक उच्च महिला प्रहरी अधिकृतले आफ्ना सहायक प्रहरी अधिकृतको घरमा महिलाप्रति सासु र श्रीमान्‌बाट निकै हिंसा हुने गरेको बताइन् । धनी परिवारकै श्रीमती/बुहारीलाई भातको डल्ला थालमा फालिदिने, अँध्यारो कोठामा सुत्न दिने, घरमा धारा हुँदाहुँदै घर बाहिरको ढुङ्गेधाराबाट पानी ल्याउन पठाउने, गालीगलौज, मानसिक र शारिरीक यातना दिने गरिँदोरहेछ ।*

उल्लिखित घटनाहरूले नपढेका, नबुझेका व्यक्तिबाट नजानेर, नबुझेर मात्र होइन, महिलामाथिको हिंसा त समाजका शिक्षित, बौद्धिक र सम्पन्न परिवारका सदस्यहरूबाट जानीजानी र नियतवस हुने गर्दछ भन्ने प्रष्टै देखाउँछ । महिलामाथि हुने यस्ता हिंसा हाम्रो समाजमा छ्याप्छ्याप्ती पाइन्छन् । कतिपय अदृश्य हुने गरेका छन् भने कतिपय उजागर भएका छन् । हाम्रै समाजमा अर्का यस्ता वर्ग छन् जसले आफूले गरेको क्रियाकलापहरूलाई सामान्य रूपमा लिन्छन् र भए गरेका क्रियाकलाप हिंसा हो भनेर कहिल्यै ठान्दैनन् । चेतना र शिक्षाको अभावका कारण परिवार र समाजका सदस्यहरूबाट यस्ता व्यवहारहरू हुने गरेका पाइन्छन् ।


- *'एकजना विपन्न परिवारले छोरालाई बोर्डिङ स्कुल हालेका थिए, छोरी सरकारी स्कुलमा । आर्थिक अभावका कारण मैले पहिलो वर्षका निम्ति केही रकम उनीहरूलाई उपलब्ध गराएको थिएँ । बोर्डिङ स्कुलको शुल्क सरकारी स्कुलको दाँजोमा त्यसै पनि चर्को हुन्छ । दोस्रो वर्षमा मैले छोरालाई सरकारी स्कुलमा सार्न सुझाव दिएँ । त्यसो गर्दा मलाई पनि थोरै पैसा सहयोग गरे पुग्थ्यो ।*

*अर्कोतिर सरकारी स्कुलमा पढाएर छोरीमाथि अभिभावकले अन्याय गरेका थिए । तर, छोरीमाथि अन्याय वा भेदभाव भयो भनेर उनीहरुले कहिल्यै सोचेका थिएनन् । त्यस्तो भेदभावले छोरीको मनोविज्ञानमा नकारात्मक असर पर्न सक्थ्यो । छोरालाई गुणस्तर शिक्षा दिने ढिपीले बाबुचाहिँले छोरालाई पुनः बोर्डिङमै हाले, छोरी सरकारी स्कुलमै पढ्न थालिन् ।*




देख्दा साधारण जस्तो लाग्ने लिङ्गको आधारमा हुने यस्ता लैङ्गिक असमानता महिला तथा बालिकाविरुद्ध हुने हिंसाअन्तर्गत पर्दछ जुन हाम्रो समाजका धेरै बालिका तथा महिलाहरुले भोग्दै आइरहेका छन् । तर, यसलाई हिंसा हो भन्ने कुरा धेरै अभिभावकले बुझ्नै बाँकी छ ।


■ *एकपटक परिवारका साथ मुक्तिनाथको दर्शनमा गएको थिएँ । मन्दिर हातामा बाल भिक्षुणीहरूसँग साक्षात्कार भयो । 'माहिली छोरी भएकाले झुमा बन्न आएको', एउटी कलिली भिक्षुणीले भनेको मलाई राम्रै याद छ । झुमाको नाममा मुक्तिनाथ मन्दिरमा समर्पित त्यो सानी केटी मुस्ताङको बौद्ध पाठशालामा पढ्थी ।*



परम्परागत रूपले चल्दै आएको संस्कारलाई निरन्तरता दिन कुनै भाकल वा कामनाले तिनको बाबुआमाले माहिली छोरीको रूपमा तिनलाई मन्दिरमा अर्पण गरेका थिए । छोरीलाई त्यसरी मन्दिरमा चढाएर बाबुआमाले त्यो सानी केटीको बाल अधिकारको हनन् मात्र गरेनन् छोरीलाई परम्परा र संस्कृतिको बलि चढाएर त्यो सानी केटीविरुद्ध हिंसासमेत गरेका थिए ।




बेचबिखनका कतिपय घटनाक्रमहरूमाथि अध्ययन अनुसन्धान गर्ने हो भने कतिपय अभिभावकहरू आफ्नो छोरी/चेली र बालबालिकामाथि हिंसा हुनसक्छ भन्ने कुरा हेक्कै राख्दैनन् न त प्रभावितले कुनै सुइको पाएका हुन्छन् । अपरिचितहरूमाथि अन्धो विश्वास गर्नु, उनीहरूको कुरा सुन्नु, सजिलै प्रभावमा पर्नु, सही र गलतको मूल्याकङ्न गर्न असमर्थ हुनु, प्रलोभनको शिकार हुनु, तथ्यको गहिराइमा पुग्न नसक्नु र तीनै कारणहरुले गर्दा बेचबिखन जस्तो गम्भीर समस्याबाट पिरोलिने प्रचलन व्याप्त छ । अज्ञानता, अशिक्षा र चेतनाको कमीका कारण आज धेरै छोरीचेली र बालबालिकाहरू बेचबिखनको चपेटामा परेका छन् जसलाई गहनताका साथ बुझ्नु अत्यन्तै जरुरी छ ।



थाहा नपाइकन हुने गरेका कतिपय व्यवहारहरू हिंसा हुन सक्छन् भन्ने कुरा सबैले बुझ्नु पर्दछ । छोरीको भविष्यप्रति विश्वास नगर्ने अधिकांश अभिभावकहरूले छोरीलाई बोझ सम्झी कलिलै उमेरमा बिहेदान गरी पठाइदिन्छन् । कतिपय महिला अधिकारवादीहरू बिहे र परिवारजस्ता संस्थाहरू महिलामाथि हुने हिंसाका प्रमुख मान्दछन् जहाँ महिलाहरूले शारीरिक, मानसिक हिंसाको शिकार भइरहनुपदर्छ ।

कसैमाथि कुटपिट गरेर मात्र हिंसा हुँदैन । बोलेर, भनेर, सुनाएर, भेदभाव र असमान व्यवहार प्रदर्शन गरेर पनि हिंसा हुनसक्छ भन्ने कुरा सबैले राम्ररी बुझ्नु जरुरी छ । किताबी ज्ञान र सिद्धान्तले मात्र मान्छे ठूला हुँदैनन् । मुख्य कुरा त हामीले आफ्नो सोच र व्यवहारमा परिवर्तन ल्याउनु जरुरी छ । महिला तथा बालबालिका माथि हेर्ने र गर्ने व्यवहारमा परिवर्तन ल्याउनु जरुरी छ ।



पुरुषको दाँजोमा पछि पारिएका महिलाहरूलाई विकासको मूलधारमा ल्याउन टड्कारो आवश्यकता छ । शान्तिक्षेत्र भनिने बालबालिकाप्रति न्यायपूर्ण र भेदभावरहित व्यवहार प्रदर्शन गर्नु जरुरी छ । परिवर्तन, सोचेजस्तो सहज पनि छैन, तर असम्भव पनि छैन ।

*(लेखक महिला हिंसाविरुद्धको, अभियानमा क्रियाशील हुनुहुन्छ ।)*

चित्र : अटोग्राफ क्रिएसन



# बेचबिखनमा परेका प्रभावितहरूलाई मनोविमर्शको आवश्यकता

❑ पूर्णकला कोइराला (शर्मा)

बेचबिखन वा ओसारपसार मानव अधिकारको एक गम्भीर उल्लघङ्न हो । यो मानवता विरोधी क्रियाकलाप हो भन्ने कुरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायले समेत स्वीकारिसकेका छन् । बेचबिखन वा ओसारपसार जटिल समस्याको रूपमा समाजमा जरो गाडेर बसेको छ र समाजका सबै पक्षसँग यसको अन्तरसम्बन्ध छ ।

संयुक्त राष्टसंघीय मानव अधिकारका लागि उच्च आयुक्तको कार्यालय, संयुक्त राष्टसंघीय बाल-विकास कोष र स्थानागमनका अनिरिक्त ओसारपसार हो । जसमा ओसारपसारमा पर्ने मानिसको आर्थिक, शारीरिक र मानसिक लगायतको शोषण हुने गर्दछ ।

बेचबिखन बलपूर्बक र स्वेच्छिक बसाई सराइको क्रममा पनि हुने गर्छ । त्यसैगरी आवागमनका वैध तथा अवैध माध्यमहरू हुन्छन् । विशेषगरी कल-कारखाना, इटाभट्टा आदिमा मजदुरी, घरेलु कामकाजका निम्ति, यौन-व्यापारका निम्ति, रेष्टुरेन्टका कामकाजका प्रयोजनका निम्ति बेचबिखन हुने गरेको पाइन्छन् जसको माध्यम विभिन्न प्रलोभन,



अन्तर्राष्ट्रिय संगठनहरूका अनुसार दासता, बाध्यात्मक श्रम र दासतापूर्ण व्यवहारका लागि कुनै पनि व्यक्तिलाई डर, धाक, जाल झेल, शक्तिको दुरुपयोग गरी भर्ना गर्ने, ओसारपसार गर्ने, एक स्थानबाट अर्को स्थानमा पठाउने वा त्यस्ता गतिविधिमा सहयोग पुऱ्याउने कार्य नै बेचबिखन हो ।

मानिसलाई डर धम्की देखाएर, बल प्रयोग गरेर, अपहरण गरेर, औषधि खुवाई लठ्याएर, झुक्याएर, प्रलोभनमा पारेर नयाँ काम लगाउने बहानामा एक ठाउँबाट अर्को ठाउँमा लैजानु, ठाउँ सार्नु, सीमाना तथा समुन्द्रपार गराउनु झुठ, छलकपट हुनसक्छन् भने अपराधीले प्रेम, विवाह जस्ता माध्यम पनि यस कार्यमा अपनाउने गरेको पाइन्छ ।

**ओसारपसारमा पर्ने मानिसको आर्थिक, शारीरिक र मानसिक लगायतको शोषण हुने गर्दछ ।**

महिला तथा बालबालिका ओसारपसार हुने क्षेत्रहरूमा बँधुवा श्रमको प्रचलन पनि कम छैन । घरेलु श्रम, कृषि मजदुरी, गार्मेन्ट, इट्टाभट्टा लगायत अत्यन्त जोखिमपूर्ण श्रमका क्षेत्रहरू बालबालिकाहरू पनि हुन् भनिन्छ । महिला तथा बालबालिकाहरूलाई दबावपूर्ण ढङ्गले यौन व्यवसाय, यौन पर्यटन, अश्लील चलचित्र, सर्कस, उत्शृङ्खल नृत्य, डान्स रेष्टुरेन्टमा लगाइने गरिएको पाइन्छ भने तिनको अङ्ग

प्रत्यारोपण गर्ने, अर्थोपार्जनका निम्ति सडकमा भीख माग्ने बनाएर राखिदिने मात्र हैन लागू पदार्थ तस्करी, द्वन्द्वमा समेत तिनको प्रयोग भएको पाइएको छ ।

गरिबी र बेरोजगारी, लैङ्गिक विभेद, कतिपय सांस्कृतिक र धार्मिक रीतिरिवाजहरू तथा कानुन र नीतिनियहरू नै बेचबिखनमा सहयोग पुऱ्याउने तत्वहरू मानिन्छ । शिक्षा र रोजगारबाट मानिसहरू अझै पनि विमुख भइरहेका छन् । जसले गर्दा हाम्रो समाजमा अझै पनि रुढीवादी मान्यताहरू प्रचलनमा रहेका पाइन्छन् ।

समाजमा बेचबिखनबाट प्रभावितहरूलाई हेर्ने नकारात्मक दृष्टिकोणले उनीहरूलाई अझ बढी पीडा थपिदिएको छ। यिनै कारणले गर्दा कतिपय अवस्थामा प्रभावितहरूले नेपाल आई तिरस्कारयुक्त जीवन बिताउनु भन्दा पुनः त्यही पेसा अपनाउन बाध्य भएको कतिपय अध्ययन् अनुसन्धानले देखाउँछ ।

प्रभावितहरूको पुनर्स्थापना तथा सामाजिकीकरणको समस्या बेचबिखनको सवालमा प्रमुख चुनौती भएको छ । घर परिवार अनि समाजले अझै पनि प्रभावितहरूलाई हेर्ने दृष्टिकोण पुरानै छ । प्रभावित व्यक्तिमात्र नभई तिनको परिवारलाई नै कलकङ्को रूपमा हेरिने प्रचलनले गर्दा पीडित छोरीप्रति माया ममता हुँदाहुँदै पनि समाजको डरले कतिपय चेलीहरू आफन्तबाटै अपहेलित र वेवास्ता गरिन बाध्य छन् ।

एकातिर देह व्यापारलाई सामाजिक पापका रूपमा लिइन्छ भने अर्कोतिर त्यसबाट सिर्जित एचआइभी/एड्सलाई तिरस्कारकै रूपमा अझै पनि हेरिन्छ । त्यसबाट सङ्क्रमित महिला परिवार र समाजको निम्ति बोझ हुने गरेको अझै पनि पाइन्छ ।

पारिवारिक र सामाजिक अवहेलना, दुर्व्यवहारका कारण प्रभावितहरू मानसिक त्रास र नराम्रो मनोवैज्ञानिक असरबाट पीडित बन्ने गरेको पाइन्छ । यस्तो परिस्थितिहरूबाट पीडितहरूमा असुरक्षित महसुस गर्ने, मनमा आत्मग्लानीको भावना विकसित हुने, असहायपन महसुस गर्ने, एकान्तमा बस्न रुचाउने जस्ता व्यवहारहरू देखिने गर्दछ जसको परिणामस्वरुप समाजमा यदाकदा आत्महत्याको घटनासमेत घटेका छन् ।

प्रभावितहरूलाई तिरस्कार होइन माया, ममताको खाँचो छ भन्ने सबैले बुझ्नु जरुरी छ । उनीहरूलाई अवहेलना र घृणा होइन स्नेह र सहयोगको जरुरत हुन्छ । आधारभुत आवश्यकताको यथोचित व्यवस्था गरिनु पर्दछ र प्रभावितहरूको सुरक्षाको प्रत्याभूति गरिनु पर्दछ । आवश्यकीय चिकित्सा सेवा उपलब्ध गराउनु पर्दछ ।

उनीहरूलाई अनौपचारिक शिक्षा र चेतनाको सशक्तिकरण गर्न आवश्यक छ । यी सबै कुराको बाबजुद पनि उनीहरूलाई मनोविमर्शको आवश्यकता पर्दछ । बेचबिखनका कारण प्रभावितहरूमा आफू र आफ्नो जीवनप्रतिको मोह समाप्त भइसकेको पाइन्छ । उनीहरूले सुरक्षा तथा स्वाभिमानका अनुभूति हराइसकेका हुन्छन् ।

**समाजमा बेचबिखनबाट प्रभावितहरूलाई हेर्ने नकारात्मक दृष्टिकोणले उनीहरूलाई अझ बढी पीडा थपिदिएको छ ।**

रिस, प्रतिशोध, लाज, घृणा, डर आदि भावनाहरूले प्रभावितहरूको मनमष्तिष्कमा नराम्ररी डेरा जमाएको हुन्छ । यस्ता विभिन्न समस्याहरूबाट बचाउन र उनीहरूको चर्किरहेको घाउमा मलम लगाउने कार्यको साथै उनीहरूलाई समाजमा पुर्नस्थापना गर्नको लागि आत्मसम्मान, उत्पेरणा दिई समाज र स्वयम् आफ्नै जीवनप्रतिको मोहलाई पुनर्ताजा गर्न मनोविमर्शले सहज गर्दछ । साथै आफैप्रतिको मर्यादा वा सम्मान जगाउने तथा समस्याको समाधान गर्ने क्षमतामा वृद्धि गर्ने उद्देश्यले प्रभावितहरूलाई सुनेर, उनीहरूप्रति सहयोगी एवम् समझदार भएर आफ्ना भावना चिन्ता, विचार, डर आदिलाई अभिव्यक्त गर्न उनीहरूलाई समर्थ बनाउने कार्य मनोविमर्शले गर्दछ ।

बिगतमा घटेका घटनाहरूलाई मनोविमर्शले न त रोक्न सक्दछ न त बदल्न नै । तर, ती घटनाबाट व्यक्तिमाथि आएका नकारात्मक परिणामहरूलाई घटाई व्यक्तिमा सकारात्मक सोचको विकास गर्न र उनीहरलाई आगामी दिनमा त्यस्तैखाले घटनाबाट जोगाउन मनोविमर्शले अवश्य मद्दत गर्दछ ।

*(लेखिका सिविस नामक गैससमा कार्यरत हुनुहुन्छ ।)*



# एटविनको एक दशक र अबको बाटो

❑ कुमार भट्टराई

सन् १९९७ जुन ६ का दिन विधिवत स्थापना भएको महिला, बालबालिका बेचबिखन विरुद्धको सहकर्मी समूह नेपाल (एटविन), मानव बेचबिखनविरुद्धको अभियानमा एउटा अग्रणी संजालको रूपमा स्थापित भैसकेको छ । यो सञ्जाल स्थानीयदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म चर्चित र सम्मानित रहेको छ ।

सामाजिक अपराधको रूपमा विद्यमान मानव बेचबिखन जस्तो समस्याको निदान केही संस्था वा सरकार एक्लैले मात्रै सम्भव नहुने कुराको महसुस गर्दै मानव अधिकार, महिला र वाल अधिकारका क्षेत्रमा कार्यरत संघसंस्था एवम् व्यक्तिहरुको अनेक चरणको छलफलपछि स्थापित यस संस्थाले अहिलेको परिस्थितिसम्म आइपुग्न अनेक चरणहरू पार गरेको छ ।

समयको अन्तरालसँगै एटविनले आफ्ना कामहरूलाई परिमार्जन गर्दै लगेको छ भने सन् २००४ मा आएर एटविन विधिवत दर्ता भएको छ । महिला तथा बालबालिकाको बेचबिखन विरुद्ध सामाजिक चेतनाका निम्ति कार्य गर्ने, भएका नीति नियम एवम् कानुनहरूको कार्यान्वयन एवम् आवश्यकता अनुसार तिनीहरुको परिमार्जनका निमित्त सम्बन्धित निकायलाई सघाउ पुऱ्याउने तथा दबाब सिर्जना गर्ने एटविनका उद्देश्यहरू रहेका छन् ।

त्यसदेखि बाहेक महिला तथा बालबालिका बेचबिखनको सवालमा धारणागत स्पष्टता ल्याउने, बेचबिखनविरूद्ध मानव अधिकारमुखी दृष्टिकोणसहित सचेतना अभिवृद्धि गर्ने, बेचबिखनविरूद्ध सञ्जाल बिस्तार गर्ने, आवश्यकता अनुसार सुझाव तथा दबाब दिने, जन वकालत र पैरवी गर्ने, महिला तथा बालबालिका बेचबिखनको मुद्दालाई जनस्तरदेखि नीति निर्माण तहसम्म र आवश्यकता अनुसार अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउने उद्देश्यहरू पनि एटविनले समेटेको छ ।

सामाजिक क्षेत्रहरूमा थुप्रै संजालहरू निर्माण हुने क्रम जारी छ । कतिपय संजालहरु केही समयपछि सुस्ताएका पनि छन् । यस्तो परिवेशमा एटविनका क्रियाशील दसवर्ष आफैमा उदाहरण बन्न सफल छ । त्यसैगरी एटविनको स्पष्ट नीति, मान्यता तथा क्रियाशीलताका कारण सदस्य संस्थाहरूबीचको सहकार्यको संस्कृतिलाई पनि बढावा मिलेको छ । यस संजालभित्र सवाललाई अभियानका रूपमा अगाडि बढाउने उद्देश्यका लागि देशका ख्यातिप्राप्त राष्ट्रियस्तरका संस्थादेखि स्थानीय स्तरका संस्थाहरूसमेत समाहित भएर सँगसँगै अगाडि बढिरहेका छन् ।

■■
**यस संजालभित्र सवाललाई अभि( यानका रूपमा अगाडि बढाउने उद्देश्यका लागि देशका ख्यातिप्राप्त राष्ट्रियस्तरका संस्थादेखि स्थानीय स्तरका संस्थाहरूसमेत समाहित भएर सँगसँगै अगाडि बढिरहेका छन् ।**
■■

विगतमा एटविनले संचालन गरेका प्रभावकारी अभियान तथा कार्यक्रमहरूलाई छोटकरीमा चर्चा गरिएको छ ।

### कालो पहिरनमा महिला

एटविनले अभियानकै रूपमा संचालन गरेको एउटा महत्त्वपूर्ण कार्यक्रम हो 'कालो पहिरनमा महिला' । लगभग एटविनको स्थापनाकालदेखि नै शुरू भएको यस अभियान अङ्ग्रेजी महिनाको अन्तिम शुक्रबार सहरको कुनै निश्चित चोकमा विभिन्न वितरण सामग्रीसहित कालो पहिरनमा मानिसहरू भेला भएर महिला हिंसा विशेष गरेर मानव बेचबिखनविरुद्धमा गरिने मौन बिरोधको कार्यक्रम नै 'कालो पहिरनमा महिला' हो ।

थोरै समयमा चर्चाको शिखरमा पुगेको र जनचेतना जगाउन सफल मानिएको यस कार्यक्रममा पुरुष सहभागिताका लागि कार्यक्रम संचालनको केही समयको अन्तरालपश्चात् 'कालो पहिरनमा नागरिक' नामाकरण गरी

काठमाडौंबाट जिल्लास्तरमा समेत बिस्तार गरियो । यसैक्रममा देशमा चर्किएको द्वन्द्व र देशमा पटकपटक लागेको सङ्कटकालबाट 'कालो पहिरनमा नागरिक' कार्यक्रम प्रत्यक्ष प्रभावित हुन पुग्यो । द्वन्द्वको पछिल्लो कालखण्डमा कार्यक्रमलाई स्थगित गरिएकोमा देशमा लोकतन्त्रको बहाली र शान्तिको स्थिति तयार भएपछि सो कार्यक्रम पुनः संचालनमा आएको छ ।

### विभिन्न प्रचार सामग्रीहरूको प्रकाशन

एटविनले थुप्रै प्रचारात्मक सामग्रीहरूको प्रकाशन गर्दै आइरहेको छ । यसमा *ओसारपसार* लगायत पोष्टर, ब्रोसर, पकेट क्यालेन्डर र भित्ते क्यालेन्डर रहेका छन् । *ओसारपसार* एटविनको अवधारणालाई जनसमक्ष पुऱ्याउने हेतुले अर्धवार्षिक रूपमा प्रकाशित हुँदै आइरहेको छ ।

### हामी सक्छौं अभियान

महिला हिंसाविरुद्ध केन्द्रित दक्षिण एसियास्तरीय 'हामी सक्छौं अभियान' को राष्ट्रिय अभियानमा एटविन सक्रियतापूर्वक संलग्न रहँदै आएको छ । यस अन्तर्गत थुप्रै प्रचार सामग्रीहरू वितरण गरिएका छन् भने हस्ताक्षर अभियान पनि संचालन गरिएको छ । 'हामी सक्छौं अभियान' कार्यक्रमअन्तर्गत एटविनले दक्षिण एसियाका विभिन्न राष्ट्रहरू श्रीलंका, भारत आदिमा भएका विभिन्न कार्यक्रमहरूमा सहभागिता जनाएको छ । हामी सक्छौं अभियानले महिलामाथि हुने हिंसाविरुद्धमा जन चेतना अभिवृद्धिमा ठूलो सघाउ पुगेको अनुभव गरिएको छ ।

### राष्ट्रिय र अन्तर्राष्ट्रिय कार्यक्रमहरूको आयोजना

एटविनले दक्षिण एसिया क्षेत्रीयस्तरका विभिन्न कार्यक्रमहरूको आयोजना सफलतापूर्वक सम्पन्न गरेर आफ्नो अनुभवलाई व्यापक बनाउँदै लगेको छ । सन् २००० मा सम्पन्न 'दोस्रो सार्क पिपुल्स फोरम' र सन् २००४ मा सम्पन्न 'महिला अदालत' विशेष रूपमा उल्लेख्य छ, जुन महिला बेचबिखन तथा महिला हिंसाविरुद्ध लक्षित रहेको थियो । यी कार्यक्रमहरूले एटविनलाई राष्ट्रिय अन्तर्राष्ट्रिय पहिचान दिन थप मद्दत गऱ्यो ।

### जनआन्दोलन भाग-२ एटविनको सहभागिता

अधिकारवादी सोचमा आफ्ना गतिविधिलाई बढाइरहेको एटविन जनआन्दोलन भाग-२ बाट अछुतो रहन सक्ने कुरै थिएन । एटविनले जनआन्दोलन भाग- २ मा विभिन्न गतिविधि सहित सक्रियतापूर्वक सहभागिता जनाएको थियो ।

### संस्थागत विकासमा उपलब्धि र अन्य कार्यक्रमहरू

संस्थागत विकासका क्षेत्रमा पनि एटविनले ठूलै फड्को मारिसकेको छ । हाल यसको आफ्नो छुट्टै सचिवालय छ । सचिवालयमा एटविनको एउटा स्रोत केन्द्र स्थापना गरिएको छ । हाल एटविन औपचारिक रूपमा एक गैरसरकारी संस्थाको रूपमा दर्ता गरिएको छ । यसबाहेक थुप्रै पत्रकार सम्मेलन, सदस्य संस्थाहरूलाई अवधारणात्मक स्पष्टता गोष्ठीहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा संजाल बिस्तार एवम् सवालमा पैरवी गर्ने कामहरू एटविनबाट भएका छन् । यस क्रममा बेचबिखनविरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा लागिपर्न बेलाबखत उच्च तहमा (सार्क राष्ट्राध्यक्षहरूलाई समेत) पत्राचार एटविनको आयोजनामा गरिएका छन् ।

### एटविनका अवसर र चुनौतीहरू

विगत एक दशकको अवधिमा एटविनले स्थानीयस्तर हुँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्म आफ्नो संजाल र सम्बन्धलाई विस्तार गरिसकेको छ । देशको कठिन परिस्थितिमा एटविनले आर्जन गरेको यसप्रकारको ख्याति अबका दिनमा अझ बढ्दै जाने सुनिश्चित छ । स्वभाविक रूपमा एटविनको बढ्दो लोकप्रियता सँगसँगै समाजले गर्ने अपेक्षामा पनि वृद्धि हुँदै जाने पक्का छ । यस अर्थमा बदलिएको परिस्थितिमा एटविनसँग अवसरहरू प्रशस्त देखिएका छन् भने अबको एटविनको यात्रा झन् चुनौतीपूर्ण रहेको छ ।

अगाडि देखिएका अवसरहरू र चुनौतीहरूलाई उपयोग तथा सामना गर्न तयार हुनुको विकल्प अब एटविनसँग देखिँदैन । यस अर्थमा एटविनले आपनो विगतको कार्यको मूल्याङ्कन गर्दै आगामी योजना तर्जुमा गर्नु आवश्यक देखिन्छ ।

**'हामी सक्छौं अभियान'ले महिलामाथि हुने हिंसाविरुद्ध जन चेतना अभिवृद्धिमा ठूलो सघाउ पुगेको अनुभव गरिएको छ ।**

## एटविनले आगामि दिनमा लिनुपर्ने सुझावहरु

**सदस्य संस्थाहरूको भूमिकालाई प्रभावकारी बनाउने**

संजाल भनेकै संस्थाहरू एकआपसमा छलफल गरेर निर्माण भएको संरचना हो । त्यसैले प्रत्येक संजालमा सदस्य संस्थाहरूको क्रियाशील र रचनात्मक भूमिका अपेक्षित रहन्छ । उनीहरूकै क्रियाशीलतामा नै संस्थाको दीर्घ जीवनको कल्पना गर्न सकिन्छ । एटविनका सदस्य संस्थाहरूको सन्दर्भमा उनीहरू चाहिने जति क्रियाशील नभएको हो कि भन्ने अनुभूति गरिएको छ । यस परिस्थितिमा सदस्य संस्थाहरूमा विद्यमान स्रोतहरूलाई एटविनका घोषित उद्देश्य प्राप्तिका लागि परिचालन गर्ने र एटविनमा उनीहरूको भूमिकालाई प्रभावकारी बनाउँदै एटविनका हरेक गतिविधिमा स्वामित्वको भाव उत्पन्न हुने वातावरण बनाउनु पर्दछ ।

**जिल्ला जिल्लामा एटविन संजाल बिस्तार गर्नु पर्ने**

वास्तवमा एटविन संजाललाई स्थानीय स्तरसम्म विस्तार गर्दै मानव बेचबिखन विरूद्धमा लागेका शक्तिलाई एकगठ गरी समाजबाट मानव बेचबिखनको जरो उखेल्न एटविनले लिएको आदर्श नै हो । यस आदर्शको परिपूर्तिका लागि एटविनलाई जिल्ला र स्थानीय स्तरसम्म बिस्तार गर्नु र संस्थागत गर्दै लैजाने कार्य ठूलो चुनौती भएता पनि यसका लागि कार्यक्रमहरू तर्जुमा गर्नु आवस्यक छ ।

**आर्थिक सवाल**

एटविनले खुट्याएको एउटा महत्त्वपूर्ण चुनौतीमा आर्थिक सवाल पनि एक हो । त्यसैले एटविनको संस्थागत दीगो विकास तथा कार्यक्रम संचालनका लागि विभिन्न समान विचारका दातृसंस्थाहरूसँग सहकार्यका निम्ति पहल गरिनु पर्दछ र सदस्य संस्थाहरूबाट हुन सक्ने योगदानका लागि छलफल र निर्णय गरिनु पर्दछ ।

**अन्तर्राष्ट्रिय स्तरमा एटविनको सम्पर्क बिस्तारलाई प्रभावकारी बनाउने**

एटविनले हालसम्म अन्तर्राष्ट्रिय स्तरमा कायम गरेको सम्पर्क र सम्बन्धलाई अझ मजबुत र विस्तार गर्न पहल गर्नु पर्दछ ।

**एटविन सूचना तथा स्रोत केन्द्रलाई सवल बनाउने**

चर्चित राष्ट्रियस्तरको संजालकारूपमा एटविन सूचना तथा स्रोत केन्द्रलाई अझ सवल र बिस्तार गरी एटविनलाई राष्ट्रिय स्तरको स्रोत संस्थाको दर्जा दिलाउन पनि प्रयास गरिनु पर्दछ ।

**दवावमूलक र चेतनामूलक कार्यक्रम तथा अभियान**

एटविनले दवावमूलक र चेतनामूलक कार्यक्रम तथा अभियानलाई निरन्तरता दिँदै अहिलेको राजनीतिक परिवेशमा हस्तक्षेपकारी भूमिका निर्वाहगरी मानव वेचबिखनका क्षेत्रमा प्रभावकारी नीति ल्याउन प्रयत्नशील रहनु पर्दछ ।

**एटविनका सदस्य संस्थाहरूको सन्दर्भमा उनीहरू चाहिने जति क्रियाशील नभएको हो कि भन्ने अनुभूति गरिएको छ ।**

**भविष्यको बाटो**

देशमा हाल घटिरहेका युगान्तकारी घटनाहरू र समाज परिवर्तनका प्रक्रियाहरूलाई मानव वेचबिखनको दृष्टिकोणकोणबाट परख गर्ने र हस्तक्षेपकारी भूमिका निर्वाह गर्नु एटविनका लागि अत्यावश्यक कार्यहरू मध्ये एक भएको छ । नयाँ नेपालको चर्को नारा लागेको अहिलेको अवस्थामा एटविनले 'नयाँ नेपाल : मानव वेचबिखनरहित समाज' को नारालाई स्थापित गराउन प्रयत्नशील रहनु पर्दछ ।

*(लेखक सिविन नेपालका कार्यक्रम संयोजक हुनुहुन्छ ।)*

# नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)

नेपाल ग्रामिण पुनर्निर्माण संस्था (आरआरएन) सन् १९८९ मा स्थापना भएको एउटा गैरनाफामुखी गैरसरकारी संस्था हो । स्थापनाकालमा 'ग्रीट्स नेपाल' नामबाट चिनिएको यसको सन् १९९३ मा पुनःनामाकारण स्वरुप नेपाल ग्रामीण पुनर्निर्माण संस्था (Rural Reconstruction Nepal-RRN) राखिएको हो । आरआरएनको शुरुवात बाढीको प्रकोपबाट पीडितहरूलाई राहत तथा पुनर्स्थापनाको कार्यबाट भएको थियो । यससँग आबद्ध ६ सयभन्दा बढी कर्मचारी तथा स्वयंसेवकहरू देशका हिमाली, पहाडी तथा तराईका विभिन्न जिल्लाहरूमा कार्यरत छन् । हालसम्म ७ लाखभन्दा बढी विपन्न घरपरिवारलाई सशक्तिकरण कार्यक्रमहरूमार्फत् आरआरएनले सहयोग पुऱ्याइसकेको छ ।

केन्द्रीय कार्यालय काठमाडौंमा रहेको आरआरएनको पूर्वाञ्चल (विराटनगर) र पश्चिमाञ्चल (नेपालगञ्ज) मा दुईवटा क्षेत्रीय कार्यालयहरू रहेका छन् भने १९ वटा जिल्ला/परियोजना कार्यालयहरू स्थापित छन् । यसका मुख्य कार्यक्रमहरू गरिबी निवारण, जन-सशक्तिकरण, सामाजिक रुपान्तरण, द्वन्द्व व्यवस्थापनलगायत मानव अधिकार तथा शान्ति स्थापनामा केन्द्रित रहेका छन् । आरआरएनले सहजीकरण, सामाजिक परिचालन तथा स्वसंगठनका प्रक्रियाबाट विपन्न वर्गहरू, दलित, जनजाति, महिला, किसान तथा बालबालिका र अन्य जोखिममा परेका समुदायहरूसँग काम गर्दै आइरहेको छ ।

आरआरएनले विकास निर्माणका आफ्ना कार्यक्रमहरूलाई मानव अधिकारको संरक्षण तथा प्रबर्द्धन गर्ने दृष्टिकोणबाट कार्यान्वयन गर्दै आइरहेको छ । जनताका मानव अधिकारलगायत आर्थिक, सामाजिक, सांस्कृतिक तथा विकासका अधिकारलाई आरआरएनले आफ्ना सबै तहका कार्यक्रम, नीति तथा योजनाहरूमा समायोजन गरेको छ ।

आरआरएन समान उद्देश्य भएका, खासगरी अधिकारमुखी कार्यपद्दति अँगालेका र गरिबमुखी नीतिको वकालत गर्ने नेपाल र नेपाल बाहिरका नागरिक-समाजहरूसँग मिलेर काम गर्दछ । यो संस्था कैयन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालहरूमा सक्रियताका साथ संलग्न रहेको छ । यही सिलसिलामा हाल आरआरएनले गरिबी उन्मुलनका लागि दक्षिण एसिया मञ्च (SAAPE) र अति कमविकसित राष्ट्रहरूको नागरिक निगरानी मञ्च (LDC Watch) का सचिवालयहरू संचालन गरिरहेको छ भने विश्वव्यापीकरण सरोकार समूह नेपाल, बँधुवा मजदुर सरोकार समूह, विकासका लागि एसियाली सांस्कृतिक मञ्च (ACFOD), ऋणमोचनका लागि एसिया-प्रशान्त आन्दोलन (APMDD-Jubilee South) आदिमा समेत यसको संलग्नता रहेको छ । यसले विश्व सामाजिक विकास सम्मेलन (सन् १९९५ र २०००) र विश्व खाद्य सम्मेलन (सन् १९९६ र २००२) को नागरिक समाजको राष्ट्रिय सचिवालयको रूपमा समेत काम गरिसकेको छ ।

यस संस्थाले दीगो ग्रामीण विकासको लागि नेपालभित्र पनि विभिन्न सरकारी निकायहरू, स्थानीय समुदायमा आधारित संस्थाहरू, गैससहरू र निजी कम्पनीहरूसँग कार्यसञ्जालको स्थापना र सहकार्यको भूमिका निर्वाह गर्दै आइरहेको छ । साथै मानवअधिकार सन्धि अनुगमन संयोजन समिति (HRTMCC), मानव अधिकार एलायन्स (Human Rights Alliance), महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह (AATWIN), बालबालिका शान्तिक्षेत्र अभियान (CZOP) र गैरसरकारी संस्था महासंघ (NFN) जस्ता राष्ट्रियस्तरका विभिन्न सञ्जाल तथा छाता संगठनहरूमा पनि आवद्ध रही आरआरएनले सक्रिय भूमिका निर्वाह गर्दै आइरहेको छ ।

नेपालको विभिन्न ग्रामीण क्षेत्रहरूमा बसोबास गर्ने विपन्न वर्गका जनताको आर्थिक र सामाजिक स्तर अभिवृद्धिका लागि आरआरएनले खेलेको भूमिकाको सकारात्मक मूल्याङ्कन गर्दै संयुक्त राष्ट्रसंघ आर्थिक तथा सामाजिक परिषद्को १९९६ को नोभेम्बर महिनामा बसेको बैठकले यसलाई विशिष्ट परामर्शदाता (Special Consultative Status) को मान्यता प्रदान गरेको छ । यसका साथै, आरआरएन Global Environment Facility को परामर्शदाताको मान्यताप्राप्त सदस्य पनि भएको छ ।

*(प्रस्तुति : **सर्वराज खड्का र सोम राई**)*

**जनताका मानव अधिकार लगायत आर्थिक, सामाजिक, सांस्कृतिक तथा विकासका अधिकारलाई आरआरएनले आफ्ना सबै तहका कार्यक्रम, नीति तथा योजनाहरूमा समायोजन गरेको छ ।**



# राज्यको संरचनामा महिला सहभागिता

❑ विष्णु ओझा

महिला र पुरुष एक अर्काका प्रतिस्पर्धी नभई परिपुरक हुन् । यी दुई मध्ये कुनै एकको अवस्था पछाडि परेको खण्डमा देशको समग्र विकासमा यसको असर पर्न जान्छ । समाजमा महिला र पुरुषबीचको सम्बन्ध र विकासको सन्तुलन राज्यले निर्धारण गर्नु पर्दछ । कुनै पनि जनआन्दोलन महिलाहरूको सहभागिता र योगदान बिना सफल भएको छैन । जनआन्दोलन-२ पनि महिलाहरूको योगदान र सहभागिताले मात्र उचाई र सफलता हासिल गर्न सफल आन्दोलन भएको कुरा कसैबाट पनि छिपेको छैन ।

अब हुने बहुमतीय प्रणाली अर्थात प्रत्यक्ष निर्वाचन प्रणालीमा अझै पनि महिला सहभागिता सुनिश्चितता गरिएको छैन । जनसङ्ख्याको ५०.४ प्रतिशत महिला छन् भने ४९.९६ प्रतिशत पुरुष छन् ।

नयाँ नेपालको पुन:संरचनामा महिला र पुरुषबीच समान-सहभागिता, सह-अस्तित्व र समान-अवसरको आवश्यकता अनिवार्य हुन्छ । मानव शरीरको एक भाग मात्र अपाङ् र कमजोर हुँदा त्यसको प्रत्यक्ष असर सिङ्गो शरीरमा पर्दछ त्यसैगरी समाज विकासको आधा शक्ति महिलाहरूलाई कमजोर र अपाङ्ग बनाउँदा व्यक्ति, परिवार, समाज र देशको समग्र विकासमा प्रत्यक्ष असर परी देशमा स्थायी शान्ति कायम पनि हुन सक्दैन ।

महिलामाथि पुरुषहरूको कठोर शासनविरुद्ध अमेरिका, फ्रान्सजस्ता धेरै देशहरूबाट असमानताविरुद्ध महिला समान अधिकारको सवाललाई लिएर आन्दोलन सुरु भएको हो । नेपालमा बि.सं. १९७५ देखि महिला समान अधिकार प्राप्तिका लागि महिला आन्दोलन सुरु भएको आज पचासौं वर्ष बितिसकेको छ । तर पनि महिला आन्दोलनको प्रगति कछुवाको गतिमा अगाडि बढिरहेको छ । ऐतिहासिक रूपमा सम्पन्न भएका जनआन्दोलन पश्चात् पनि महिलाहरूको राजनीतिक सामाजिक र आर्थिक हैसियतमा उल्लेखनीय परिवर्तन हुन नसक्नु समीक्षाको विषय बन्न पुगेको छ ।

नेपालमा २००४ देखि २०४७ सम्म पाँच पटक नेपाल अधिराज्यको संविधान जारी भए, तर ती सबै संविधानमा नेपाली जनताको स्वामित्व र सहभागिता रहन सकेन । नेकपा (माओवादी) र सात राजनीतिक दलबीचमा भएको १२ बुँदे समझदारी पत्रअनुसार जनआन्दोलन-२ को सफलतापछि अन्तरिम संविधान जारी भइसक्दा पनि परम्परागत रूपमा रहँदै आएको सबैभन्दा डरलाग्दो लङ्गिक विभेदको अन्त्य हुन सकेन । २०६३ जेठ १६ गते आठ राजनीतिक दलकै सहमतिमा आफैले संसदबाट घोषणा गरेको ३३ प्रतिशत सबै क्षेत्रमा महिला सहभागिता गराउने राजनीतिक घोषणालाई समेत कतै पनि कार्यान्वयन नगरेको अवस्था छ ।

**समाज विकासको आधा शक्ति महिलाहरूलाई कमजोर र अपाङ्ग बनाउँदा व्यक्ति, परिवार, समाज र देशको समग्र विकासमा प्रत्यक्ष असर परी देशमा स्थायी शान्ति कायम पनि हुन सक्दैन ।**

## संवैधानिक व्यवस्थामा महिला सहभागिता

नेपालको इतिहासमा हालसम्म संविधान मस्यौदा समितिमा महिलाको सहभागिता औचित्यहीन बनाइएको छ । २०१९ सालको संविधान मस्यौदा समितिमा एक जना महिला अङ्गुरबाबा जोशीलाई राखेको थियो । तर, पञ्चायती व्यवस्थाले महिलालाई मूर्तिको रूपमा देखाउनका लागि मात्र भए पनि प्रयोग गऱ्यो । बिडम्बनाको कुरा २०४७ सालको संविधान मस्यौदा समितिमा एक जना पनि महिला राखिएन, जसले गर्दा बहुदलीय प्रजातन्त्रको उपभोग केवल पुरुषहरूले मात्र गरेका छन् । २०६३ को अन्तरिम संविधान मस्यौदामा समेत

महिला सहभागिता नगराउनाले राजनीति दलहरू लैङ्गिक संवेदनशील छैनन् भन्ने कुरा प्रस्ट देखिन्छ ।

इतिहासलाई विश्लेषण गर्ने हो भने संविधानले महिलाहरूलाई पटक-पटक पाखा लगाई लैङ्गिक विभेद गर्दै आएको छ ।

२०१५ को जननिर्वाचित सरकारमा बीपी काइरालाले द्वारिकादेवी ठकुरानीलाई स्वास्थ्य र स्थानीय स्वायत्त उपमन्त्री बनाए । उनी नेपालकै पहिलो महिला मन्त्री हुन् । ३० वर्षे पञ्चायत शासन प्रणालीमा एक महिला जिल्ला सभापति (ओमु टेम्पा लामा) थिइन् । नेपालकै पहिलो महिला मन्त्री द्वारिकादेवी ठकुरानी भइन् । ३० वर्षे पञ्चायती कालमा पुरुष मन्त्री कति भए त्यसको कुनै लेखाजोखा छैन । तर, महिला मन्त्रीको सङ्ख्या जम्मा ८ जना रहेको थियो जसमा कमल शाह, सुशीला थापा, कल्पना बिष्ट, भद्रकुमारी घले, विद्यादेवी देवकोटा, चन्दा शाह आदि नाम लिन सकिन्छ ।

२०४६ सालको जनआन्दोलन पछिको स्थानीय निर्वाचनमा जिल्ला उप-सभापतिमा भोजपपुरबाट एक महिला (जयन्ती राई) निर्वाचित भइन् । ७५ जिल्लाका सभापति पदमा महिलाको सङ्ख्या शुन्य रह्यो । ५८ नगरपालिका प्रमुख तथा उप-प्रमुख पदमा महिलाको स्थान शुन्य रहेको थियो । २०४७ को संविधानले प्रतिनिधिसभामा महिला आरक्षण पाँच प्रतिशतमा सीमित गरायो । पहिलो निर्वाचनमा महिलालाई हार्ने ठाउँबाट उम्मेदवार दिएर भ्कारा टार्ने काम गरियो ।

दोस्रो निर्वाचन २०५६ मा विभिन्न दलहरूबाट जितेर जाने महिलाहरूको सङ्ख्या १२ (५ प्रतिशत) पुग्यो । २०४७ को अन्तरिम सरकारमा एक जना महिला मन्त्री (साहना प्रधान) नियुक्त गरिइन् । २०४७ देखि २०५८ सम्मका विभिन्न निर्वाचनहरूमा लीला कोइराला, विद्यादेवी भण्डारी, मिना पाण्डे, शैलजा आंचार्य, कमला पन्त, सुशीला स्वाँर, सावित्री बोगटी पाठक आदिले मन्त्री बन्ने अवसर प्राप्त गरे ।

२०५९ मा अनुराधा कोइराला र रेणु यादव दुई महिला मन्त्री नियुक्त गरिए । प्रतिगमनविरुद्ध आन्दोलन चलिरहेको बखत केही दलहरूको संयुक्त सरकार बन्यो । २०६१ मा अष्टलक्ष्मी शाक्य, प्रतिभा राणा, भीमकुमारी बुढा मगर, दुर्गा श्रेष्ठले मन्त्रीको हैसियतले काम गरे । २०६१ माघ १९ गते राजाले दोस्रो पटक संवैधानिक सर्वोच्चता तोडेर राजकीय शक्ति आफ्नो हातमा लिई राज्य सञ्चालन आफैले गरे । २०६२ सालमा राजाकै प्रत्यक्ष शासनमा याङकिला शेर्पा, दुर्गा पोखरेल र रोशन कार्की मन्त्री पदमा नियुक्त गरिए ।

सात राजनीतिक दल र नेकपा (माओवादी) बीच १२ बुँदे समभ्कदारीमा सम्पन्न १९ दिने जनआन्दोलनपश्चात् पुर्नस्थापना भएको सात दलको संयुक्त सरकारमा एक जना मात्र महिला राज्य मन्त्री उर्मिला अर्याल नियुक्त गरिइन् । २०६३ साल माघ १ गते अन्तरिम संविधान जारी भयो । २०६४ मा ७ राजनीतिक दल र नेकपा (माओवादी)सहितको अन्तरिम सरकारमा साहना प्रधान (परराष्ट्र) र भौतिक योजना तथा निर्माणमा हिसिला यमी मन्त्री नियुक्त भइन् ।

लोकतान्त्रिक आन्दोलन पछि पनि मन्त्री, सचिव, राजदुत, प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा अधिकारी, प्रमुख तथा महत्त्वपूर्ण ठाउँहरूमा महिला सहभागिताको अवस्था हेर्दा सन्तोष गर्ने ठाउँ भेटिन्न । सधैं पुरुषको भागमा पर्ने परराष्ट र भौतिक तथा योजना मन्त्रालय भने यस पटक महिलाको भागमा पर्नु सकारात्मक मान्न सकिन्छ । तुलनात्मक रूपमा पञ्चायतमाभन्दा महिला मन्त्री वृद्धि भएको तर प्रभावकारी मन्त्रालय महिलाको भागमा नपरेको तथ्य प्रष्ट देखिन्छ ।

निजामती सेवालगायत शिक्षा, संचार, कृषि आदि क्षेत्रमा पुरुप र महिलाको सहभागी सङ्ख्या अत्यन्त असन्तुलन पाइन्छ । तथ्याङ्कअनुसार निजामती सेवामा ९१.४५ प्रतिशत पुरुष छन्, महिलाको सङ्ख्या ८.५५ प्रतिशत छ । साक्षरतामा पुरुष ६५.०८ प्रतिशत छ भने महिलाको सङ्ख्या ४२.४९ प्रतिशत छ । २०५६ बाट निर्वाचित प्रतिनिधि सभामा पुरुषको सङ्ख्या ९४.४४

**सधैं पुरुषको भागमा पर्ने परराष्ट र भौतिक तथा योजना मन्त्रालय भने यस पटक महिलाको भागमा पर्नु सकारात्मक मान्न सकिन्छ ।**

प्रतिशत थियो भने महिला सङ्ख्या ५.५५ प्रतिशत मात्र । तर, २०६४ को अन्तरिम संसदमा नेकपा माओवादीले महिलाको सहभागिता ४० प्रतिशत पुऱ्याएर चालेको ऐतिकासिक कदमले सबैको निम्ति प्रेरणाको ढोका खोलिदिएको छ ।

**निष्कर्ष**

राज्य सञ्चालनमा सहभागिता र साझेदारी चाहिन्छ । भौगोलिक एकताभन्दा पनि भावनात्मक एकताले राज्यको एकीकरण गरेर लैजान सकिन्छ । बाह्य उत्पिडन मात्र उत्पिडन हैन आन्तरिक रूपमा भएको विभेदकारी उत्पिडनको अन्त्य गर्नु आजको आवश्यकता हो । नेपालमा २ सय ३९ वर्षदेखि हुँदै आएको विभेद र असमानताको अन्त्य नगरी राज्यले पुनसंरचनालाई समावेशी सहभागी लोकतान्त्रिक बनाउन सकिदैन ।

यहाँ १.४७ प्रतिशतको सङ्ख्यामा रहेका राणा ठकुरीहरू र त्यसमा पनि पुरुषप्रधानता समाजको सदियौँदेखि एकलौटी बर्चश्व रहिआएको छ । यसरी एकलौटी रूपमा असमावेशी विभेदकारी राज्य व्यवस्था राखिराख्नु भनेको अन्तर्राष्ट्रिय समुदायको साम नेपालको ठूलो बेइज्जती हो । मान्छे मान्छेबीचको यति धेरै खाडल, विभेद रहिरहँदा नयाँ नेपाल कदापि बन्न सक्दैन ।

पुरुषप्रधान एकात्मक राज्य संरचनालाई संघीय, सहभागी, समावेशी शासन प्रणाली अवलम्बन गर्न राज्यको पुनसंरचना गरी नयाँ नेपाल यतिबेला अपरिहार्य बनेको छ । संविधानसभा नै सबै राजनीतिक, सामाजिक सरोकारवालाहरूको सहभागिताको विन्दु हुन पुगेको छ । सामाजिक रुपान्तरणले मात्र ऐतिहासिक फड्को मार्न सक्छ ।

सामाजिक रुपान्तरण योजनाबद्ध प्रक्रिया हो । राज्यको पुनसंरचनाले लैङ्गिक विभेदलाई सदाको लागि अन्त्य गरी महिलाहरूको स्वतन्त्रता, प्रतिष्ठा, पहुँच र समाजमा सम्मानजनक हैसियत बनाउन मद्दत गर्दछ ।

*(लेखिका नारी सीप सिर्जना केन्द्र मकवानपुरकी अध्यक्ष हुनुहुन्छ ।)*


हार्दिक बधाई



मानव अधिकार एलाइन्सका
अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा
श्री शान्ति अधिकारीज्यूलाई हार्दिक बधाई
ज्ञापन गर्दै मानवअधिकारको प्रवर्द्धन तथा
सरक्षणमा श्री अधिकारीज्यूको महत्वपूर्ण
योगदान रहोस् भन्दै शुभ कामना व्यक्त गर्दछौं ।

AATWIN

महिला तथा बालबालिका बेचबिखनविरुद्ध
सहकर्मी समूह (एटविन), परिवार

हार्दिक बधाई



राष्ट्रिय मानव अधिकार आयोगका सदस्य पदमा
नियुक्त हुनुभएको तथा संयुक्त राष्ट्रसंघीय गैरसरकारी
संस्था सल्लाहकार परिषदमा दक्षिण एसियाको तर्फबाट
क्षेत्रीय प्रतिनिधिको रूपमा मनोनित हुनुभएकोमा
श्री गौरी प्रधानज्यूलाई हार्दिक बधाई ज्ञापन गर्दै
बालअधिकार तथा मानवअधिकारको प्रवर्द्धन एवम्
संरक्षणमा उहाँको महत्वपूर्ण योगदान रहोस् भन्दै
शुभ कामना व्यक्त गर्दछौं ।

AATWIN

महिला तथा बालबालिका बेचबिखनविरुद्ध
सहकर्मी समूह (एटविन), परिवार

# महिलाहरूले पहिले राजनीतिक अधिकारमाथि आफ्नो हक स्थापित गर्नुपर्छ : शारदा पोखरेल

**शारदा पोखरेल महिला सुरक्षा दवाब समूहकी कार्यबाहक अध्यक्ष हुनुहुन्छ । महिलाहरूको सशक्तिकरण र राजनीतिक अधिकारको बिषयमा महिला सुरक्षा दबाब समूह क्रियाशील संस्था हो । महिलाहरू हरेक निर्णायकतहमा पुग्नु पर्छ र उनीहरूको सम्मानजनक स्थान हुनुपर्दछ भन्ने मान्यता समूहले शुरुदेखि नै राख्दै आइरहेको बुझिन्छ । नेपाली महिलाहरूको वर्तमान अवस्था, संविधानसभा र नयाँ नेपालमा नेपाली महिलाहरूको भूमिकाको बारेमा शारदा पोखरेलसँग एटविनकी संयोजक बेनुमाया गुरुङले गर्नुभएको कुराकानी :**

**० वर्तमान राजनीतिक घट्नाक्रमलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

- संविधानसभाको चुनाव दोस्रोपटक पनि सरेको छ । जुन सिङ्गो मुलुककैनिम्ति दुर्भाग्यपूर्णर दुखदायी छ । तेस्रो कहिले तय हुने यकिन छैन । तर, आसा मारिहाल्ने अवस्था पनि छैन ।

**० संविधानसभामा जानको लागि तपाईंको संस्थाले कस्तो तयारी गरिरहेको छ ?**

- संविधानसभा हाम्रो लक्ष्य हो । यसैको माध्यमबाट नेपाली महिलाहरूको अधिकार सुनिश्चित गर्ने र बढीभन्दा बढी निर्णायक तहमा उनीहरूलाई पुऱ्याउनु र संविधानसभामा बढीभन्दा बढी महिला सहभागिता सुनिश्चित गर्न हामी विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूसँग अन्तर्क्रियामा लागेका छौं । पुरुष राजनीतिकर्मीलाई यस सम्बन्धमा कसरी दवाब दिन सकिन्छ भन्ने विषयमा पनि हामी गम्भीर छौं । महिलाको मानव अधिकार र राजनीतिक अधिकार पुरुषसरह संरक्षि हुनुपर्दछ भन्ने हाम्रो माग हो ।

**० संविधानसभामा आफ्नो भूमिका तथा अधिकार स्थापित गर्न समुदायस्तरदेखि केन्द्रीयस्तरसम्मका महिलाहरू सचेत देखिन्छन् त ?**

- राष्ट्रियस्तरमा महिलाहरूमा निश्चय पनि अधिकारको विषयमा चासो तथा सक्रियता बढेको छ । तर, जिल्लास्तरमा त्यसको कमी छ । समुदायस्तरमा त अत्यन्तै न्यून छ । राजनीति सबै नीतिहरूको माउ नीति हो । राजनीतिमा कब्जा नभइकन अन्य स्थानहरूमा कब्जा गर्न सकिदैन भन्ने



हाम्रो बुझाई हो । अतः पहिले महिलाहरूले राजनीतिक अधिकारमाथि आफ्नो हक स्थापित गर्नुपर्छ भन्ने कुरा स्थानीयतवरबाटै बुझ्नु जरुरी छ ।

**० राजनीतिक दलहरू महिलाहरूको सवालमा कति हदसम्म प्रतिबद्ध देखिन्छन् ?**

- महिलाहरूको सन्दर्भमा दलहरू कसरी प्रस्तुत हुन्छन् भन्ने कुरा हेर्न बाँकी छ । अहिलेको चुनौती भनेको पनि त्यही हो । विभिन्न कार्यक्रमहरूमा दल-प्रतिनिधिहरूले निकै राम्राराम्रा ओठे प्रतिबद्धता (Lip-comittment) व्यक्त गर्दै आइरहेका छन् । तर, व्यवहारमा महिलालाई बराबरी स्थान दिन उनीहरू सक्षम हुन्छ वा हुन्नन् हेर्न बाँकी छ ।

**० संविधानसभामा महिलाहरूको भूमिका तथा अधिकार स्थापित गर्न के गर्नु पर्ला ?**

- केन्द्र वा नेतृत्व तहका महिलाहरूको उत्थानले मात्र हुँदैन । समूहगत रूपमा नै एउटा ठूलो समूहलाई उठाउनु पर्छ । अनि मात्र राष्ट्र निर्माण तहमा महिलाहरूको सशक्त शक्ति देखिन्छ । स्थानीयस्तरदेखि महिलाहरूलाई दिने सूचना, कानुनले दिने अधिकारमा महिलाहरूको आ-आफ्नो भूमिका हुनुपर्छ । आफ्ना राजनीतिक अधिकार स्थापित गर्नका निम्ति महिला नेतृहरू आ-आफ्नो ठाउँमा पुग्नु जरुरी छ ।

**० संविधानसभामा महिलाहरूको स्थान सुनिश्चित गर्न राजनीतिक दलहरूको भूमिका के हुनुपर्छ भन्ने लाग्छ ?**

- बहुदलीय व्यवस्थामा महत्त्वपूर्ण र नेतृत्वदायी भूमिका राजनीतिक दलहरूकै हो । हरेक वर्ग, समूह, दलित, जनजाति, पछाडि परेका वर्गलाई समानुपातिक ढङ्गले अगाडि लैजाने महत्त्वपूर्ण जिम्मेवारी अहिले सबै दलको काँधमा छ । जनसङ्ख्याको ५० प्रतिशत महिलाले संविधानसभामा पनि ५० प्रतिशत स्थान पाउनु पर्दछ भन्ने अडान हाम्रो हो । जातीयता तथा भौगोलिकतालाई मिलाएर राजनीतिक दलहरूले उम्मेदवारी दियो भने त्यो न्यायपूर्ण निर्णय हुन्छ । राजनीतिक दलहरूको विवेकपूर्ण निर्णयले महिला, जनजाति, दलित तथा पछाडि परेका जनतालाई समेट्न अत्यन्तै जरुरी छ ।

**० संविधानसभा अगाडि महिलाहरूको स्थान सुनिश्चित गर्ने विषयमा तपाईंको विचारमा नागरिक समाजको भूमिका कुन रूपमा महत्वपूर्ण हुन सक्छ ?**

- नागरिक समाजले जनआन्दोलन- २ मा खेलेको भूमिकाबाटै यसको महत्त्व झल्कन्छ । नागरिक समाजले जनता र सरकारको दुरीलाई कम गर्नको निम्ति पुलको काम गरेको हुन्छ भन्दा फरक नपर्ला । तर, नागरिक समाजको भूमिकालाई अन्तरिम सरकारले बेवास्ता गर्नु विडम्बना हो । पार्टीको कुरा बुझ्ने, राजनीतिक समालोचकहरू हुन्छन् नागरिक समाजमा ।

राजनीतिक दलहरूको स्वार्थकै कारण संविधानसभाको चुनाव फेरि पनि सरेको छ । यो देशमा तिनले तानाशाही निर्णय गर्न सक्ने अवस्था नआउला भन्न सकिन्न । जनतामा सार्वभौमसत्ता आएको भनिएको छ, तर त्यो त आठ राजनीतिक दलहरूमा नै सीमित छ । जनतालाई आश्वस्त गर्नका निम्ति, सार्वभौम अधिकार जनतामा छ भनेर नागरिक समाजले नै जनतालाई सचेत गर्नुपर्छ । राजनीतिक दलहरूलाई पनि सचेत गर्नु पर्छ । आन्दोलन, दबाव दियो भने मात्र दलहरूको ध्यान जाने प्रवृत्ति व्याप्त छ यस्तो अवस्थामा नागरिक समाजले संविधानसभामा महिलाहरूको स्थान सुनिश्चित गर्न दलहरूलाई निरन्तर दबाव दिनुपर्छ ।

**० राजनीतिमा महिलाको सहभागिता अत्यन्तै न्यून रहेको अवस्थामा संविधानसभा निर्वाचनमा महिलाहरू एउटा उम्मेदवार तथा भोटदाताको रूपमा कतिको सचेत छन् ?**

- जनआन्दोलनमा ग्रामीण तहका महिला सबैभन्दा अगाडि आएबाटै महिलाहरूमा अहिले राजनीतिक सचेतना छ भन्ने प्रष्ट हुन्छ । महिलालाई अवसर दिनु पर्दछ भन्ने कुरा मुख्य हो । महिलाहरूलाई जानकारी दिनु पर्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जानकारीहरू उनीहरूले पाए भने निर्णय क्षमता उनीहरूसँग छ । योग्यता अनुसार ठाउँ महिलालाई दिएमात्र उसले निर्णय गर्न सक्छ वा सक्दैन प्रमाणित हुन्छ । महिलाले गर्न सक्दैनन् भनेर पूर्व मान्यताको आधारमा अड्कलबाजी गर्नु हुँदैन । अवसर पाए कुनै महिला प्रधानमन्त्री हुन सक्छ । हामीकहाँ क्षमतावान महिलाहरू प्रशस्त छन्, जसभित्र नेतृत्वको गुण, क्षमता तथा इमानदारिता छ, तर उनीहरू अवसरबाट बञ्चित छन् । राजनीतिक दलभित्र पनि छन्, तर पितृसत्तात्मक रोगको कारणले उनीहरू पछाडि परेका छन् । पार्टीभित्र उनीहरूको झिनो मतका कारण पार्टीभित्र पैरवी र वकालत गर्न सकिरहेका छैनन्, आफ्नो कुराहरू/एजेण्डाहरूलाई अगाडी ल्याउन सकिरहेका छैनन् ।

**० अब हुने संविधानसभामा २ सय ४० सिटमा महिलाको लागि ५० प्रतिशत सिट सुरक्षित गरेको छ, त्यसलाई तपाईंले कुन रूपमा लिनु हुन्छ ?**

- महिला आन्दोलनले उठाएका धेरै मुद्दाहरू जनआन्दोलनपछि सम्बोधन भएका छन् । जस्तै आमाको नाममा नागरिकता, छोरीले बाबुको पैतृक सम्पत्तिमा अंश पाउने कुरा र जेठ १६ गतेको सङ्कल्प प्रस्तावमा महिलाहरूको अधिकारलाई सम्बोधन गरिएको छ । समानुपातिक निर्वाचन प्रणालीको २ सय ४० सिटमा महिलाहरूको ५० प्रतिशत भागीदारीको कुरा आएको छ, त्यो निश्चय पनि सकारात्मक कुरा हो । राजनीतिक दलहरूले त्यस मुद्दालाई कसरी उठाउँछन् त्यो भने हेर्न बाँकी नै छ । हाम्रो अडान महिलालाई आरक्षणको रूपमा होइन, विशेष सुविधाको रूपमा अवसर दिएर पनि बाँकी २ सय ४० सिटमा पनि भौगोलिक क्षेत्रबाट पनि महिला संसदमा प्रवेश गर्ने बाटो सुनिश्चित गर्नु पर्दछ भन्ने हाम्रो माग हो । त्यसलाई हामी विशेष अधिकार भन्छौं । महिला पनि पुरुषसँगै प्रतिस्पर्धामा ओर्लिन तयार हुनु पर्दछ ।

**० महिलाको पक्षमा धेरै कुराहरू आएतापनि व्यवहारिक पक्षलाई कसरी हेर्नु भएको छ ?**

- धेरै कुराहरू नभएको अवस्थामा कानुनी रूपमा आइसकेपछि कानुनलाई टेक्ने आधार त महिलाले पाए नि । त्यो आधार समातेर महिला अधिकारका निम्ति लड्ने ठाउँ भेटिएको छ । महिला स्वंय पनि आफ्नो अधिकारप्रति सचेत हुनुपर्छ । एउटा साधारण उदाहरण राख्न चाहन्छु । बस र टेम्पोहरूमा महिलाहरूका निम्ति सिट आरक्षित हुन्छन् । सचेत महिलाले, 'यो सिट मेरो हो भने' सबैले छाडिदिन्छन् । तर, कतिपय महिलाले 'त्यो सिट मेरो हो' भन्न सकिरहेका छैनन् ।

हाम्रो ठाउँ छ, हक छ र त्यहाँ गएर हामी बस्दैनौ भने त्यो हाम्रै कमजोरी हो । तर पनि महिलाहरूलाई आफ्नो अधिकारबारे सचेतना हुने, त्यसमा अधिकार जमाउन सक्षम तुल्याउन सरकारी तथा गैरसरकारी पक्षबाट धेरै कसरत गर्न बाँकी नै छ ।

# एटविनका धारणाहरू

एटविनले मानव बेचबिखनलाई अधिकारमुखी दृष्टिकोणबाट स्थापित गर्ने सन् १९९७ देखि नै नीतिगत तहमा काम गर्दै आएको छ । यसले स्थापनाकालदेखि राष्ट्रिय र क्षेत्रीय नीति निर्माण, परिमार्जन र प्रभावकारी कार्यान्वयनको लागि पैरवी, समन्वय, सहयोग गर्दै आइरहेको छ । सदस्य संस्थाको क्षमता अभिवृद्धि र धारणा स्पष्टता पार्ने कार्यमा समेत एटवीनले भूमिका निर्वाह गर्दै आइरहेको छ ।

यसैक्रममा एटविनले जीउ मास्ने बेच्ने विशेष ऐन २०४३ को खारेजी तथा नयाँ ऐन ल्याउन पैरवी गर्दै आएको व्यहोरा जानकारी गराउँदछौं । यसै सिलसिलामा २०६४ सालमा अन्तरिम प्रतिनिधिसभाबाट "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४" पारित भएको हो । एटविनले विगतदेखि राख्दै आएको तर ऐनले नसमेटिएका धारणा पैरवी गर्ने निर्णयका साथ नयाँ ऐनको स्वागत गर्दछ । साथै राम्रा कुराको प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४' सम्बन्धमा एटविनको धारणामा नसमेटिएका विषयहरू निम्न छन् :

| क्र.सं. | दफा | उप दफा | व्यहोरा |
|---|---|---|---|
| १. | २ | ग | वेश्यावृत्तिमा लगाइएको व्यक्ति उल्लेख गर्नुको सट्टा कुनै पनि प्रकारको निकृष्ट श्रम, बधुँवा मजदुर साथै यौनशोषण गरिएका व्यक्तिहरू भनी परिभाषित गर्नु वाञ्छनीय हुन्छ । यौन व्यवसायका लागि छुट्टै कानुन बनाउनु पर्ने । |
| २. | ४ | घ | वेश्यागमन गर्ने भनी उल्लेख गरिएको छ, यसको साटो यौनशोषण गर्ने भनी उल्लेख गर्नु पर्ने । |
| ३ | ५ | २ | ५ को उपदफा (१) बमोजिम उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नु पर्नेछ मा लिखित अनुरोध मात्र नभएर मौखिक पनि हुनु पर्ने । |
| ४ | ८ | | दफा ८ मा ४ को उपदफा (१) को (घ) बाहेक भनेकोमा सो कसुर गर्नेलाई पनि थुनामा राखी कारवाही गर्नु पर्छ थप गर्नु पर्ने । |
| ५. | ११ | | अड्डा अदालतको अनुमति लिई निजले दोभाषे वा अनुवादक राख्न सक्नेछ को ठाउँमा सरकारले दोभाषे वा अनुवादकको व्यवस्था गर्नु पर्ने । |
| ६. | १२ | | कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नेछ को साथसाथै नेपालभित्र बेचिएको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नेछ र अठार वर्ष पुगेकाले निर्णय गर्न पाउने अधिकार सुरक्षित हुनुपछ थप्नु पर्ने । |
| ७. | १३ | ७ | पीडितको समाजिक सुरक्षा, स्वास्थ्य, शिक्षा तथा रोजगारीको सुनिश्चितता सरकारले गर्नु पर्ने र बेचिएको देशको भूमिका पनि राख्नु पर्छ । उमेर पुगेको व्यक्तिले चाहेमा बेचिएको देशको मा बस्ने चाहेमा उक्त राज्यले आवश्यक व्यवस्था मिलाउनु बेचिने राज्यले सुनिश्चित गर्ने |

| | | | |
|---|---|---|---|
| | | | थप्नु पर्ने । |
| ८ | १५ | क | मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिवानाको सट्टा आजीवन काराबास तथा एक जना बेचिए बराबर २ लाख जरिवाना राख्नु पर्ने । |
| ९ | १५ | ग | मानिसको कुनै अङ्ग उसको अनुमति विना झिक्नेलाई दस वर्ष कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवानाको सट्टा मानिस किन्ने बेच्ने सरह आजीवन कारावास तथा एक जनाको एक अङ्क झिक्ने बराबर ५ लाख जरिवाना राख्नु पर्ने । |
| १०. | १५ | ङ | (ङ) को १ र २ दुवैलाई एउटै बनाई नेपाल र विदेश दुवै ठाउँमा लगी मानव बेचबिखन गर्ने व्यक्तिका लागि सजाय एउटै तोक्नु पर्दछ । |
| ११ | १५ | ६ | उजुर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा वा अदालतले बोलाएको सामयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ मा रिइसवीले झुट्टो मुद्दा दिएको प्रमाणित भएमा मात्र सजाय हुने थप्नु पर्ने । |
| १२ | १५ | | इच्छा विपरीतको र सम्झौता विपरीतको काममा लगाउनेलाई पनि कानुनी दायराभित्र समेटनु पर्दछ । |
| १३ | १७ | | क्षतिपूर्ति सम्बन्धमा व्यवस्था गर्न लेखिएको "अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ" भन्ने प्राबधानको सट्टा पीडित व्यक्तिलाई क्षतिपूर्ति बापत जरिवानाको रकमको व्यवस्था राज्य कोषबाट गर्नु पर्ने भनी स्पष्ट उल्लेख गर्नु पर्दछ साथै अभियुक्तले क्षतिपूर्ति बापतको रकम नतिरेको खण्डमा थप सजायको व्यवस्था हुनु पर्ने । |
| १४ | १७ | ३ | क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइनेछ भन्नेमा आश्रित सासु ससुरा अथवा इच्छाएको व्यक्ति थप्नु पर्ने । |
| १५ | १९ | १ | कसुर मानिने कुनै कार्य गरेको वा गर्न लागेको छ भन्ने कुराको सूचना कसैले दिएको आधारमा कसैलाई उद्धार गरिएमा वा त्यस्तो कार्यमा संलग्न व्यक्ति पक्राउ परेमा त्यस्तो सूचना दिने व्यक्तिलाई दफा १५ बमोजिम भएको जरिवानाको दस प्रतिशत बराबरको रकम पुरस्कार स्वरुप दफा १४ बमोजिमको पुनर्स्थापन कोषबाट प्रदान गरिनेछ मा पुनर्स्थापन कोषको सट्टा राज्यको कोषबाट हुनु पर्दछ । |
| १६. | २५ | २ | २५ को उपदफा (१) बमोजिम नाम, तस्वीर, विवरण छाप्ने वा प्रचार प्रसार गर्ने व्यक्तिलाई दस हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ मा पाँच वर्ष कैद तथा एक लाख जरिवाना हुनु पर्दछ । |
| १६ | २६ | | सुरक्षाको व्यवस्थामा केन्द्रको सुरक्षाको व्यवस्था समेत सरकारले अनिवार्य गर्नु पर्ने छ थप्नु पर्ने । |
| १७ | | | त्यसैगरी दण्ड सजायको तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था अन्तर्गतका सबै दफाहरूमा उल्लेख गरिएको बेश्यावृत्ति भन्ने शब्द हटाई यौनशोषण तथा निकृष्ट प्रकारको श्रम भन्ने शब्द राख्नु पर्दछ । |

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण तथा पुनर्स्थापना गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

**परिच्छेद- १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन नेपालभर लागू हुनेछ र नेपाल बाहिर बसी नेपाली नागरिकविरुद्ध यस ऐन बमोजिमको कसुर गर्ने जुनसुकै व्यक्तिको हकमा समेत लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कसुर" भन्नाले दफा ३ बमोजिमको कार्य सम्झनु पर्छ ।

(ख) "केन्द्र" भन्नाले दफा १३ बमोजिम स्थापित पुनर्स्थापना केन्द्र सम्झनु पर्दछ ।

(ग) "पीडित" भन्नाले बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति सम्झनु पर्छ ।

(घ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नभएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "शोषण" भन्नाले दास तुल्याउने, बाँधा बनाउने कार्य सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्य समेतलाई जनाउँछ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**परिच्छेद-२**

**कसुर र अनुसन्धानसम्बन्धी व्यवस्था**

३. **मानव बेचबिखन र ओसारपसार गर्न नहुने** : (१) कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्नु गराउनु हुँदैन ।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ ।

४. **मानव बेचबिखन र ओसारपसार गरेको मानिने** : (१) कसैले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिनेछ :-

(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,

(ग) प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,

(घ) वेश्यागमन गर्ने ।

(२) **कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ** :

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,

(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाजी गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने ।

५. **उजुर गर्ने** : (१) दफा ३ बमोजिमको कसुर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नु पर्नेछ ।

६. **बयान प्रमाणित गराउने** : (१) दफा ५ बमोजिमको उजुर पीडित आफैंले दिएमा प्रहरी कार्यालयले निजको तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउनको लागि निजलाई तुरुन्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्नेछ ।

(२) प्रहरी कार्यालयले उपदफा (१) बमोजिम बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि र सो बयानसाग सम्बन्धित कसुरको मुद्दा सो जिल्ला अदालतको क्षेत्राधिकारभित्र नपर्ने भए पनि त्यस्तो जिल्ला अदालतको न्यायाधीशले त्यस्तो बयान निजलाई पढी बाँची सुनाई निजले भने बमोजिम लेखिएको भए सोही व्यहोरा र भने बमोजिम नभएमा के कति फरक छ सो व्यहोरा उल्लेख गरी प्रमाणित गरिदिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले

प्रमाणमा लिन सक्नेछ ।

**७. पक्राउ गर्न वा खानतलासी लिन सकिने :** (१) यस ऐन अन्तर्गत कसुर मानिने कुनै कार्य कुनै घर, जग्गा, स्थान वा सवारी साधनमा भएको वा भइरहेको वा हुन लागेको जानकारी पाई तुरुन्त कारबाही नगरेमा कसुरदार भाग्ने उम्कने वा त्यस्तो कसुरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नष्ट हुने सम्भावना देखिएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तिमा प्रहरी सहायक निरीक्षकस्तरको प्रहरी कर्मचारीले पर्चा खडा गरी जुनसुकै बखत देहायको कार्य गर्न सक्नेछ :-

(क) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा प्रवेश गर्न, खानतलासी लिन वा आफ्नो कब्जामा राख्न,

(ख) त्यस्तो कार्य गर्न लाग्दा कसैले बाधा विरोध गरेमा आवश्यकता अनुसार झ्याल, ढोका खोली वा फोरी आवश्यक कारबाही गर्न,

(ग) त्यस्तो कार्य गर्ने व्यक्तिलाई विना पक्राउ पूर्जी गिरफ्तार गर्न वा निजको खानतलासी लिन,

(घ) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा भेटिएका सबै दसी, प्रमाण बरामद गर्न वा कब्जामा लिन ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा त्यस्तो प्रहरी कर्मचारीले सम्भव भएसम्म स्थानीय निकायका प्रतिनिधि समेत र सम्भव नभए त्यस समयमा उपस्थित व्यक्तिहरूको रोहवरमा गर्नु पर्नेछ र सोको मुचुल्का तयार गरी सोको प्रतिलिपि सम्बन्धित घर, जग्गा वा सवारी साधन धनीलाई दिनु पर्नेछ ।

**८. थुनामा राखी कारबाही गर्नु पर्ने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको दफा ४ को उपदफा (१) को खण्ड (घ) बाहेक सो दफाका अन्य कसुर सम्बन्धी मुद्दामा कारबाही गर्दा अदालतले अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्नेछ ।

**९. प्रमाणको भार :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिलाई यस ऐन अन्तर्गतको कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउनु पर्नेछ ।

**१०. छुट्टै कानून व्यवसायी राख्न पाउने :** यस ऐन अन्तर्गतको कसुर सम्बन्धी मुद्दाको सुनुवाई अदालतमा हुँदा पीडितले छुट्टै कानुन व्यवसायीमार्फत प्रतिनिधित्व गराउन चाहेमा निजले त्यस्तो कानून व्यवसायी राख्न सक्नेछ ।

**११. दोभाषे वा अनुवादक राख्न सक्ने :** यस ऐन अन्तर्गतको कसुर सम्बन्धी मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे वा अनुवादक राख्न सक्नेछ ।

### परिच्छेद–३

### उद्धार, पुनर्स्थापना तथा पुनर्मिलन सम्बन्धी व्यवस्था

**१२. उद्धार सम्बन्धी कार्य :** कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नेछ ।

**१३. पुनर्स्थापना केन्द्र :** (१) पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नेछ ।

(२) कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यको लागि पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ र नेपाल सरकारले त्यस्तो संस्था तथा संस्थाद्वारा स्थापित पुनर्स्थापना केन्द्रको नियमित र प्रभावकारी अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सञ्चालन भएको केन्द्रलाई नेपाल सरकारले तोकिदिए बमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ ।

(४) केन्द्रमा रहेको व्यक्तिलाई सामाजिक रूपमा पुनर्स्थापना र पारिवारिक पुनर्मिलन गराउने व्यवस्था केन्द्रले गर्नेछ ।

(५) केन्द्रले पीडितलाई आवश्यकता अनुसार औषधि उपचार र परामर्श सेवा तथा सुविधाको व्यवस्था गर्नु पर्नेछ ।

(६) केन्द्रमा रहेका पीडितलाई निजको इच्छा विपरीत कसैले कुनै काममा लगाउन हुँदैन ।

(७) केन्द्रको व्यवस्थापन, सञ्चालन मापदण्ड, अनुगमन, पीडितको लागि सीपमूलक तालिम तथा रोजगारी, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४. पुनर्स्थापन कोष :** (१) दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुनर्स्थापना केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक पुनर्स्थापन कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) दफा १५ बमोजिम भएको जरिबाना बापत प्राप्त हुने रकमको आधा रकम ।

(३) पुनर्स्थापन कोषको व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ ।

### परिच्छेद–४

### दण्ड सजाय तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था

**१५. दण्ड सजाय :** (१) दफा ३ बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ :

(क) मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिबाना,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्रा अनुसार दस वर्षदेखि पन्ध्र वर्षसम्म

कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना,

(ग) प्रचलित कानुन बमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना,

(घ) वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना ।

(ङ) किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई,

(१) विदेश लैजानेलाई दस वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिवाना,

(२) नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिवाना ।

(च) शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद,

(छ) खण्ड (ङ) र (च) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुर गर्नेलाई सात वर्षदेखि दस वर्षसम्म कैद,

(ज) मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका कुराका हकमा देहाय बमोजिम हुनेछ :-

(क) किन्ने वा बेच्ने व्यक्ति र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाए बापत छुट्टाछुट्टै सजाय,

(ख) किन्ने वा बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने र दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुर गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र त्यस्तो कसु गरे बापत छुट्टाछुट्टै सजाय,

(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम छुटाई लैजाने र किन्ने, बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने व्यक्ति एउटै भएमा त्यसरी छुटाइ लगेको र विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगे बापत छुट्टाछुट्टै सजाय ।

(३) दफा ३ बमोजिमको कसुर कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा निजलाई सो कसुर गरेबापत हुने सजायको अतिरिक्त सो सजायको पच्चीस प्रतिशत थप सजाय हुनेछ ।

(४) कसैले दफा ३ बमोजिमको कसुर आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको वा मुलुकी ऐनको हाडनाता करणीको महल बमोजिम सजाय हुने व्यक्तिका सम्बन्धमा गरेको रहेछ भने निजलाई यस ऐनमा लेखिएको सजायको अतिरिक्त सो सजायको दश प्रतिशत थप सजाय हुनेछ ।

(५) कसैले दफा ३ बमोजिमको कसुर पुनः गरेमा प्रत्येक पटक कसुर गरेबापत सो कसुर गरेमा हुने सजायको एक चौथाई थप सजाय हुनेछ ।

(६) दफा ५ बमोजिम उजुर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा वा अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ ।

१६. **सजाय नहुने** : आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको वा लगेको वा किनेको वा बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नु पर्ने मनासिब आधार भई निजले कुनै ठाउँबाट उम्कन, भाग्न मद्दत माग्दा मद्दत प्राप्त नभएको र उम्कन भाग्न खोज्दा कसैले बाधा विरोध गरेमा वा रोकेमा वा पक्रेमा वा जोरजुलुम गरेमा बल प्रयोग नगरी त्यस्तो बाधा विरोध वा जोरजुलुमबाट वा पक्राउबाट भाग्न उम्कन सकिदैन भन्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने वा जोरजुलुम गर्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छैन ।

१७. **क्षतिपूर्ति** : (१) अदालतले कसुरदारलाई भएको जरिबानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइनेछ ।

(३) उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम पाउने पीडितको नाबालक छोराछोरी र आश्रित बाबुआमा नभएमा त्यस्तो रकम दफा १४ बमोजिमको पुनर्स्थापन कोषमा जम्मा गर्नु पर्नेछ ।

**परिच्छेद-५**

**विविध**

१८. **सम्पत्ति जफत हुने** : (१) कसैले यस ऐन अन्तर्गतको कसुरबाट कुनै चल-अचल सम्पत्ति प्राप्त गरेको रहेछ भने त्यस्तो

सबै सम्पत्ति जफत हुनेछ ।

(२) कसैले यस ऐन अन्तर्गतको कसुर मानिने कार्य गर्न वा गराउनको लागि आफ्नो घर, जग्गा वा सवारी साधन जानी-जानी प्रयोग गरेको वा प्रयोग गर्न दिएको प्रमाणित भएमा त्यस्तो घर, जग्गा वा सवारी साधन जफत हुनेछ ।

**१९. पुरस्कार** : (१) यस ऐन अन्तर्गत कसुर मानिने कुनै कार्य गरेको वा गर्न लागेको छ भन्ने कुराको सूचना कसैले दिएको आधारमा कसैलाई उद्धार गरिएमा वा त्यस्तो कार्यमा संलग्न व्यक्ति पक्राउ परेमा त्यस्तो सूचना दिने व्यक्तिलाई दफा १५ बमोजिम भएको जरिवानाको दश प्रतिशत बराबरको रकम पुरस्कार स्वरुप दफा १४ बमोजिमको पुनर्स्थापन कोषबाट प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिने व्यक्ति एक जनाभन्दा बढी भएमा निजहरूलाई त्यस्तो रकम दामासाहीको दरले दिइनेछ ।

**२०. सुराकीको विवरण गोप्य राख्नु पर्ने** : दफा १९ को उपदफा (१) बमोजिमँ सूचना दिने सुराकीको नाम, ठेगाना र निजबाट प्राप्त सूचनाको विवरण गोप्य राख्नु पर्नेछ ।

**२१. सजायको माग दाबीमा छुट** : (१) यस ऐन बमोजिमको कसुर गरेको भनी अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको कसुर स्वीकार गरी सो कसुरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकिल वा अदालतलाई सघाउ पुऱ्याएको र निजले पहिलो पटक कसुर गरेको रहेछ भने त्यस्तो कसुरमा अदालतले सजाय तोक्दा निजलाई हुने सजायको बढीमा पच्चीस प्रतिशतसम्म सजाय छुट दिन सक्नेछ ।

तर, निजले गरेको सहयोग अन्य सबुद प्रमाणबाट प्रमाणित नभएमा वा निजले प्रहरी वा सरकारी वकिललाई गरेको सहयोग प्रतिकूल हुने गरी अदालत समक्ष बयान दिएमा यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि निज उपर पुनः मुद्दा दायर गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा यस दफा बमोजिम सजायको माग दाबीमा छुट दिन सकिने छैन :-

(क) मुख्य अभियुक्तलाई सजायको माग दाबी छुट दिन,

(ख) बालबालिका बेचबिखन वा ओसारपसार गरेकोमा,

(ग) एकपटक सजाय छुटको सुविधा पाइसकेको ।

**२२. दाबी गर्न सक्ने** : यस ऐन बमोजिमको कसुरमा अदालतमा मुद्दा दर्ता गर्दाका बखत सम्बन्धित सरकारी वकिलले अभियुक्तले नैतिक पतन देखिने फौजदारी कसुर गरेको हो भनी दाबी लिन सक्नेछ ।

**२३. समिति गठन गर्न सक्ने** : (१) यस ऐन बमोजिमको कसुर नियन्त्रण गर्ने तथा पीडितलाई पुर्नस्थापना गर्ने सम्वन्धी कार्यमा सरकारी निकाय तथा गैरसरकारी संस्थाबीच समन्वय समेत गर्नका लागि तोकिए बमोजिम नेपाल सरकारले एक राष्ट्रिय समिति र आवश्यकता अनुसार जिल्ला समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२४. बाधा विरोध गर्नेलाई सजाय हुने** : कसैले यस ऐन अन्तर्गतको कसुरको अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाहीमा बाधा विरोध गरेमा निजलाई दस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

**२५. प्रचार प्रसार गर्न नहुने** : (१) कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्वीर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिम नाम, तस्वीर, विवरण छाप्ने वा प्रचार प्रसार गर्ने व्यक्तिलाई दश हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

**२६. सुरक्षाको व्यवस्था** : दफा ५ बमोजिम उजुर गर्ने व्यक्तिले आफूले प्रहरीमा उजुर गरेको कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रूपमा गरेको बकपत्रको आधारमा कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न सक्ने मनासिब कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई देहाय बमोजिमको कुनै वा सबै व्यवस्था गरिदिनु पर्नेछ :

(क) मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालत आउँदा-जाँदा सुरक्षा दिने,

(ख) निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने,

(ग) केन्द्रमा राख्ने ।

**२७. बन्द इजलासमा कारबाही हुने** : (१) यस ऐन अन्तर्गतको कसुर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा कारबाही तथा सुनुवाई हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानुन व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

**२८. सरकारवादी हुने** : यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

**२९. नियम बनाउने अधिकार** : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

**३०. खारेजी र बचाउ** : (१) जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको ऐन अन्तर्गत भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेका मानिनेछन् ।

प्रमाणीकरण मिति : २०६४/४/८

पारित मिति : २०६४/४/२

# एटविन गतिविधि

## पत्रकार सम्मेलन

२०६४ सालमा अन्तरिम प्रतिनिधिसभाबाट 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४' पारित भएको व्यहोरा अवगत भएकै विषय हो । एटविनले बिगतदेखि राख्दै आएको तर ऐनले नसमेटिएका धारणा पैरवी गर्ने निर्णयका साथ नयाँ ऐनको स्वागत गर्दै नसमेटिएका धारणा सार्वजनिक गर्न २०६४ साउन २२ गते नेपाल पत्रकार महासंघमा पत्रकार सम्मेलनको आयोजना गरेर प्रेस विज्ञप्ति प्रकाशित गरेको थियो ।

## मानव बेचबिखनविरुद्ध अन्तरक्रिया कार्यक्रम

बदलिँदो परिस्थितिमा मानव बेचबिखनविरुद्ध अपनाउन सकिने उपायहरू विषयक अन्तरक्रियाको आयोजना २०६३ साउन ३० गते काठमाडौंमा गरियो । संयुक्त राष्ट्र संघ मानवअधिकार उच्च आयुक्त कार्यालयका मानव बेचबिखनविरुद्धका सल्लाहकारको नेपाल भ्रमणका क्रममा सो कार्यक्रम आयोजना गरिएको थियो ।

मानव बेचबिखनको बदलिँदो परिस्थितिबारे संयुक्त राष्ट्र संघसमक्ष जानकारी पुऱ्याउने, मानव बेचबिखनविरुद्ध सरोकारका विषयमा संयुक्त राष्ट्र संघको ध्यानाकर्षण गर्ने तथा अनुभव आदान-प्रदान गर्ने उद्देश्यले मानव बेचबिखनविरुद्धको राष्ट्रिय कार्यदल र गैरसरकारी संस्थाबीच कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रम महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, ओरेक नेपाल र एटविनको संयुक्त आयोजनामा सम्पन्न गरिएको थियो ।

## राष्ट्रिय परामर्श गोष्ठी

बदलिदो राजनीतिक परिवेशमा मानव बेचबिखन तथा ओसारपसार रोकथामको लागि राज्यको दायित्व विषयक राष्ट्रिय परामर्श गोष्ठी गत २०६३ पुस ८ र ९ मा ललितपुरमा सम्पन्न भयो । ओरेक, एटविन, स्थानीय विकास मन्त्रालय र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको संयुक्त आयोजनामा जिल्ला कार्यदलहरूका सहभागितामा सो कार्यक्रम सम्पन्न भएको थियो ।

## बेचबिखनबाट प्रभावितहरूको न्यायमा पहुँच कार्यशाला

बेचबिखनका प्रभावितहरूको न्यायमा पहुँच विषयक तीन दिने कार्यशाला गोष्ठी गत चैत २०६३ मा GAATW, ओरेक तथा एटविनको सह-आयोजकत्वमा सम्पन्न गरियो ।

## जनसार्क मञ्च

जनसार्क २००७ गत चैत २०६३ मा आयोजना गरियो । कार्यक्रमको अन्तिम दिने एटविन तथा सिविनको विशेष पहलमा ग्लोबल मार्चसँगको सहआयोजनामा मानव बेचबिखनविरुद्धको ऱ्यालीको आयोजना गरियो ।

## सचिवालय हस्तान्तरण


हरेक दुई-दुई वर्षमा एटविनका गतिविधिहरूको संयोजन र सचिवालय संचालनको जिम्मेवारी हस्तान्तरण हुने प्रावधानअनुसार नारी सीप सिर्जना केन्द्र मकवानपुरमा रहेको सचिवालयको जिम्मेवारी फेब्रुअरी ९, २००७ देखि २ वर्षका लागि ग्रामीण महिला सिर्जनशील परिवार, सिन्धुपालचोकलाई हस्तान्तरण गरियो ।

एटविनका पूर्व संयोजकहरूलाई एटविन सचिवालयमा आयोजित कार्यक्रममा सम्मान-पत्र प्रदान गरियो ।

# हामी सक्छौँ अभियान

## हामी सक्छौँ अभियान राष्ट्रिय कार्यशाला

महिला हिंसाको अन्त्य गर्न हामी सक्छौँ अभियानद्वारा गत असोज ८ गते २ दिने समीक्षा गोष्ठी आयोजना गरियो । ललितपुरमा आयोजना गरिएको उक्त गोष्ठीमा हामी सक्छौँ अभियानसँग आवद्ध संजालहरू एटविन, महिला सुरक्षा दवाब समूहलगायत स्थानीय स्तरका संघ-संस्था, संचार क्षेत्र आदिको उपस्थिति रहेको थियो । गोष्ठीमा हामी सक्छौँ राष्ट्रिय सचिवालयको गठनलगायत आगामी दिनमा अभियानलाई कसरी संचालन गर्ने भन्ने विषयमा निष्कर्षहरू निकालिएको थियो ।



## क्षेत्रीय फलोअप बैठक

मिति २०६४ भदौ १७ गते, पोखरामा हामी सक्छौं अभियानको पश्चिमाञ्चल क्षेत्रीय बैठक सम्पन्न भयो । बैटकमा एटविन अध्यक्ष देवी अधिकारीको सहभागिता रहेको थियो । बैठकमा अहिलेसम्म महिला हिंसाविरुद्धको गतिविधि तथा कार्यक्रमहरूमाथि छलफल तथा आगामी दिनहरूमा यस अभियानलाई अझ प्रभावकारी रूपमा लैजानका लागि कार्ययोजना बनाइयो । कार्यक्रमको संयोजन संजाल संयोजक संस्था कोपिला नेपालले गरेको थियो ।

## कालो पहिरनमा नागरिक

एटविनको एक प्रभावकारी कार्यक्रमको रूपमा रहँदै आएको छ । हामी सक्छौं अभियान अन्तर्गत कालो पहिरनमा नागरिक कार्यक्रमलाई निरन्तरता दिइएको छ । कालो पहिरनमा नागरिक हरेक अङ्ग्रेजी महिनाको अन्तिम शुक्रबार गर्ने गरेको तथा यस वर्षदेखि भिन्न तरिकाले प्रस्तुत गर्ने उद्देश्यले सडक नाटकको पनि प्रस्तुति गरियो । महिला हिंसाविरुद्धको चेतनामूलक होर्डिङ बोर्डको बिजुलीबजार तथा भक्तपुरको लोकन्थलीमा स्थापना गरियो ।



९७ औं महिला दिवस गत ८ मार्चमा सम्पन्न गरियो । हामी सक्छौं अभियानको तर्फबाट महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा अन्य विभिन्न संघ संस्थाहरूको संयुक्त आयोजना चेतनामूलक सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो ।

# परिवर्तनका सम्बाहककहरुको सम्मेलन



*सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्दै नेपाली विद्यार्थी*

मिति २००६ मार्च ६.देखि ८ सम्म श्रीलङ्काको राजधानी कोलोम्बोमा परिवर्तनका संबाहकहरुको दक्षिण एसियाली भेला आयोजना गरियो । सो भेलामा नेपालका तर्फबाट सहभागी ८० जनाको समूहमा एटविनका तर्फबाट कार्यक्रम संयोजक विमला ज्ञवाली, एटविन सदस्य संस्था टेका समूह नेपालबाट अनिल अधिकारी, सिविसबाट दिपक निरौला र नारी शिप श्रृजना केन्द्रवाट विष्णु ओझाको सहभागिता रहेको थियो । उक्त क्षेत्रीय कार्यक्रममा १६ दिने हस्ताक्षर संकलन अभियानको उपलब्धिका रूपमा हस्ताक्षर संकलित कपडा प्रदर्शन गरिएको थियो ।

## चित्र आफैं बोल्छ



# एटविन सदस्य संस्थाहरूको नामावली

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
टेलिफोन नं. : ४२७०७७०, ४२७८७७०
फयाक्स नं. : ४२७०५५१
ईमेल : insec@insec.org.np
वेभ : www.inseconline.org
पोष्ट वक्स नं. : २७२६
कार्यरत जिल्ला : पाँच विकास क्षेत्र (४५)
विषय : मानवअधिकार तथा मानवअधिकार शिक्षा, सीमान्तीकृत समुदायको अधिकार, अर्न्तराष्ट्रिय मानवअधिकार सम्बन्धी सन्धिहरुको कार्यन्वयन, शान्ति शिक्षा, प्रजातन्त्र अभ्यासको सम्वर्धन

**ग्रामीण पुर्ननिमार्ण संस्था (आर. आर. एन)**
टेलिफोन नं. : ४४१५४१८ , ४४८६१७७
फयाक्स नं. : ४४१८२९६
ईमेल : rrn@rrn.org.np
वेभ : www.rrn.org.np
पोष्ट वक्स नं. : ८१३०
कार्यरत जिल्ला : पाँच विकास क्षेत्र (१९)
विषय : गरिबी निवारण, जन–सशक्तिकरण, सामाजिक रुपान्तरण, द्वन्द्व व्यवस्थापन लगायत मानवअधिकार तथा शान्ति स्थापना

**नेपाल बालमजदूर सरोकार केन्द्र (सिविन)**
टेलिफोन नं. : ४२८२२५५, ४३१०००२
फयाक्स नं. : ४२७८०१६
ईमेल : cwin@mos.com.np
वेभ : www.cwin.org.np
पोष्ट वक्स नं. : ४३७४
कार्यरत जिल्ला : पाँच विकास क्षेत्र (३२)
विषय : बाल अधिकार (संरक्षण, सम्बर्द्धन तथा पैरवी)

**महिला पुर्नस्थापना केन्द्र (ओरेक)**
टेलिफोन नं. : २१२३१२४, २१२३१३६
फयाक्स नं. : ५००६२७१
ईमेल : worec@wlink.com.np
वेभ : www.worecnepal.org
पोष्ट वक्स नं. : १३२३३
कार्यरत जिल्ला : मोरङ्ग, सुनसरी, उदयपुर, सिराह, धनुषा, दांङ्ग, मुस्ताङ्ग, काठमाडौं, ललितपुर
विषय : मानव बेचबिखन, मानवअधिकार, सुरक्षित स्थान( ागमन, महिलाविरुद्ध हिंसा, महिला अधिकार तथा स्वास्थ्य, बाल अधिकार तथा हेरचाह केन्द्र, अनौपचारिक शिक्षा

**समाज सेवा तथा मानवअधिकारमा महिला तथा बालबालिका (सिविस)**
टेलिफोन नं. : ४४७४६४५,२०६१२१९
फयाक्स नं. : ४४७४६४५,४४७९९६५
ईमेल : cwish@wlink.com.np
वेभ : www.cwish.org.np
पोष्ट वक्स नं. : २१४३३
कार्यरत जिल्ला : नवलपरासी, काठमाडौं, ललितपुर
विषय : बालश्रामिक तथा लैङ्गिक समानता

**यातनापीडित सरोकार केन्द्र (सिभिक्ट)**
टेलिफोन नं. : ४३७३९०२ , ४३७३४८६
फयाक्स नं. : ४३७३०२०
ईमेल : cvict@cvict.org.np
वेभ : www.cvivt.org.np
पोष्ट वक्स नं. : ५८३९
कार्यरत जिल्ला : पाँच विकास क्षेत्र (३१)
विषय : यातना तथा द्वन्द्व प्रभावित बालबालिका

**परिवर्तनका लागि कार्यरत महिला समूह (वाच)**
टेलिफोन नं. : ४४९२६४४, ४४९०७६५
फयाक्स नं. : ४४९४६५३
ईमेल : watchftp@wlink.com.np
वेभ : www.watch.org.np
पोष्ट वक्स नं. : ११३२१
कार्यरत जिल्ला : रुपन्देही, कपिलवस्तु, नवलपरासी, मकवानपुर, ओखलढुंङ्गा, काठमाडौं, ललितपुर
विषय : महिला अधिकार, संविधानसभमामा ग्रामीण महिलाको सहभागिता, एचआएभी/एड्स, स्वास्थ्य, बालिका शिक्षा, आयआर्जन, गैसस क्षमता अभिवृद्धि

**महिला विकास स्वरोजगार प्रक्षिशण केन्द्र**
टेलिफोन नं. : ४२५२०१४, ९८५१०४७६२५
फयाक्स नं. : ४४१५८८६
ईमेल : wdsetc@wlink.com.np
पोष्ट वक्स नं. : २४५३
कार्यरत जिल्ला : मोरङ्ग, झापा, काठमाडौं
विषय : चेतनामूलक, आय तथा सीपमूलक, अनौपचारिक शिक्षा

**महिला आत्म निर्भरता केन्द्र (मान्क)**
टेलिफोन नं. : ०१-६२२२०९६
ईमेल : mank@hons.com.np
पोष्ट वक्स नं. : २१०८०
कार्यरत जिल्ला : सिन्धुपालचोक
विषय : मानव बेचबिखन, राजनीतिमा महिला तथा महिला स्वास्थ्य

**एशियाली महिला मानव अधिकार परिषद् (ए.डब्लु.एच.आर.सी)**
टेलिफोन नं. : ४२७५७३२
ईमेल : nepalawhrc@yahoo.com
पोष्ट वक्स नं. : १२७७१
कार्यरत जिल्ला : नेपाल, क्षेत्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा

विषय : मानव बेचबिखन

**इन्हुरेड ईन्टरन्यासनल**

टेलिफोन नं. : ५५३१८९६
फयाक्स नं. : ५५४७६१६
ईमेल : gopalnepal@mail.com
पोष्ट वक्स नं. : ५४४६
कार्यरत जिल्ला : पाँच विकास क्षेत्र
विषय : मानवअधिकार

**महिला हित समाज**

टेलिफोन नं. : ४४९९९५२, २०७२०३०
ईमेल : anwa@anwa.org.np
पोष्ट वक्स नं. : ८३३७
कार्यरत जिल्ला : नेपाल अधिराज्य
विषय : महिला अधिकार

**शक्ति समुह**

टेलिफोन नं. : ४४९४८१५
ईमेल : shakti@samuha.wlink.com.np
वेभ : www.shaktisamuha.org
पोष्ट वक्स नं. : १९४८८
कार्यरत जिल्ला : मकवानपुर, रौतहट, बारा, सिन्धुपालचोक, नुवाकोट, कास्की, काठमाडौं
विषय : मानव बेचबिखन, मानव बेचबिखनबाट प्रभावितलाई संगठित तथा सशक्तिकरण, पुर्नस्थापना तथा पुनर्एकीकरण, उद्धार, आकस्मिक गृह, शिक्षा

**नवज्योति केन्द्र**

टेलिफोन नं. : ४४१९९६५
ईमेल : navajyoti@nvj.wlink.com.np
पोष्ट वक्स नं. : ३६७५
कार्यरत जिल्ला : धरान, सुर्खेत, काठमाडौं
विषय : महिलाहरुलाई शसक्तिकरण तथा जिविकोपार्जन सम्वन्धी तालिम, मन्दबुद्धि बालबालिकाकालागि विद्यालय, स्वास्थ्य

**नारी सीप सिर्जना केन्द्र (ओस)**

टेलिफोन नं. : ०५७ ५२५११५ , ५२४२२१
ईमेल : woscc@ntc.net.np
हैटौडा-४, मित्रनगर, मकवानपुर
कार्यरत जिल्ला : मकवानपुर, बारा, पर्सा, रौतहट, चितवन र सिन्धुली
विषय : महिला हिंसा, नेतृत्व विकास तालिमहरु, महिला तथा किशोर किशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्य, प्रारम्भिक बाल विकास कार्यक्रम, मानव बेचबिखन

**हिमालयन ह्युमन राइटस मोनिटर्स (हिमराइट्स)**

टेलिफोन नं. : ५५२००५४
फयाक्स नं. : ५५२००४२
ईमेल : himrights@wlink.com.np
वेभ : www.himrights.org
पोष्ट वक्स नं. : ४६९०
कार्यरत जिल्ला : मकवानपुर, बारा, रौतहट,
विषय : मानवअधिकार, मानव बेचबिखन तथा सुरक्षित स्थानागमन, बाल जन्मदर्ता, सुशासन, महिला अधिकार, बाल अधिकार, युवा

**ग्रामीण महिला सिर्जनशील परिवार**

टेलिफोन नं. : ६२२५४२३
ईमेल : srijansil@gmail.com
कार्यरत जिल्ला : लामोसाँघु, सिन्धुपालचोक, सिन्धुपालचोक, दोलखा, काभ्रेपलाञ्चोक, रामेछाप
विषय : मानव बेचबिखन, आयमूलक तथा सीपमूलक कार्यक्रम, साक्षरता, बालबालिकालाई विद्यालय सहयोग, संविधानसभामा महिला तथा मानवअधिकार सचेतना

**महिला एकीकृत विकास केन्द्र**

टेलिफोन नं. : ०५३ ५१०१५ , ५५०२०४
ईमेल : widec@actmail.com.np
कार्यरत जिल्ला : बारा, रौतहट
विषय : मानव बेचबिखन, बाल विवाह, बाल शिक्षा, लैङ्गिक सचेतना

**टेका समूह नेपाल**

टेलिफोन नं. : ४४३१५६७
ईमेल : teka@wlink.com.np
वेभ : www.tekasamuhanepal.org
पोष्ट वक्स नं. : ७७२५
कार्यरत जिल्ला : काठमाडौं
विषय : महिला सशक्तिकरण, कानूनी सचेतना

**जागरण नेपाल**

टेलिफोन नं. : ४२१९४३९
फयाक्स : ४२४७२९७
ईमेल : info@jagarannepal.org
वेभ : www.jagarannepal.org
पोष्ट वक्स नं. : १९४८७
कार्यरत जिल्ला : कैलाली, कञ्चनपुर, बांके, बर्दिया, डोटी, डडेलधुरा, सुर्खेत, दैलेख, कास्की, तनहुँ, सिन्धुपालचोक, काभ्रे, मोरङ्ग, सुनसरी, खोटाङ्ग, रामेछाप, दोलखा, अछाम, बैतडी, रुकुम, हुम्ला, काठमाडौं, ललितपुर, भक्तपुर
विषय : राजनीतिमा संलग्न महिलाहरुको क्षमता अभिवृद्धि, संविधानसभाको लागि अभियान, बालिका शिक्षा, महिला शसक्तिकरण, द्वन्द्व प्रभावित महिला

**मकवानपुर महिला समूह**

टेलिफोन नं. : ०५७५२२८१४
ईमेल : mwg_htd@ntc.net.np
कार्यरत जिल्ला : हैटोडा, मकवानपुर
विषय : एच.आई.भि/एड्स तथा मानव बेचबिखन, एच.आई.भि.संक्रमित महिलाहरुलाई परामर्श, महिला हिंसाविरुद्ध, तालिम तथा पुर्नस्थापना

# एटविन गतिविधिका झलक




जनसार्कको अवसरमा मानव बेचबिखनविरुद्धको ऱ्याली



'हामी सक्छौं अभियान'को पश्चिमाञ्चल क्षेत्रीय संजालको अनुगमन बैठक




'कालो पहिरनमा नागरिक' कार्यक्रम




'कालो पहिरनमा नागरिक' कार्यक्रम




कोलम्बोमा सम्पन्न 'हामी सक्छौं अभियान' को क्षेत्रीय भेला



महिला हिंसाविरुद्ध सडक नाटक




*जनसार्कको अवसरमा मानव बेचबिखनसम्बन्धी सैद्धान्तिक बहसमा सहभागीहरू*



२०६४ को तीजमा चेतनामूलक कार्यक्रम

# एटविनका प्रकाशनहरू




**महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह-नेपाल**

पो.ब.नं. १००८६, बिजुली बजार, काठमाडौं

फोन/फ्याक्स : ९७७-१-४२४०७०९, ४२२९७८७

ईमेल : aatwin@wlink.com.np, वेब : www.aatwin.org